कन्या देवककी गईकन स्वयम् * माँगेर श्री भीष्मले
ल्याई गर्नुभयो बिहे विदुरको * राखी दया प्रेमले ।
केही वर्ष–पछी गए वनमहाँ * ती पाण्डु पत्नी लिई
लागे खेल्न शिकार घोर वनमा * ठूला शिकारी भई ।। ३० ।।
सोही जङ्गलमा कुनै मृग बनी * पत्नी लिई साथमा
डुल्थे क्वै ऋषिपुत्र भोग–रत भै * निःशङ्क आनन्दमा ।
हाने त्यै मृगलाइ तीक्ष्ण शरले * अज्ञानमा पाण्डुले
लागी त्यो शर, चोट खप्न नसकी * ती आत्तिए कष्टले ।। ३१ ।।
बोले क्रोधित भै ति–हे नरपते! * हूँ तुच्छ जन्तू तर
मार्दैनन् तिमि झैं सुविज्ञ नृपले * देखेर कामातुर ।
तस्मात् श्राप म दिन्छु जुन् समयमा * गर्छौ तिमीले रति
मर्नेछौ जसरी म मर्छु अहिले * उस्तै भई दुर्गति ।। ३२ ।।
यस्तो श्राप सुनेर खिन्न मनले * पाण्डू छिटै फर्किए
पाए श्राप जसो गरेर वनमा * विस्तार गर्दा भए ।
यो संवाद सुनेर बन्धु घरका * चिन्ता परी आत्तिए
जानी दैवगति प्रधान, मनमा * सन्तोष मानीलिए ।। ३३ ।।
सोधे शौनक आदि विज्ञ ऋषिले * हे सूत! भन्नोस् अब
छोरा श्री धृतराष्ट्रका कति भए? * भन्नूहवस् त्यो सब ।
बोले सूत बुझाइ बात क्रमले * श्री व्यास कोही दिन
पाल्नूभो धृतराष्ट्रको महलमा * गर्छू भनी भोजन।। ३४।।
गान्धारी रुजु भै गरिन् थरि थरि * श्री व्यासको चाकरी
बोले व्यास प्रसन्न भै वर तिमी * लौ माँग हे सुन्दरी !
माँगिन् स्वामि–समानका सय जना * छोरा तिनीले जब
इच्छा पूर्ण हुनेछ, जान्छु म भनी * फर्की गएथे तब।। ३५।।

जन्मेनन् सुत गर्भ धारण गरी * चौबीस मैह्ना बित्यो
डल्लो एक फलाम झैं अति कडा * आघातले जन्मियो।
आँटे फ्याँक्न रिसाइ पिण्ड सहसा * श्री व्यास पाल्नूभयो
रोकी झट्ट घडा मगाइ घृतका * लौ राख आज्ञा भयो।। ३६।।
राखेथे सयमाथि एक बढता * यौटा घडामा जल
चोभी त्यै जलमा ति पिण्ड मुनिले * पारीदिए निर्मल।
थाले काट्न स्वयम् बनाइ टुकुरा * त्यो पिण्डको ती मुनि
छोरीको पनि कल्पना गरिरहिन् * यौटी म पाऊँ भनी।। ३७।।
तिन्को भाव बुझेर एक बढि नै * टुक्रा मुनीले गरे
रक्षा गर्नु भनी समस्त घटमा * एकेक टुक्रा धरे।
सारा कार्य सकेर व्यास कुटिमा * सानन्द फर्की गए
मैह्ना चौबिसका पछी सय जना * छोरा त्यहीँ जन्मिए।। ३८।।
छोरी एक भइन् कनिष्ठ सबमा * श्री दुःशला नामकी
राखेथे धृतराष्ट्रले पछि स्वयम् * कन्या कुनै वैश्यकी।
यौटा पुत्र युयुत्सु नामक थिए * ती वैश्यपुत्री–तिर
दुर्योधन् जब जन्मियो अनि भयो * उत्पात चारैतिर।। ३९।।
रुन्थे कुक्कुर स्याल एकस्वरले * चिच्च्याउँथे ती स्वर
पानी खूब परी, हुरी पनि चली * ढाक्यो र चारैतिर।
आफैँ भीष्म तथा स्वयम् विदुरले * देखी नराम्रो स्थिति
सम्झाए धृतराष्ट्रलाइ दुइले * नीती सकेको जति।। ४०।।
राजन्! यो सुत जन्मँदा थरि–थरी * उत्पात जो देखियो
त्यागनैपर्छ कुपुत्र हो, न त पछी * संहार गर्नेछ यो।
नीती धर्म विचारका अरु कुरा * धेरै बुझाए तर
मानेनन् धृतराष्ट्रले सुत यसै * सक्नेछ को त्याग्न र।। ४१।।

राजा पाण्डु भए विरक्त वनमा * गर्छू तपस्या भनी
वानप्रस्थ लिएर अग्नि–सँगमा * सानन्द निस्के तिनी।
पौँचे ती शतशृंग पर्वतविषे * थाले तपस्या अनि
माद्री कुन्ति दुवै रहेर नृपको * गर्थे ति सेवा पनि।। ४२।।
केही काल–पछी भने नृपतिले * सानन्द कुन्तीकन
क्वै सन्तान भएन पितृ–ऋण त्यो * तिर्ने कसोरी भन?
डाकी योग्य सुपात्र ब्राह्मण कुनै * साध्वी तिमीले अब
जन्माई सुत वंशको गर छिटै * रक्षा खुशीले सब।। ४३।।
नीती धर्म र शास्त्रको मत पनी * भन्छू विचारीकन
यस्मा छैन अधर्म पाप पनि क्यै * आज्ञा छ मेरो, सुन।
स्वामीको सुनि यो कुरा सुमुखिले * सन्तोष मानिन् अनि
जोरी हात दुवै भनिन् विनयले * हे नाथ! सुन्नोस् भनी।। ४४।।
हो यो पाप अधर्म निन्द्य अति नै * स्त्री जातिका खातिर
आज्ञा मान्नु हजूरको पनि ठुलो * कर्तव्य मेरो छ र।
यौटा युक्ति म भन्दछू हजुरले * मान्नूभए त्यो कुरा
इच्छा पूर्ण हुनेछ हामिहरुको * सन्तान पाई पुरा।। ४५।।
दुर्वासा मुनिबाट प्राप्त वरले * इच्छा गरेकै घरि
सक्छू डाक्न म देवताकन कुनै * उन्कै कृपाले गरी।
आज्ञा होस् कुन देवताकन गरूँ * हे नाथ ! आवाहन
कुन्तीको सुनि बात शीघ्र नृपती * बोले बुझाईकन।। ४६।।
पैह्ले डाक सहर्ष धर्मकन लौ * सन्तानका खातिर
रक्षा गर्न स्वधर्मको र कुलको * होऊ शुभे तत्पर।
आज्ञाले पतिको गरिन् सुमुखिले * आह्वान श्री धर्मको
आए धर्म सहर्ष मन्त्र–बलले * ती तानिदै कुन्तिको।। ४७।।

तिन्को भाव बुझी समागम गरी * श्रीधर्म फर्की गए
पूरा भो दिन ती युधिष्ठिर गुणी * धर्माशले जन्मिए।
होला बालक सत्यपालक ठुलो * कीर्ती फिजाईलिने
इच्छा पूर्ण हुनेछ, यो सकलले * आकाशवाणी सुने।। ४८।।
कुन्तीलाइ भने छिटै गर तिमी * आह्वान श्री वायुको
होला पुत्र प्रधान वीर बलियो * रक्षार्थ यो वंशको।
कुन्तीले पतिको हुकूम् सुनि गरिन् * मन्त्रेर आवाहन
आई वायु, गए समागम गरी * तत्काल फर्कीकन।। ४९।।
मैह्ना पूर्ण भएर भीम बलवान् * पैदा भएकै घरि
आयो बाघ ठुलो उसै बखतमा * मार्ने इरादा धरी।
मारे त्यस्कन पाण्डुले, तर पृथा * उठ्दा डराईकन
काखैबाट लडेर भीम भुमिमा * पच्छारिएथे जुन।। ५०।।
तिन्को चोट परेर चूर्ण हुनगो * ठूलो कुनै पत्थर
राजा रानि परेर छक्क, शिशुको * रक्षा गरे सादर।
होला यो सुत श्रेष्ठ वीर बलियो * आकाशवाणी भयो
कुन्तीको, नृपको पनी हृदयको * सन्ताप सारा गयो।। ५१।।
अर्को एक सुपुत्रको पनि भयो * इच्छा ति पाण्डूकन
सम्झी सादर इन्द्रलाइ तपको * बाँधीलिए आसन।
गर्दामा तप एक वर्ष नृपले * संकष्ट खप्दै त्यहाँ
आई इन्द्र भने बताउ नृपते ! * इच्छा छ के मन्महाँ।। ५२।।
यौटा पुत्र हजूर झैँ दिनुहवस् * तिन्ले भनेथे जब
बोले इन्द्र हुनेछ पुत्र तिमिले * इच्छा गरे झैँ अब।
कुन्तीले सुनि त्यो कुरा जब गरिन् * सानन्द आवाहन
आई इन्द्र गरे समागम स्वयम् * जन्मे बली अर्जुन।। ५३।।

तिन्को जन्म हुँदा अनेक थरिका * बाजा बजे स्वर्गमा
लावा पुष्प अबीर वर्षण गरे * द्यौता परी हर्षमा।
गर्दै गर्जन मेघ झैँ अनि ठुलो * आकाशवाणी भयो
तेजस्वी शिवकै समान बलियो * होला ठुलो वीर यो।। ५४।।
तिम्रो कीर्ति बढाउनेछ कुलको * यो पुत्र हे भूपति!
होला भूप सबै जिती पृथिविका * वैरी र राजा जति।
बस्थे जो कुटिमा वरीपरि सबै * ज्ञानी तपी औ मुनि
वाणी अमृत झैँ सुनी खुशि भए * राजा र रानी पनि ।। ५५।।
बोले भूपति क्यै दया गर शुभे! * माद्री भइन् दु:खिनी
राजाको बुझि भाव शुद्ध मनले * बोल्दी भइन् भामिनी।
इच्छा पूर्ण हुनेछ मन्त्र–बलमा * विश्वास मानीकन
हे माद्री ! गर देवता तिमि कुनै * सम्झेर आवाहन।। ५६।।
कुन्तीको सुनि बात अश्विनिकुमार् * लाई गरिन् सम्झना
जम्ल्याहा सुत जन्मिए सुमुखिका * त्यस्तै थियो कामना।
कान्छाको सहदेव ती नकुल नाम् * राखीदिए ज्येष्ठको
पाई ती दुइ पुत्र कष्ट मनको * सारा गयो माद्रिको।। ५७।।
भेजेका वसुदेवले सकल ती * सामग्रिका साथमा
ज्ञानी कश्यपले गरे विधिसहित् * संस्कार त्यै स्थानमा।
राजा पाण्डु बसी सदा तप त्यहीँ * गर्थे तपस्वी बनी
माद्री कुन्ति बसेर चाकरि सदा * गर्थे खुशीले अनि।। ५८।।
उत्पत्ती कुरुको र पाण्डु–कुलको * संक्षेपमा वर्णन
गर्थे सूत गुणी र शौनकहरू * सुन्थे खुशी भैकन।
केही काल बित्यो यही किसिमले, * सानन्द कोही दिन
राजा पाण्डु बसे गरी स्फटिकको * राम्रो शिला-आसन।। ५९।।

चारैतर्फ थियो वसन्त ऋतुको * सौन्दर्य सोही घरि
माद्री भूपतिको बसेर नगिचै * गर्दै थिइन् चाकरी ।
बिर्से श्राप ति विप्रको नृपतिले * आफ्नू हुने दुर्गति
माद्री का सँग भोगमा रत हुना– * साथै मरे भूपति ।। ६० ।।
लागे गर्न विलाप पत्नि दुइले * रोई कराईकन
सम्झाए कुटिका छिमेकि सबले * क्यै शान्त पारे मन ।
कुन्तीलाइ गरी प्रणाम; करमा * सुम्पेर छोरा पनि
माद्री भूपतिका सँगै सति गइन् * अत्यन्त दुःखी बनी ।। ६१ ।।
सुन्दा मृत्यु नरेशको ऋषि–मुनी * सन्तप्त सारा थिए
ज्ञानी कश्यपले क्रिया सुतहरू– * द्वारा गराईदिए ।
कुन्तीका सँग पाँच पाण्डवहरू * सारा लिई साथमा
सुम्पेथे धृतराष्ट्रको विदुरको * श्री भीष्मको हातमा ।। ६२ ।।
रानी सत्यवती बुहारिहरु ती * वन्मा तपस्या गरी
पाइन् मोक्ष र स्वर्गका सुखहरू * मृत्यू भएकै घरि ।
छोरा पाँच भए कसो गरि भनी * सोधे सबैले जब
कुन्तीले जसरी भए सुतहरू * सारा बताइन् तब ।। ६३ ।।
पाले पाण्डवलाइ राम्ररि सबै * हुन् यी टुहूरा भनी
केही वर्षपछी युवा हुन गए * ती पाँच भाई पनि ।
पाञ्चालीकन त्यो स्वयंवर हुँदा * ल्याए जिती पार्थले
पाँचै भाइ मिली बिहे गरिलिए * आज्ञा दिइन् कुन्तिले ।। ६४ ।।
पैह्लो जन्मविषे ठुलो तप गरिन् * ती द्रौपदीले जब
आज्ञा भो वरदान माँग खुशिले * प्रत्यक्ष आई शिव ।
तिन्ले पाँचपटक् पती दिनुहवस् * यस्तो भनेकी थिइन्
सोही कारण पाँच भाइहरुकी * ती एक पत्नी भइन् ।। ६५ ।।

पाँचै भाइ ति पाण्डुका तनयको * एकेक छोरा भए
द्रौणीका रिसमा परी समरमा * ती पाँच नै मारिए।
आधा भाग गराइ राज्य नृपले * सानन्द बाँडीदिए
पाएथे जब राज्य पाण्डवहरू * अत्यन्त खूशी भए।। ६६।।
धेरै भूपहरू जिती पृथिविका * ल्याएर धेरै धन
गर्थे पाण्डव राजसूय मखको * निर्विघ्न आयोजन।
छोरा ती धृतराष्ट्रका सकलमा * जेठा सुयोधन् थिए
देखी पाण्डवको प्रभाव बलियो * ईर्ष्या मनैमा लिए ।। ६७।।
खोस्ने सम्पति पाण्डुका तनयको * चाँडै कसोरी भनी
सल्लाहा सजिलो दिए शकुनिले * ठूलो हितैषी बनी।
जूवामा छलले ति पाण्डुसुतको * सम्पत्ति खोसी लिए
दुर्योधन् प्रण गर्नुपर्दछ कुनै * यो बात भन्दै थिए।। ६८।।
बस्नूपर्दछ बाह्र वर्ष वनमा * जो हार्छ उस्ले भनी
काट्नू गुप्त रहेर वर्ष दिन ती * बाँधे प्रतिज्ञा पनि।
आफ्नू राज्य लिनू पुऱ्याइ प्रण त्यो * आएर फिर्ता भनी
यस्तो राखि कबोल त्यो बखतमा * खेले जुआडे बनी।। ६९।।
पासा जो छलको थियो कपटको * जित्ने सदा कौरव
जूआमा धन सम्पती सब छिटै * हार्दा भए पाण्डव।
पाँचै भाइ र द्रौपदी वन पसे * माँग्ने सरीका बनी
काटेथे पछि बाह्र वर्ष वनमा * हाऱ्यौँ प्रतिज्ञा भनी।। ७०।।
फेरी गुप्त भई विराट नृपका * घर्मा बसे वर्ष दिन्
पूरा पारि जसै भए प्रकट ती * खूशी भए बन्धु जन्।
आए भेट्न भनी प्रसन्न मनले * आफैँ सुभद्रा–सुत
उन्को भूपतिले बिहे गरिदिए * आफ्नी ति कन्यासित।। ७१ ।।

जूआको प्रण पूर्ण भो अब भनी * पाँचै जना पाण्डव
माँगे राज्य र, दिन्नँ क्यै पनि भनी * गर्जे सबै कौरव।
सल्लाहा हरिको ति धर्मसुतले * माँगीलिएथे जब
लड्नै पर्छ भनेर सम्मति मिल्यो * श्री कृष्णजीको तब।। ७२।।

आए मद्दत गर्न सृञ्जय तथा * पाञ्चालका भूपति
पैँचे सैन्य लिएर मत्स्यपतिका * योद्धा कती हो कति।
गर्ने मद्दत पाण्डुका तनयको * राजाहरू जो थिए
तिन्को सैन्य तथा प्रभाव सबले * देखेर खूशी भए।। ७३।।

भीष्म, द्रोण र कर्णको भर परी * ती वीर दुर्योधन
आफूतर्फ मिलाइ भूपतिहरू * संग्राम गर्नाकन।
आएथे कुरुक्षेत्रमा सब त्यहीँ * जम्मा भए सैनिक
ठूलो युद्ध भयो अठार दिनको * त्यो घोर संहारक।। ७४।।

दाजू भाइ र पुत्र मित्र नृपती * सारा मरेथे अनि
ती दुर्योधन भीमको हुन गयो * संग्राम् गदाको पनि।
तिघ्रा भाँचिदिए सुयोधनजिको * हानी गदा भीमले
भूमीमा सहसा ढले नरपती * निक्कै ठुलो चोटले।। ७५।।

ढोग्थे भूपहरू किरीट पदमा * न्यूराइ जुन् वीरको
धूलोमा ति ढले अनाथ सरि भै * बस्थे त्यहाँ व्यक्ति को?
देखी दुर्गति त्यो सुयोधनजिको * द्रौणी रिसाईकन
मार्छू पाण्डवलाइ आज म भनी * तिन्ले गरेथे प्रण।। ७६।।

सुत्थे द्रौपदि–पुत्र जुन् शिविरमा * राती पुगेथे तिनी
मारे पाण्डव हुन् भनेर निशिमै * अत्यन्त पापी बनी।
पाँचोटा शिशुका लिई शिर पुगे * चाँडै सुयोधन्‌कहाँ
ल्याएँ पाण्डव पाँचको शिर भनी * राखी अगाडीमहाँ।। ७७।।

ती दुर्योधन खूब हर्षित भए * मारे भनी पाण्डव
हेर्दामा शिर पाँच जानि शिशुको * झन् दुःख माने तब।
सारा कौरवको र पाण्डु–सुतको * वंशै बिलायो भनी
बर्ता शोक बढेर मूर्च्छित भए * सन्ताप मान्दै तिनी।। ७८।।
एकैपल्ट हुनेछ हर्ष–सहितै * विष्मात बर्ता जब
पाएथे ऋषिबाट श्राप त्यहि नै * देखा परेथ्यो अब।
उन्को मृत्यु भयो त्यसै बखतमा * त्यो श्राप पूरा भयो
मुर्दा देह अनाथ झैँ जमिनमा * ती भूपको तेर्सियो।। ७९।।
छोरा जो अभिमन्यु ती विजयका * पैदा भएका थिए
तिन्लाई सबले मिलेर रणमा * घेरेर मारीदिए।
गर्छू वंश समाप्त पाण्डुसुतको * भन्दै रिसाईकन
द्रौणीले शिशु गर्भकै उपरमा * ब्रह्मास्त्र छोडीकन।। ८०।।
मारेथे, अभिमन्युको सुत थियो * जो शेष त्यो वंशको
रक्षा गर्नुभयो पसी उदरमै * श्री कृष्णले बाल त्यो।
जन्मी पुत्र त्यही परीक्षित भनी * प्रख्यात भै लोकमा
रैती राजि गरी सुशासन गरे * उन्ले सबै राज्यमा।। ८१।।
बस्थे ती धृतराष्ट्र तापित भई * सम्झेर छोराकन
तिन्को आदरले युधिष्ठिरजिले * सेवा गरे दिन्–दिन।
घोच्ने बात गरेर भीम दिनहूँ * तिन्लाइ भन्थे अनि
तिन्का वाण सरी तिखा वचनले * बस्थे दुखी भै तिनी।।८२।।
वानप्रस्थ लिएर अन्ध नृपती * सानन्द वन्मा गए
शान्ती दिन्छु भनी युधिष्ठिर स्वयम् * खोजेर पुग्दा भए।
त्यागे प्राण त्यहीँ दुखी विदुरले * सन्तापिए कौरव
सम्झाए पुगि व्यासले पृथिविमा * जन्मेर मर्छन् सब।। ८३।।

गान्धारी, धृतराष्ट्र, कुन्ति सबले * त्यो देह त्यागीदिए
तिन्को अन्तिम कर्म पाण्डुसुतले * एकेक गर्दा भए।
भोगे छत्तिस वर्ष राज्य—सुख त्यो * श्री पाण्डुका पुत्रले
रैती राजि थिए, सुखै—सुख थियो * बस्थे ति आनन्दले।। ८४।।
दुर्वासा ऋषिबाट श्राप बलियो * पाए जसै यादव
ठूलो युद्ध भई प्रभास—तटमा * सारा मरेथे तब।
सारा बन्धु मरे उपस्थित छँदै * श्री कृष्णका सामुमा
त्याग्नूभो तन कृष्णले पनि स्वयम् * दुःखी भई चित्तमा।। ८५।।
हेरे अर्जुनले प्रभास—तटको * संहार आफैँ गई
त्यागेथे वसुदेव दम्पति दुवै— * ले देह दुःखी भई।
त्याग्नूभो बलरामले तन त्यहीँ * श्रीशेष भै सिन्धुमा
त्यागिन् रेवतिले पनी तन सती * भै रामका साथमा।। ८६।।
रानी आठ प्रधान जो प्रिय थिए * श्री कृष्णका सुन्दरी
ती सारा प्रभुका सँगै सति भई * जाँदा भएथे मरी।
फर्के पार्थ र द्वारकापुरि डुब्यो * चुर्लुम्म त्यो सिन्धुमा
रानी श्री हरिका भए जति सबै * आफ्नू लिई साथमा।। ८७।।
फर्कीदा पथमै ति भिल्लहरुले * तिन्को लुटे सम्पति
रानी श्री हरिका समाइ बलले * तान्दै लगेथे कति।
रोएको सबले सुने धुरु—धुरू * तिन्ले दुखी भैकन
आफू शक्ति—विहीन भै मनमनै * रोए निकै अर्जुन।। ८८।।
जो भो, कष्ट परे युधिष्ठिरकहाँ * तिन्ले सुनाए जब
हामीले अब बस्नु हुन्न यसरी * जानूभयो माधव।
सुम्पे राज्य सबै यथाक्रम अनी * राजा परीक्षित् भए
पाँचै भाइ र द्रौपदी सँग लिई * तत्काल निस्कीगए।। ८९।।

पैँचे क्यै दिनमा हिमालय अनी * हिँड्दै हिऊँमा गए
चारै भाइ र द्रौपदी तहिँ गली * एकेक मर्दा भए ।
यौटा मात्र बचे युधिष्ठिर त्यहाँ * त्यै देहले जीवित
आई देवहरू लगे खुशि हुँदै * तिन्लाइ आफूसित।। १०।।

परीक्षित राजाको आख्यान—(४)

भन्थे दिव्य कथाहरू थरि थरी * श्री सूत पौराणिक
सुन्थे नित्य मुनी ऋषीश्वर बसी * ज्ञानी गुणी शौनक ।
सुन्छौँ हामि कथा परीक्षितजिको * भन्नूहवस् त्यो अब
राजाले कति के गरे सब कुरा * विस्तार गर्नोस् सब।। १।।
तिन्को प्रश्न सुनेर सूत मुनिले * भन्दा भए सादर
भन्छू सुन्नुहवस् परीक्षितजिको * सारा कथा सुन्दर ।
साठी वर्ष गरे सहर्ष नृपले * साम्राज्यको शासन
तिन्को शासनमा प्रजा खुशि थिए * ज्ञानी गुणी सज्जन।। २।।
उन्ले दिग्जय नामको मख गरे * बाँडेर धेरै धन
ठूलो क्वै हयमेधको पनि गरे * सानन्द आयोजन ।
कालो मानिस गोरुलाइ बलले * कुट्तै र खेद्दै थियो
डुल्थे भूप त्यहीँ सुरम्य पथमा * संयोगले देखियो।। ३।।
कालो मानिसलाइ उग्र रिसले * सोधीलिए भूपले
गर्दै छौ किन यो अनीति यसरी * पिर्नेछ यै दोषले ।
सोधेथे अनि गोरुलाइ नृपले * कुट्तै छ यस्ले किन
मेरो शासनमा हुँदै छ कसरी * अन्याय यस्तो भन।। ४।।
राजालाइ भन्यो कुरा सुनिसकी * तत्काल त्यो गोरुले
इच्छा हो प्रभुको म जान्दिनँ पनी * कुट्तै छ कुन् हेतुले ।

गोरूको सुनि बात, भूप मनमा * आश्चर्य मान्दै थिए
गाई एक रुँदै थिइन् नगिचमा * तिन्लाइ सोधीलिए।। ५।।
को हो मानिस यो र गोरुकन झन् * कुट्‌ते छ यस्ले किन ?
हे गाई ! तिमिले रुने पनि सबै * जुन् हेतु हो सो भन।
तिन्ले आँसु बगाउँदै सुनि कुरा * बिन्ती गरिन् भूपति !
यस्मा कारण जो छ भन्दछु सबै * जाने-बुझेको जति।। ६।।
हे राजन् ! तप, सत्य, शौच र दया * जो चार पाऊ थिए
गोरू धर्म बने र सोहि अहिले * यो रूप उन्ले लिए।
हो कालो कलि यै बढेर अहिले * प्राणीहरू छन् जति
जारी, जाँड, जुआविषे रत हुने * यस्ले बनायो मति।।७।।
त्यस्ले सत्य, दया र शौच सबका * पाऊ सबै भाँचिए
सारा मानिस पाप कर्मतिर नै * यै हतुले लम्किए।
यौटा शेष छ धर्मको चरण जो * बढ्दै कली दुर्जन
त्यस्लाई पनि भाँच्न तत्पर छ यो * दुष्कर्म फैलाउन।। ८।।
पृथ्वी हूँ म हजूरलाइ भनुँ के * यो कष्टको कारण
पापी बढ्न गए, म बाँच्नु कसरी * यो भार बोकीकन।
भूमीको सुनि बात क्रोधित भए * तत्काल ती भूपति
मार्छू यो कलिलाइ छाड्दिनँ भनी * गर्जे निकै सद्मति ।। ९।।
देखी उग्र स्वरूप क्रोध नृपको * मर्छू कि भन्दै डरी
बोल्यो जीवन दान पाउँ नृपते * बिन्ती छ पाऊ परी।
यस्तो बिन्ति सुनेर दुष्ट कलिको, * आज्ञा दिए भूपले
मेरो राज्यभरी हुँदैन यसरी * बस्नू तँ झैँ दुष्टले।। १०।।
फेरी बिन्ति गर्‍यो तुरुन्त कलिले * रोएर हे भूपति!
सारा राज्य छ नाथकै, म त कहीँ * देख्दीनँ आफ्नू गति।

यस्तो बिन्ति सुनेर खिन्न कलिको, * आज्ञा दिए भूपले
जारी जाँड जुआ सुवर्ण यतिमा * बस्नू तँ आनन्दले।। ११ ।।
मानेथ्यो कलिले हुकूम्, तर लियो * ठूलो इबी चित्तमा
राजाकै सुनको ठुलो मुकुटमा * बस्तो भयो माथमा।
पारेथ्यो नृपको मती—भ्रम पछी * पापी कलीले अनि
राजा खेल्न गए शिकार वनमा * ठूला शिकारी बनी।। १२ ।।
सेना भूपतिका समस्त छलिए * वन्मा ति एक्लै भए
शृङ्गीको कुटिमा पुगे, तर उनी * ध्यानस्थ नै देखिए।
माँगेथे जल भूपले र मुनिले * सुन्दै सुनेनन् जब
मेरो आज गरे अनादर भनी * राजा रिसाए तब।। १३ ।।
मुर्दा सर्प उचालि एक धनुले * माला लगाईदिए
बोलेनन् मुनि ध्यानमै नयन ती * चिम्लीरहेका थिए।
छोरा एक थिए परै ति मुनिका * उन्ले सुनेथे जब
तिन्ले श्राप दिए तुरुन्त तपको * शक्ती हुनाले तब।। १४ ।।
जस्ले यो अपराध केहि नगरी * व्यर्थै गऱ्यो त्यो पनि
मर्ला तक्षकले डसीकन छिटै * हो श्राप मेरो भनी।
छोरोको सुनि श्राप विज्ञ मुनिले * सन्ताप मानीकन
आफ्नू शिष्य पठाइ ती नृपकहाँ * त्यस्को दिए सूचन।। १५ ।।
सक्छौ केहि भने प्रयत्न गरिल्यौ * तिन्ले भनेथे जब
चिन्ता—ग्रस्त भई सभा नृपतिले * डाकीलिएथे तब।
सारा मन्त्रिहरू बसेपछि भने * मर्नै भएँ निश्चय
हो यो काल—गती हुँदैन कहिल्यै * यो मृत्युको क्यै क्षय।। १६ ।।
यस्को यत्न कुनै विचारि सबले * गर्नू त कर्तव्य हो
होलान् मानिस विज्ञ यो विषयमा * खोजेर डाक्नूपऱ्यो।

गर्छन् यत्नहरू अनेक थरिका * आपत्तिमा सज्जन
हामीले पनि गर्नुपर्दछ कुनै * युक्ती विचारीकन।। १७।।

रुरुको कथा– (५)

यस्तो भूपतिको सूनी वचन क्वै * बोल्नै सकेनन् अनि
बोले भूपति नै उदाहरणमा * यस्तो भएथ्यो भनी।
छोरी क्वै मुनिकी थिइन् उनि मरिन् * टोकेर क्वै सर्पले
बाँचिन् फेरि मिलेर जीवन तिनी * गर्दा कुनै यत्नले ।। १।।
पत्नी ती भृगुकी थिइन् गुणवती * नाऊँ पुलोमा थियो
उन्का पुत्र गुणी मुनि च्यवनको * कीर्ती निकै फैलियो।
शर्याती नृपकी थिइन् सुमुखि जो * छोरी सुकन्या भनी
फोरिन् नेत्र भनी मुनि च्यवनकी * पत्नी बनीथिन् तिनी।। २।।
छोरा हुन् प्रमती उनै च्यवनका * निक्कै प्रतापी थिए
तिन्का पुत्र थिए पछी रुरु भनी * ठूला तपस्वी भए।
डुल्थे नित्य गई सुरम्य वनमा * आनन्द मान्दै तिनी
देखी जङ्गलको अलौकिक छटा * हर्षित् भए झन् उनी।। ३।।
क्वै विश्वावसु नामका पछि भए * गन्धर्व प्रख्यात ती
भेटेथे जब मेनकाकन उहीँ * आनन्द माने अति।
गर्दा प्रेम–प्रसङ्ग गर्भिणि भइन् * गन्धर्वद्वारा जब
छोरी जन्मि प्रमद्वरा भनि त्यहीँ * अत्यन्त राम्री तब ।। ४।।
छोरी त्यागिदिए लगेर वनमा * तिन्ले दुखी भैकन
पालेथे लगि स्थूलकेश मुनिले * सन्तोष मानीकन।
हेर्दै जङ्गलको छटा वरिपरी * आए रुरू क्वै दिन
देखे रूपवती अनिन्द्य सुमुखी * राम्री ति कन्याकन।। ५।।

थाले गर्न रुरू उनै विषयको * गम्भीर भै चिन्तन
माँगी गर्छु बिहे तिनैसित भनी * ठान्थे तिनी मन्मन।
तिन्को भेट हुने मिलेन सहसा * मौका त्यसै कारण
खेल्दै जङ्गलमा कुनै दिन पुगिन् * आनन्द मानीकन ॥ ६॥
थाहा कत्ति नपाइ सर्प सहसा * आएर टोकीदियो
केही बेर गरेर छट्पट उहीँ * नै प्राण तिन्को गयो।
त्यो संवाद सुनी रुरू पुगिगए * झन् मोहमा गाडिन
ती विश्वावसुको पुगे नगिचमा * उन्लाइ सम्झाउन॥ ७॥
सम्झाए रुरुलाइ योग्य रितले * एकेक गन्धर्वले
जन्मेका जति मर्दछन् बुझिलिए * छाड्दैन त्यो कालले।
हो यो दैवगती भनेर बहुतै * उन्ले बुझाए तर
मानेनन् ति रुरू विमोहित भई * रुन्थे बसी धर्धर॥ ८॥
देखी दुर्गति त्यो कठोर उसको, * गन्धर्वले गैकन
सोधेथे यमलाइ यत्न सजिलो * यस्मा छ के लौ भन।
आधा आयु प्रमद्वराकन स्वयम् * दिन्छन् रुरूले भने
बाच्नेछन् ति दुवै, प्रयत्न अरु क्यै * देखिन्न जीवित् हुने॥ ९॥
सोही कारण अर्ध आयु रुरुले * संकल्पद्वारा दिए
बाँचिन् फेरि प्रेमद्वरा, गरि बिहे * हर्षित् दुवै ती भए।
यस्तै यत्न गरी अनेक पहिले * बाँचे, अरू बाँच्दछन्
गर्दा यत्न अनेक सिद्धि नहुने * क्यै छैन यो मान्दछन्॥ १०॥
गङ्गाका बिचमा उसै दिन गरे * तैयार राम्रो घर
गुप्त स्थान बनाइ चौतरफमा * रक्षा गरे सुन्दर।
विश्वासी जन छानि खोजि, पहरा * चौतर्फ राख्दा भए
आफ्ना मानिसदेखि बाहिक अरू * पस्नै नसक्ने थिए॥ ११॥

झार्ने मन्त्र र यन्त्र तन्त्र–विधिले * त्यो सर्पको दुर्विष
जान्ने वेद सुपात्र पण्डित गुणी * राख्दा भए मानिस।
राजा गुप्त भई सुरक्षित बनी * बस्थे त्यही स्थानमा
मिल्ला मुक्ति भनेर भागवत ती * सुन्थे खुशी–साथमा।।१२।।

कश्यप र तक्षकको आख्यान– (६)

जुन् सप्ताह सुनेर प्रेत–गतिका * ती धुन्धुकारी तरे
मर्दा मोक्ष हुने उपाय जति जे * तिन्ले सकेको गरे।
ज्ञाता छन् विष झार्न जो उनिहरू * तत्काल आऊन् भनी
यस्तो उर्दि सुनेर कश्यप मुनी * जान्थे म सक्छू भनी।।१।।
राजालाइ अवश्य मार्दछु भनी * जाँदै थियो तक्षक
तिन्को भेट भयो र झ्वास्स पथमै * बोले मुनी कश्यप।
टोकी तक्षकले परीक्षित मरून् * यस्तो सुनी श्राप त्यो
जान्छू झार्न बचाउँछू म सहजै * हो धर्मको कार्य यो।।२।।
यस्तो कश्यपको विचार बुझि त्यो * शङ्कित् भयो तक्षक
लाग्यो कश्यपलाइ भन्न कसरी * बन्छौ तिमी रक्षक।
मै हूँ तक्षक शक्ति पुग्दछ भने * हेर्छू म तिम्रो बल
के सक्छौ तिमि गर्न लौ भन कुनै * यस्मा नराखी छल।।३।।
हे ब्रह्मन्! बरको छ वृक्ष बलियो * यस्लाइ टोक्छू तब
बन्ला भस्म, बनाउ फेरि अघि झैँ * विश्वास होला तब।
यस्ता बात गरेर झट्ट बरको * त्यो वृक्ष टोकीदियो
पूरा वृक्ष बनेर भस्म सहजै * त्यै ठाउँमा थुप्रियो।।४।।
ज्ञानी कश्यपले खरानि जलले * गर्दै गए सेचन
उस्तै वृक्ष भयो तयार बरको * पैहे सरीकै, सुन।

हाँगामा बरका चरा जति थिए * फेरी भए जीवित
लागे बोल्न सबै मिठो स्वर गरी * पारीदिने मोहित।। ५।।
देखी कश्यपको प्रभाव बलियो * पत्त्यार मान्यो अनि
जोरी हात दुवै विनम्र स्वरमा * बिन्ती गर्‍यो हे मुनि!
मेरो हार भयो र मन्त्र—बलको * देखें ठुलो शक्ति यो
सक्नेछौ विष शान्त पार्न तिमिले * विश्वास पूरा भयो।। ६।।
राजालाइ बचाइ जो धन तिमी * भेट्टाउनेछौ उहाँ
त्यस्को दोब्बर द्रव्य दिन्छु खुशिले * जाऊ फिरी घर्महाँ।
भावी हो बलवान जे जति हुने * टर्दैन त्यो युक्तिले
राजा निश्चय मर्दछन् दिन पुगी * ती श्रृंगिको श्रापले।। ७।।
ज्ञाता कश्यप हुन् तथापि बलियो * कालै हुनाले गरी
इच्छित् द्रव्य मिल्यो, फिरे घर तिनी * खूशी भई बेसरी।
ढोका बन्द थिए सबै महलका * रक्षार्थ चारैतिर
सोझै पस्न मिलेन, सर्प सबले * युक्ती रचे सुन्दर।। ८।।
आशीर्वाद दिने बनी ऋषि मुनी * जाने छ बाटो अब
अर्को छैन कुनै उपाय सजिलो * भूपाल भेट्ने अब।
यो सल्लाह गरी परस्पर त्यहाँ * जो जो गएका थिए
सारा सर्प बनी गुणी ऋषि मुनी * सानन्द पुग्दा भए।।९।।
भित्रै जान खुरूखुरू जब हिंडे * देखे निकै रक्षक
आज्ञा छैन ऋषे! छ बन्धित दिशा * छन् श्रेष्ठ संरक्षक।
पालेले यसरी विनम्र स्वरमा * बिन्ती चढाए जब
बोलेथे मुनिरूप नागगण ती * ज्ञानी मुनी झैं तब।। १०।।
आएथे वनका तपी ऋषि मुनी * बिन्ती चढाईदिनू
आशीर्वाद भनेर पुष्प फल यो * भित्रै पठाईदिनू।

जान्छौँ हामि सबै भनेर नकली * ती सर्प फर्की गए
पालेले मुनिको प्रसाद भनि त्यो * भित्रै पठाईदिए।। ११ ।।
राजाले फल–पुष्प त्यो सकलमा * एकेक बाँडीदिए
आफूले पनि एक लीकन स्वयम् * खाने इरादा लिए।
कीरो रूप लिएर तक्षक त्यहीँ * फल्मा लुकेको थियो
निस्की त्यै फलबाट तक्षक भई * प्रत्यक्ष नै देखियो।। १२ ।।
टोक्यो भूपतिलाइ श्राप ऋषिको * टर्दैनथ्यो क्यै गरी
त्यो सातौँ दिनमा परीक्षित त्यहीँ * जाँदा भएथे मरी।
हाहाकार भयो, दिशाहरु सबै * बाधित् थिए तापनि
सारा यत्न वृथा भए अनि भने * हो काल ठूलो भनी।। १३ ।।
सानै भूपतिका थिए सुत उहीँ * भूपाल जन्मेजय
तीद्वारा नृपको क्रिया गरिदिए * केही नमानी भय।
ती जन्मेजयलाइ राज्य विधिले * मन्त्रीहरूले दिए
बढ्दै ती शशि झैँ जवान सहजै * खाँदै र खेल्दै भए।। १४ ।।
कन्या एक ति काशिराज नृपकी * निक्कै थिइन् सुन्दरी
तिन्का साथ छिटै बिहे गरिदिए * उत्साहले राम्ररी।
भोगे भोग अनेक वर्ष नृपले * बाँडे प्रजामा धन
फैल्यो कीर्ति ठुलो चतुर्दिक, कतै * देखिन्नथे दुर्जन।। १५ ।।

जन्मेजयको सर्पयज्ञ— (७)

भन्थे सूत कथा सहर्ष दिनहूँ * सानन्द सुन्थे सब
थाले भन्न कथा प्रसङ्गवशले * उत्तङ्कजीको तब।
श्री जन्मेजयको सुकीर्ति फिजिने * चल्दै थियो शासन
आशीर्वाद दिए पुगी नृपकहाँ * उत्तङ्क कोही दिन।। १ ।।

राजालाइ भने बुझाइ तिनिले * अत्यन्त राम्रो गरी
जान्नूहुन्छ पिता परीक्षित मरे * जस्तो अनीती परी।
टोकी तक्षकले अकाल गतिले * त्याग्नूभयो जीवन
त्यस्को निम्ति उपाय केहि सजिलो * गर्दै नगर्नै किन।।२।।
सोधे शौनकले विनम्र स्वरमा * हे सूत ज्ञानी अब
ती उत्तङ्कजिको भएछ कसरी * वैरत्व भन्नोस् सब।
बोले सूत बुझाइ कारण सबै * हे शौनकादी ! सुन
सोध्यौ जो तिमिले, म भन्दछु सबै * वैरत्वको कारण।। ३ ।।
पाए ज्ञान गुरूकहाँ बसि सबै * उत्तङ्कले, क्वै दिन
माँगिन् द्यौ गुरु–दक्षिणा अब छिटै * ल्याऊ स्वयम् गैकन।
आज्ञा ती गुरुपत्निको सुनिसकी * माँगेर राजा–सित
ल्याए कङ्गन त्यो, नुहाउन पसे * उत्तङ्क राम्रोसित।। ४।।
मौका पाइ लिएर तक्षक गयो * तत्काल त्यो कङ्गन
त्यो जानेर गए तुरुन्त ति मुनी * माँगे बुझाईकन।
देलान् श्राप भनी डराइ सहसा * फिर्ता दिएथ्यो तर
धेरै वर्ष बिते पनी रहिरह्यो * वैरत्व उस्तै स्थिर।। ५।।
सोही कारण भूपतीकन दिए * उत्साह तिन्ले अनि
राजाले मुनिका कुरा सुनि भने * क्यै खिन्न जस्तै बनी।
त्यस्को कारण श्राप हो त कसरी * ती नाग दोषी भए
भावी हो बलवान कालगतिले * जानै थियो, ती गए ।। ६।।
आज्ञा भो जति जे कुरा नरपते! * हो सत्य यो मान्दछु
यस्मा माफ दिनू पनी हजुरको * कर्तव्य हो ठान्दछु।
रोक्यो कश्यपलाइ व्यर्थ पथमा * भेटेर त्यस्ले किन ?
गर्नैपर्दछ यज्ञ नागहरुको * संहार गर्नाकिन।। ७।।

राजा मर्नुभयो अकाल गतिले * पैह्ले त्यसै कारण
मुक्ति प्राप्त हुँदैन, यज्ञ गरि त्यो * साटो नफेरीकन।
सोही कारणले सबै तरहले * बिन्ती छ मेरो अब
थाल्नू—पर्दछ सर्प—यज्ञ सहजै * ती सर्प मर्छन् सब॥८॥
ती उत्तङ्कजिले बुझाइ यसरी * बिन्ती गरे निर्भय
गर्छू यज्ञ भनेर तत्पर भए * भूपाल जन्मेजय।
गङ्गाको तटमा ठुलो हवनको * सामाग्रि जम्मा गरी
होता आफु बनी गरे मख ठुलो * उत्तङ्कले त्यो घरि॥ ९॥
लागे आहुति हाल्न वेद—विधिले * मन्त्रेर तिन्ले जब
आई नागहरू डढे थरि—थरी * त्यै यज्ञमा ती सब।
धूआँले मखको सबै दश दिशा * आकाश ढाकीदियो
ढाक्यो बादलले र घोर जल पो * वर्षन्छ जस्तो भयो॥१०॥
कोही चित्र—विचित्र श्वेत हरिया * नीला र काला अनि
धेरै नाग ठुटे बुचे कति कती * लामा र छोटा पनि।
थाले पर्न उडेर आइ सहसा * यज्ञाग्निमा ती जब
हाहाकार परेर तक्षक पनी * निक्कै डरायो तब॥११॥
भाग्यो स्वर्गपुरी र देखि बलियो * देवेन्द्रको आसन
गोडामा गइ बेह्निईकन बस्यो * बाँच्ला भनी जीवन।
वैशम्पायन यज्ञमा बसि बसी * भन्थे महाभारत
मैले ताहिँ बसी सुनेँ सब कथा * श्रद्धा र भक्ती—सित॥१२॥
आयो सोहि कथा प्रसंगवशले * आमा रिसाईकन
मर्नेछौ डढि भूपका मखविषे * एकेक हे दुर्जन!
यस्तो श्राप दिइन् र पूर्ण हुन त्यै * ती नाग धेरै मरे
रक्षा तक्षकको र नागहरुको * आस्तीक आई गरे॥१३॥

कद्रू, विनता र गरुडको कथा— (८)

यो वृत्तान्त सुनेर शौनकहरू * आश्चर्य मानीकन
आमाले कसरी दिइन् विमुख भै * त्यो श्राप कुन् कारण ?
भन्नोस् आस्तिक को थिए र कसरी * रक्षा गरे नागको
यो विस्तार सुनाउनोस् हजुरले * सुन्छौँ सबै हामि त्यो।। १।।
तिन्को प्रश्न सुनेर भक्ति मनमा * देखेर श्रद्धा पनि
लागे भन्न बुझाइ उत्तम कथा * उन्ले दयालू बनी।
पत्नी कश्यपका थिए दुइ जना * पैह्ले कुनै कालमा
सौतेनी झगड़ा थियो ति दुइको * ईर्ष्या लिने चित्तमा।। २।।
कद्रू औ विनता बसेर घरमै * गर्थे कुरा गन्थन
सौता हुन् विनता उनैसित भनिन् * केही म भन्छू सुन।
कस्तो रङ्ग छ लौ बताउ सुमुखी! * देवेन्द्रका अश्वको
बोलिन् केहि गमी विचार विनता— * ले अश्व सेतो छ त्यो।। ३।।
अर्कीले सुनि शीघ्र उत्तर दिइन् * सेतो भए तापनि
कालो पुच्छर देख्दछू बुझ शुभे! * हो सत्य नै यो भनी।
यस्को निम्ति गरौँ कबोल पहिले * मैले भनेको सुन
हार्नेले बुझ गर्नुपर्छ प्रणको * राम्रो गरी पालन।। ४।।
बस्नूपर्छ गरेर चाकरि जनम्— * पर्यन्त जित्लेकहाँ
हामी यो पहिले गरौँ प्रण अनी * हेरौँ दुवै गै त्यहाँ।
फर्के आपसमा गरी प्रण दुवै * तत्काल आफ्नू घर
कद्रूले घरमा पुगी सुतहरू * डाकिन् भई तत्पर।। ५।।
हे छोराहरु हो! प्रसन्न मनले * मैले भनेको सुन
मेरो बात गर्‍यौ अनादर भने * मर्छौं दुखी भैकन।

कालो पुच्छर पारिदेउ हयको * देवेन्द्रको, हे सुत !
मानेनौ यदि यो कुरा, जुनिभरी * बन्नेछु दासी म त।। ६।।
यस्ता बात सुनेर नागहरुमा * जो धर्म जान्ने थिए
यस्तो धर्म—विरुद्ध कार्य जननी ! * गर्दीनँ भन्दा भए।
त्यस्तो उत्तर पाइ पुत्रहरुको * क्यै बेर ती आत्तिइन्
ती जन्मेजयको डढेर मखमा * हे दुष्ट! मर्छौ भनिन्।।७।।
आमाको सुनि बात धार्मिक सबै * केही नबोली बसे
ती पापी जतिले म गर्दछु भनी * तत्काल घूँडा धसे।
बेह्रीए गइ रौँ—भरी पुछरमा * उच्चैःश्रवाको अनि
पौँचे स्वर्ग दुवै प्रसन्न मनले * हेरौँ गई लौ भनी।।८।।
देखाईकन कद्रुले छल गरी * बाजी जितेँ लौ भनिन्
मेरो हार भयो भनेर विनता * दासी बनेरै रहिन्।
मैह्ना पूर्ण भएपछी गरुडजी * फुल्बाट पैदा भए
माताको सुनि बात, हो छल भनी * कद्रूकहाँ ती गए।।९।।
बोले हे जननी ! मलाइ कहनोस् * कुन् काम गर्दामहाँ
दासीको पदबाट मुक्त सहजै * हुन्छिन् इ माता यहाँ।
यस्तो बिन्ति सुनेर ती गरुडको * बोलिन् खुशी भैकन
ल्याऊ अमृतको घडा र विनता * फुक्का हुनेछन् सुन।।१०।।
त्याहाँबाट छिटै उडी गरुडजी * पौँचे जसै स्वर्गमा
देखाई उनिले पराक्रम ठुलो * द्यौता जिते युद्धमा।
तिन्को रोक्छु गई कचिङ्गल भनी * श्री विष्णु पुग्दा भए
जे माँग्छौ वर माँग हे गरुडजी ! * दिन्छू म भन्दा भए।। ११।।
पाई दर्शन नाथका चरणको * तत्काल पाऊ परे
पाऊँ यै वरदान सेवक बनी * बस्ने दिनोस् हे हरे !

मेरा साथ लडेर जित्न नसकून् * योद्धा कसैले पनि
तिन्को बात सुनेर विष्णु खुशिले * बोले 'तथास्तू' भनी॥१२॥
अन्तर्धान भए हरी, गरुडले * बोके सुधाको घट
जान्छौ बोकि घड़ा कहाँ गरुड़जी ! * चाँडै पछाडी हट।
गर्दै छौ किन यो अनीति यसरी * पापात्म झैँ लौ भन?
यस्ता बात सुनी भने गरुडले * तिन्को बुझाई मन॥१३॥
त्यस्तै कार्य परेर यो लिइ घडा * जान्छू अहीले कहीँ
मोरो काम समाप्त हुन्छ गइ त्यो * ल्याए त भैगो यहीँ।
मैले दिन्नँ कहीँ यताउति कतै * देवेन्द्र ! यो अमृत
बोले इन्द्र बुझी कुरा गरुडको * जाऊ खुशी छू म त॥१४॥
जे इच्छा मनमा छ माँग वर त्यै * दिन्छू भनेथे जब
मेरा नाग समस्त भोजन बनून् * माँगीलिएथे तब।
पाई त्यो वर झट्ट ती गरुडले * बोकी हिंडे अमृत
आमाको नगिचै लगे घट—सुधा * तिन्ले विना—मद्दत॥१५॥
बोले हे जननी ! विमुक्त अब यी * माता हउन् लौ यहाँ
चाँडो मुक्ति दिनोस् तपाइँ जननी ! * दासत्वको छिन्महाँ।
कद्रू अमृतको उपस्थित घडा * देखेर खूशी भइन्
बोलिन् केहि नमान कष्ट, विनता * दासत्वदेखिन् छुटिन्॥१६॥
डाकी नागहरू भने गरुडले * आओ सबै लौ अब
खाऔँ स्नान गरी अलौकिक सुधा * हामी खुशीले सब।
केही बेर गरेर तर्क मनमा * साँचो कुरा हो भनी
थाले गर्न गएर स्नान नदिमा * ती नाग हर्षित् बनी॥१७॥
मौका पाइ घडा लिईकन गए * देवेन्द्र आईकन
मिथ्या बात हुँदैन सत्य कहिल्यै * भन्छन् ति ज्ञानी जन।

यो वृत्तान्त सहर्ष शुद्ध मनले * भन्ने र सुन्ने जति
भोग्छन् इच्छित भोग ती पछि उहाँ * बिग्रन्न तिन्को मति।। १८।।

आस्तिकको जन्म र नाग—रक्षा— (९)

यो आख्यान सुने प्रसन्न मनले * श्री सूतद्वारा जब
सोधे शौनकले विनम्र स्वरमा * इच्छा भएको सब।
ज्ञानी आस्तिकको कथा अब सबै * सुन्छू म विस्तारले
इच्छा ती ऋषिको बुझीकन भने * सानन्द ती सूतले।। १।।
तिम्री छन् बहिनी गुणी घरमहाँ * नाऊँ जरत्कारुकी
सोही नाम हुने गुणी ऋषि पनी * छन् एक हे वासुकि!
गर्नेछन् उनिले विवाह खुशिले * बैह्नी दिनेछौ जब
होलान् 'आस्तिक' नाम पुत्र मुनिका * ती योग्य ज्ञानी तब।।२।।
गर्नेछन् जब सर्प—यज्ञ नृपले * पौँची त्यहीँ आस्तिक
गर्नन् यत्न र नाग मात्र सबका * बन्नन् उनै रक्षक।
ब्रह्माको सुनि बात आफ्नु घरमा * फर्केर आए पनि
गर्थे नित्य विचार दिन्छु कसरी * उन्लाइ बैह्नी भनी।। ३।।
भन्छन् सूत—सबै मुनी ऋषिहरू * सुन्नूहवस् सादर
यौटा विज्ञ थिए कुनै मुनि जरत्— * कारू भनी सुन्दर।
जाँदा क्वै वनमा पुगे उनि जसै * देखे कुवा दुस्तर
झुण्डेका नर धेर सोहि कुपमा * खुट्टा गरी मास्तिर।। ४।।
पक्रेका त्यहिँ घाँसको अति झिनो * त्यान्द्रो सबैले थिए
मूसाले त्यहि घाँसका सब जरा * विस्तार काट्दै गए।
सोधे छक्क परेर खूब मनमा * देख्छू नराम्रो गति
कस्तो पाप गरेर वा किन भयो * यस्तो नराम्रो स्थिति।। ५।।

हुन्छौ मुक्त भने म दिन्छु तपको * क्यै धर्म आफ्नू बरु
त्यस्ता बात सुनेर विज्ञ ऋषिका * भन्छन् ति मान्छेहरू ।
अर्काको तप धर्म अंश यसरी * लिन्नौं दिए तापनि
आफ्नै धर्म ठुलो छ पुण्य तपको * पैह्ले गरेको मुनि! ।। ६ ।।
हो यो पाप कुनै ठुलो भनि तिमी * ठान्दै नठाने, तर
ख्यातिप्राप्त प्रसिद्ध विप्र कुलकै * हौँ हामि यायावर ।
यौटा पुत्र थियो, त्यही पनि बन्यो * त्यागी त्यसै कारण
थाल्यो वंश विनाश पार्न सुतले * त्यो दुष्ट हो दुर्जन ।। ७ ।।
मर्ला वृद्ध भएर त्यो सुत जरत्– * कारू स्वयम् क्वै दिन
हामी झैँ यहि कूपमा परि छिटै * नै आउला झुण्डिन ।
पानी–पिण्ड र वंश–वृद्धि हुनको * बाटो छ जुन् एक त्यो
त्यस्ले शीघ्र गरे विवाह सब यो * सन्ताप जाने थियो ।। ८ ।।
ज्ञानी–जानि हजूरलाइ सब यो * बिन्ती चढायौँ कुरा
भेटी त्यो सुतलाइ अर्ति दिनुहोस् * ऐह्ले भनेको पुरा ।
तिन्का बात सुनेर कष्ट मनमा * बर्ता हुनाले गरी
वाणी नम्र गरेर पितृकन यो * भन्दा भए त्यो घरि ।। ९ ।।
मै हूँ दुर्जन, पितृ हो ! सुत जरत्– * कारू भनी नामको
मैले भारि लिएँ नजानिकन नै * साह्रै ठुलो पापको ।
गर्नेछू म गई विवाह खुशिले * सन्तान होला जब
होम्रो वंश हुनेछ वृद्धि क्रमले * यो कष्ट नास्ला सब ।। १० ।।
मेरै नाम हुने सुशील र गुणी * कन्या मिले सुन्दरी
आए दिन्छु भनी स्वयम् यदि कुनै * गर्छू बिहे त्यै घरि ।
आफ्ना ती सब पितृलाइ त्यसरी * तिन्ले दिई सान्त्वना
फर्के गर्छु भनी विवाह घरमा * गर्दै ठुलो कल्पना ।। ११ ।।

त्यो संवाद सुनेर वासुकि पुगे * बैनी लिई साथमा
यौटै नाम रहेछ हामि दुइको * भन्ने बुझी चित्तमा।
डाकी ब्राह्मण वेदको विधि–सहित् * एकेक पूरा गरी
कन्यादान लिए, गृहस्थ भइ लौ * बस्छू भनी त्यै घरि॥१२॥

पत्नी जरत्कारु थिइन्, पती पनि
उस्तै जरत्कारु थिए गुणी मुनि।
तिन्कै भए आस्तिक पुत्र एक
जो थे अती ज्ञानि गुणी र नेक॥१३॥

थालेथे अनि सर्प–यज्ञ बलियो * ती भूपतीले जब
पापी नाग जती डढेर मखमा * स्वाहा भएथे सब।
मर्नें भीति भएर तक्षक लुक्यो * देवेन्द्रकाहाँ गई
इन्द्रासन् मनिको प्रशस्त बलियो * खाँबो–भरी बेरिई॥१४॥
त्यो संवाद सुने र आस्तिक पुगे * त्यो यज्ञको स्थानमा
लागे गर्न गुणानुवाद नृपको * उत्साहका साथमा।
बोले–यज्ञ गरे अघी मरुतले * सोत्साह ठूलो अनि
माँग्थे याचक भिक्षुले जति जती * दिन्थे खुशीले तिनी॥१५॥
शर्याती, मनुले, सुरेन्द्र सबले * यज्ञादि धेरै गरे
दुःखी दीन दरिद्रमा धन दिई * सन्ताप सारा हरे।
आएँ माँग्न भनी यहाँ म पनि क्यै * मन्मा भएको कुरा
इच्छा पूर्ण हुनेछ निश्चय भनी * विश्वास मान्छू पुरा॥१६॥
वार्ता आस्तिकको सुनेर नृपले * मन्मा गरे निश्चय
जे माँग्छन् यिनिले दिनेछु अहिले * मान्दै नमानी भय।
होताले बुझि भाव झट्ट नृपको * एकेक जानीकन
बोले–आस्तिकलाइ हुन्न यसरी * जे माँग्दछन् त्यो दिन॥१७॥

आई तक्षक अग्निमा डढि छिटै * मर्दैन जैह्लेतक
वाचा हार्न हुँदैन यो विषयमा * पर्खुन् बरू आस्तिक ।
बोले भूप डढेर मर्छ मखमा * आएर जैह्ले यहाँ
गर्नोस् यत्न त्यही विलम्ब नगरी * भागेर जाला कहाँ?।। १८।।
होताले नृपलाइ सादर भने * पापिष्ठ भाग्दै गई
ऐह्ले लुक्न पुगेछ स्वर्ग–पतिको * आसन्–मुनी बेरिई ।
होताको सुनि बात झोक्किन गए * ती भूप जन्मेजय
तान्नैपर्छ अवश्य मन्त्र–बलले * बस्ला कहाँ निर्भय।। १९।।
आज्ञा पाइ तुरुन्त विज्ञ द्विजले * आह्वान गर्दा भए
थाल्यो हल्लन आसनै सुरपती * त्यै मन्त्रले तानिए ।
होताले सुनि शब्द घोर सहसा * बिन्ती गरे भूपति!
आयो तक्षक तानिई अब छिटै * बन्ने भयो आहुति।। २०।।
ज्ञानी आस्तिकको कुरा सुनि सबै * इच्छा पुऱ्याईदिनोस्
आएका अतिथी र विप्र पनि हुन् * रित्तै नफर्काउनोस् ।
सोधे आस्तिकलाइ शीघ्र नृपले * इच्छा छ के लौ भन
जो माँग्छौ तिमिलाइ दिन्छु प्रण यो * मैले गरें लौ सुन।। २१।।
वाचा–बन्धनको कुरा नृपतिको * यस्तो सुनेथे जब
जोरी हात तथा समादर गरी * बिन्ती गरेथे तब ।
रोक्नूहोस् अब सर्प–यज्ञ नृपते ! * बिन्ती छ मेरो यही
मान्नूहुन्न भने हुनेछ सहजै * सर्पै विनाको मही।। २२।।
बोले भूपति–विप्र आस्तिक ! तिमी * माँगेर लेऊ अरू
भूमी, वस्त्र, सुवर्ण, भूषण तथा * सम्पत्ति दिन्छू बरु ।
बोले आस्तिक–लिन्नँ द्रव्य अथवा * सम्पत्ति केही पनि
गर्ने बन्द हुकूम् दिनोस् मख छिटै * राजन् ! दयालू बनी।। २३।।

बिन्ती आस्तिकको, स्वयम् वचनको * क्यै बेर चिन्ता गरी
डाकी ऋत्विज विप्रलाइ नगिचै * आज्ञा दिए त्यै घरि।
गर्नोस् विप्रहरू समाप्त मख यो * वाचा म हारेँ यहाँ
पाऊन् जीवन सर्पले अब जती * बाँकी छ जो जो जहाँ।। २४।।
आज्ञाले नृपको छिटै गरिदिए * त्यो यज्ञ पूर्णाहुति
यो संचार सुनेर तक्षक गए * आनन्द मान्दै अति।
धेरै सर्प पुगेर वासुकिकहाँ * सम्चार भन्दा भए
जै–जै आस्तिकको भनेर सबले * आशीष धेरै दिए।। २५।।
राजाकै घरमा बसेर दिनहूँ * भन्थे कथा व्यासले
नाना धर्म पुराण शास्त्रहरुको * सुन्थे सबै भक्तिले।
शङ्का व्यर्थ निकाल, फाल मनको * वैरत्व जन्मेजय!
राजा मुक्त भएर स्वर्ग पुरिमा * बस्छन् बनी निर्भय।। २६।।
यस्ता बात भनेर भागवतको * तिन्ले सुनाए कथा
त्यस्ले भूपतिको गयो हृदयको * दुर्भावना, दुर्व्यथा।
देवी शक्ति–स्वरूपिणी जननिको * माहात्म्य भन्छू भनी
राजालाइ भने समस्त उनिले * हर्षित् भए त्यो सुनी।। २७।।

माहात्म्य नाग हरुको शुभ यो चरित्र
जो भन्छ सुन्दछ सदा भइ त्यो पवित्र।
भोग्नेछ भोग मिलि जीवन दीर्घ त्यस्ले
भेट्नेछ भक्ति हरिका पदको उसैले ।। २८।।

।।इति श्रीमद्देवीभागवत द्वितीय स्कन्ध समाप्त।।

श्रीमद्देवीभागवत तृतीय स्कन्ध प्रारम्भः

सृष्टि—सम्बन्धी वर्णन— (१)

पाऊविषे गणपति प्रभुको म पर्छु
नाना पुराणहरुको त कथा कहन्छु ।
शङ्का निकालि मुनि शौनकले सुध्याए
बिन्ती छ पाउ परि मुख्य कुरा बुझाए ।। १ ।।

ब्रह्मा, विष्णु र शम्भु हुन् जगतका * सृष्टि स्थिती पालक
तिन्लाई सब मान्दछन् अधिपति * ब्रह्माण्डका नायक ।
उन्लाई सुख—दुःख मृत्यु र जरा * हुन्छन् कि हुन्नन् प्रभो?
गर्छन् मन्परि वा कुनै खटनमा * चल्छन् स्वयम् हे विभो ! ।।२ ।।

को छन् श्रेष्ठ समस्त देवहरुमा * शङ्का छ यो बातको
यस्को निर्णय गर्नुहोस् अब सबै * आश्चर्य लाग्दै छ यो ।
कस्को आश्रयमा टिकेर यसरी * संसार चल्दै छ यो
हाम्रो संशय यो हटाउनुहवस् * बिन्ती छ हे व्यास यो।। ३ ।।

श्री जन्मेजयको सुने जब यति * प्रश्नादि ती व्यासले
थाले भन्न बुझाइ शास्त्र—मतले * एकेक विस्तारले ।
राजन् ! सोध्नुभयो जती हजुरले * शङ्का निकाली, सब
जानेको जति भन्दछू म क्रमले * विस्तारले त्यो अब ।।४।।

सोधे नारदले अघी यहि कुरा * शङ्का उठाई जब
ब्रह्माले जति भन्नुभो उहि कुरा * विस्तार गर्छू सब ।
यो संसार सबै जलामय छँदा * देखिन्नथ्यो क्वै स्थल
ब्रह्मा अल्मलमा परे सब दिशा * देखेर धेरै जल।। ५।।
मेरो सृष्टि गयो कता र कसरी * कोबाट छू रक्षित?
यस्को अन्त विचार्न पस्छु जलमा * डुल्छू म राम्रोसित ।
ब्रह्मा एक हजार वर्ष जलमै * घुम्दै रहे तापनि
पाएनन् जब अन्त्य केहि जलको * चिन्तित् भएथे तिनी।। ६।।
फर्की जाउ र नालमै कमलको * मौका विचारी बस
गर्दा त्यै स्थलमा बसी तप, पछी * मिल्ला ठुलो आशिष ।
ब्रह्माले जब यो सुने बसि बसी * आकाशवाणी भयो
मानी सत्य, हजार वर्ष तपमै * थाहै नपाई गयो।। ७।।
ब्रह्मन्! सृष्टि बढाउ फेरि सहसा * आकाशवाणी भयो
मैले सृष्टि बढाउँ के गरि, यही * गम्भीर चिन्ता बढ्यो ।
त्यै बेला दुइ देखिए अति बली * योद्धा मधू—भैटभ
ब्रह्मालाइ खसाल्नुपर्दछ भनी * ती तम्सिए दानव।। ८।।
शय्या शेष गरी अगाध जलमा * सुत्नूभएका हरि
धेरै यत्न गरे उठाउन भनी * ब्रह्माजिले त्यो घरि ।
जागेनन् अनि संझिए हृदयले * श्री योगमायाकन
उन्ले शक्ति खिँचिन् र जागृत भए * आनन्दका नन्दन।। ९।।
उन्को पाँच हजार वर्ष जलमै * संग्राम चल्दै रह्यो
मारेथे छलले दुवैकन अनी * चिन्ता सबैको गयो ।
ब्रह्मा, विष्णु र इन्द्र, रुद्र त्यहिँ नै * देखा परेथे अनि
सल्लाहा सबले गरे अब यहाँ * के गर्नुपर्ला भनी।। १०।।

यस्तै तर्क गरी अनेक थरिका * गर्दै थिए चिन्तन
बारम्बार गरे प्रणाम मनले * तत्काल न्यूरीकन।
केही काल बित्यो, निधो पनि गरे * श्री शक्ति–आराधना
गर्नैपर्दछ हामिले गरुँ अनी * पुग्ला छिटै कामना॥११॥
शक्तीरूपा भवानी, भवभय–हरणी दुष्टको नाश गर्ने
यो सारा सृष्टि नाशी प्रलय–जलधिले छोपि चुर्लुम्म पार्ने ।
के गर्ने जाउँ काहाँ मति भ्रमित हुँदा छौँ दुखी हे भवानी
हामीलाई सिकाऊ गर यति भनि लौ देऊ अर्ती सयानी ॥१२॥

यो सृष्टिको क्रम बताउ, कहाँ बसेर
के गर्नुपर्दछ, कहाँ कसरी रहेर ।
देऊ छिटै प्रबल शक्ति प्रभाव राम्रो
बाटो बताउ अब बुद्धि दिएर हाम्रो ॥१३॥
ब्रह्मा र विष्णु, शिवले स्तुति धेर गर्दै
पर्खीरहे हृदयमा बढि ध्यान धर्दै ।
आकाशवाणि सुनियो अनि उत्लिखेर
त्रीदेव! सृष्टि गरिल्यौ नगरी अबेर ॥१४॥

भूमी, जीव र वस्तु केहि नभई * सृष्टी हुने के गरी?
ब्रह्मा, विष्णु र रुद्रलाइ हुनगो * चिन्ता अनेकौँ थरि।
त्यै वेला नगिचै विमान नभको * आयो त्यहीँ उत्रन
थाल्थे रत्न अनेक उत्तम त्यहाँ * हावा चली हल्लन॥१५॥
देखिन्थे रविको प्रकाश सरि नै * सारा दिशा उज्ज्वल
आँखा तिर्मिर पार्दथे थरि–थरी * रत्नादिले झल्मल।
राखिन् शीघ्र त्रि–देवलाइ रथमा * देवी उनै शक्तिले
हावाको गतिले विमान नभमा * उड्दै गयो वेगले॥१६॥

लोकालोक अनेक पर्वत नदी * वृक्षादि नाना थरि
वापी कूप तडाग निर्झर थिए * पश्वादि पृथ्वीभरि।
त्यो कैलास तथा हिमालय पनी * देख्दै गएथे जब
के आश्चर्य भयो भनीकन कुरा * गर्थे परस्पर् सब॥ १७॥
त्यै बेला अझ त्यो विमान उडिगो * आकाशको मास्तिर
थाल्यो घुम्न विमान स्वच्छ नभमा * सानन्द चारैतिर।
देखी दिव्य विभूति स्वर्ग पुरिको * उद्यान त्यो नन्दन
अग्नी चन्द्र कुबेर ती वरुणजी * श्री सूर्य नारायण॥ १८॥
अर्कै इन्द्र त्यहाँ उपस्थित थिए * ज्ञानी तपी सज्जन
गर्थे भोग अनेक स्वर्ग—सुख ती * त्यै धर्मको कारण।
देखी अद्भुत वा अलौकिक स्थिती * आश्चर्य मानीलिए
को हुन् इन्द्र! बताउ स्वर्गपति यी * तत्काल सोद्धा भए॥ १९॥
थाहा छैन मलाइ केहि पनि यो * तिन्ले भनेको सुनी
लागेथ्यो अनि ब्रह्मलोकतिर त्यो * हावा सरीको बनी।
ब्रह्मा छन् त्यहिँ नै उपस्थित स्वयम् * राखी ठुलो आसन
सारा सेवकमा अनेक रितले * गर्दै थिए शासन॥ २०॥
सोध्नूभो विधिलाइ हेरि मुखमा * श्री विष्णुले सादर
कुन् ब्रह्मा यिनि हुन् बताउनुहवस् * ब्रह्मन् ! मलाई; तर।
ब्रह्माले म त केहि जान्दिनँ भनी * आश्चर्य माने जब
फेरी शीघ्र उड्यो विमान र पुग्यो * कैलास सोझै तब॥ २१॥
देखे पाँचमुखे त्रिनेत्र शिवजी * गौरी थिइन् साथमा
घेर्थे भूत पिशाच रुद्रगण ती * श्री शम्भुका पासमा।
देख्नूभो शिवले सदाशिव थिए * उस्तै र अर्का जब
हेर्थे छक्क परेर बुझ्न नसकी * देखेर अर्का शिव॥ २२॥

सोध्नूभो हरिले सदाशिवतिरै * हेरेर हाँसीकन
अर्का छन् शिवजी उपस्थित यहाँ * राखेर आफ्ना गण।
यस्तो प्रश्न सुनेर धेर मनमा * आश्चर्य मानीकन
भन्नूभो सहसा म जान्दिनँ यहाँ * को हुन् यिनी छन् किन?॥ २३॥
देखेको कहिले थिएन पहिले * आश्चर्य के देखियो
त्याहाँबाट उड्यो विमान र पुग्यो * जुन् लोक हो विष्णुको।
देखे उत्तम रूप विष्णु त्यहिँ छन् * उस्तै ति वैकुण्ठमा
शय्या शेष गरेर निद्रित थिए * लक्ष्मी थिइन् पासमा॥ २४॥
भन्नूभो शिवले सहर्ष कहनोस् * को विष्णु हुन् यी यहाँ?
थाहा हुन्छ हजूरलाइ सहजै * जे हुन्छ जैह्ले जहाँ।
के आश्चर्य छ यो त्रिलोकभरिका * मालीक श्री विष्णुको
देखी दु:स्थिति त्यो दुवै शिव-विधी— * मा छक्क त्यो देखियो॥ २५॥
उड्दै फेरि गयो विमान सहसा * आकाशको मास्तिर
देखे अमृतको समुद्र तटमा * वृक्षादि चारैतिर।
शक्तीको मणिद्वीप उत्तम थियो * प्रासाद यौटा त्यहाँ
द्यौतालाइ दिने अनेक थरिका * सन्तोष ती छिन्महाँ॥ २६॥
शय्या एक थियो त्यही महलमा * शोभा दिने सुन्दर
त्यस्को वर्णन राम्ररी गरिदिने * सामर्थ्य कस्को छ र?
माला भूषण वस्त्र दिव्य तनमा * पैह्रेर धेरै थरि
यौटी दिव्य स्वरूपकी शशिमुखी * देखा परिन् सुन्दरी॥ २७॥
आँखा बाहु थिए सहस्र रवि झैँ * ती तेजिला उत्तम
हेर्दा चञ्चल नेत्रले ति मनको * हुन्थ्यो अँध्यारो कम।
हेर्दै नेत्र कटाक्षले अलि—अली * हाँसीरहन्थिन् उनी
माला एक लिएर ती स्फटिकको * क्यै मन्त्र जप्थिन् पनि॥ २८॥

सेवा गर्न भनी उपस्थित त्यहाँ * नारीहरू नै थिए
राता नेत्र कटाक्ष चञ्चल गरी * चौतर्फ हेर्दा भए।
साह्रै अद्‌भुत काम देखि मनमा * आश्चर्य लागे पनि
आज्ञा भो हरिले यि हुन् शिव–विधे ! * आद्या भवानी भनी।। २९।।
आद्या शक्ति–स्वरूपिणी यि जननी * त्रैलोक्यकी रक्षिणी
गर्छिन् रक्षण बीजको प्रलयमा * काली–स्वरूपी बनी।
भूमीहीन थियो महाप्रलयमा * चौतर्फ फैली जल
पल्टेथें अनि पातमाथि बरको * बालक् बनी केवल।। ३०।।
मेरा कोमल पाउका अधि यिनै * औँला समाईकन
मैलाई मुखमा चुसाउँदि भइन् * क्रीडा गरी क्वै दिन।
उन्कै पाउ परी गरौं स्तुति अनी * मागौं दया यी–सित
यस्ता तर्क गरी परे शरणमा * तीनै भई मोहित।। ३१।।
न्यूरेथे अनि ती, स्वयम् हुन गयो * आश्चर्य यौटा त्यहाँ
ब्रह्मा, विष्णु र शम्भु स्त्री–स्वरुपमा * हूँदा भए छिन्महाँ।
देवीका जति सेविकागण थिए * उस्तै बनी ती पनि
सेवामा दिनहूँ रुजू भइ रहे * कर्तव्य हो यो भनी।। ३२।।
नारीको नङरूप दर्पणविषे * ब्रह्माण्ड सारा पनि
देख्दा अद्‌भुत काम तीन जनले * माने ठुली हुन् भनी।
नारी भै सय वर्षसम्म ति रहे * ब्रह्मा र विष्णू शिव
लागेथे स्तुति गर्न आर्त स्वरले * तीनै जनाले तब।। ३३।।
हामी अल्मलमा पर्‍यौं भगवती! * जानी नजानीकन
बारम्बार प्रणाम हामि पदमा * गर्छौं दुखाई मन।
रक्षा गर्नुहवस् प्रसन्न मनले * ठानी यि हुन् सेवक
मान्छौं हामि सबै हजूरकन नै * गर्नें दया रक्षक।। ३४।।

शक्तीरूप तिमी त्रिलोक–जननी * साक्षात् दया–रूपिणी
गर्ने रक्षण लोक–वेद सबको * छौ एकरूपा पनि ।
ब्रह्मा, विष्णु र शम्भुले जब गरे * सानन्द यस्तो स्तुति
लागिन् भन्न उहीँ भई प्रकट ती * आनन्द मान्दै अति ।। ३५ ।।

ब्रह्मा र विष्णु शिवले स्तुति जो गरेका
केही नजानिकन अल्मलमा परेका ।
देखेर ती भगवती तिनि तीनलाई
भन्दी भइन् सकल तत्त्व खुला गराई ।। ३६ ।।

जो ब्रह्म हुन् उ परब्रह्म म हूँ उ सोही
अर्को नठान अरु छैन मदेखि कोही ।
अज्ञानले फरक यो हुन जान्छ याहाँ
संसारको क्षय हुँदा फरकै छ काहाँ ।। ३७ ।।

मेरै स्वभाव गुणले तिमि तीन हुन्छौ
सृष्ट्यादि कार्य जति हो खुशि–साथ गर्छौ ।
प्राणीहरू जब ति दुर्बल भाव लिन्छन्
लौ, शक्तिहीन यि भए सब येहि भन्छन् ।। ३८ ।।

यै निम्ति शक्ति सबमा प्रबला भएकी
सम्पूर्ण जीवमय रूप भई रहेकी ।
जस्तै भरी जल–घडाप्रति सूर्य–बिम्ब
देखिन्छ दीप सबमा पनि यै अचम्ब ।। ३९ ।।

यौटै छ दीप बहु भाँति उपाधि–भेद
देखिन्छ ती सकलमा छ पछी अभेद ।
ऐनापिछे जसरि मूर्ति पृथक् बनेर
देखिन्छ, एक त्यहिबाट भएर धेर ।। ४० ।।

यस्तै ममा बुझ तिमीहरु छैन भेद
हो ज्ञानदृष्टितिरबाट हुने अभेद ।
यो जानि संशय जती सब फालिदेऊ
संसार–सृष्टितिर चित्त लगाइलेऊ ।। ४१।।
ब्रह्मन्! जगत्–रचनको अब काम थाल
लक्ष्मीपते ! अब तिमी सब जीव पाल ।
गौरीपते ! तिमि भएर शिव–स्वरूप
संहारका बखतमा लिनु रुद्र–रूप ।। ४२।।
येती भनेर तिनलाइ बिदा गराइन्
आफू पनी भगवती त्यहिँ नै हराइन् ।
देखे अघी जति–जती सब ती हराए
सोही विमान चढि फेरि फिरेर आए ।। ४३।।
आए जहाँ अघि थिए जल–मध्य सोही
ब्रह्मा र विष्णु, शिवदेखि थिएन कोही ।
देवी पसिन् जलमनी छ जहाँ अगाध
आधार–शक्ति बनि रोकिदिइन् प्रवाह ।। ४४।।
पैह्ले ती दुइ वीर कैटभ–मधू * जो मारिएका थिए
बोसो ती दुइको जमेर पृथिवी * तिन्लाइ मान्दा भए ।
मासू हाड अनेक पर्वत शिला * उन्कै बनेथे अनि
सोही कारण नाम यी पृथिविको * भन्छन् सबै मेदिनी।। ४५।।
कोही व्यक्ति थिएन, केवल थिए * ब्रह्मा र विष्णू, शिव
गर्छौं सृष्टि भनेर तत्पर भए * ती तीन द्यौता सब ।
राखे पृथ्वि अड्याइ शेष–शिरमा * गाडे किला पर्वत
पारे बीच सुमेरु श्रेष्ठ गिरि त्यो * राखेर राम्रो–सित ।।४६।।

त्याहाँबाट लगी, बढाइ रचना * त्यो सृष्टिको उत्तम
आफ्ना लोकहरू रचे सब स्वयम् * तिन्ले मिलाई क्रम ।
ब्रह्माले अनि ब्रह्मलोक रचना * आफैँ गरे सुन्दर
सावित्री सँगमा लिईकन बसे * कल्याणका खातिर ।। ४७ ।।
आफू विष्णु बसे रमासित रमी * त्यो श्रेष्ठ वैकुण्ठमा
गौरी साथ लिई बसे शिव पनी * सानन्द कैलासमा ।
अर्को दिव्य सुमेरुको शिखरमा * त्यो स्वर्गको स्थापना
इन्द्राणीसँग इन्द्रजी रमि रहे * पूरा गरी कामना ।। ४८ ।।
द्यौता मानिस दैत्य सर्प पशु ती * सम्पूर्ण पैदा भए
ब्रह्माका शुभ अङ्गबाट मनुको * उत्पत्ति मानीलिए ।
थाल्यो चल्न यसै गरेर सहजै * त्यो सृष्टि गर्ने क्रम
बढ्दै गो पृथिवी- भरी चलन त्यो * जीवादिको उत्तम ।। ४९ ।।

ब्रह्मा र विष्णु, शिवकी पनि शक्ति—दाता
हे ब्रह्मरूपिणि शिवे ! जगदम्ब माता ।
सम्झन्छ जो हजुरलाइ लिएर भक्ति
त्यस्लाइ मिल्छ सुखका पछि श्रेष्ठ मुक्ति ।। ५० ।।

सत्यव्रतको कथा- (२)

भन्थे व्यास मुनी कथा थरि थरी * सुन्थे ति जन्मेजय
सुन्दामा नृपको सबै हुन गयो * दुर्भावनाको क्षय ।
टोकी तक्षकले पिता अघि मरे * भन्ने थियो संशय
तर्ने पितृहरू उपाय सजिलो * सोधे, गरी निश्चय ।। १ ।।
होला मुक्ति गरेर के र कसरी * मेरा सबै पितृको
त्यस्को भन्नुहवस् उपाय छ भने * इच्छा छ त्यै सुन्नको ।

राजाको सुनि बात, त्यो विषयमा * जानेर इच्छा पनि
लागे भन्न बुझाइ व्यास मुनिले * भूपाल ! सुन्नोस् भनी।। २।।

हे भूपते ! सुन तिमी अब तत्त्वसार
देवी—महात्म्य छ ठुलो मनमा विचार।
तिम्रा मरे सकल पितृ, ति स्वर्गमा छन्
चिन्ता लिनू छ बुझ व्यर्थ दुखाइ यो मन् ।। ३।।

अम्बा जगज्जननिको गर ध्यान नित्य
देखिन्छ जे जति जहाँ सब हुन् अनित्य।
त्यस्मा नराख्नु अनुराग बुझी असत्य
छन् ईश्वरी सकलमा बुझ एक सत्य ।। ४।।

बस्थे नित्य कथा सुनी ऋषि—मुनी * त्यो नैमिषारण्यमा
ज्ञानी कोमशजी कुनै दिन पुगे * डुल्दै त्यही स्थानमा।
चर्चा ती सबले गरे उस घरी * कुन् देवता श्रेष्ठ हुन्?
कस्को भक्ति तथा कठोर तपले * होला सुखी शुद्ध मन्।। ५।।

निक्कै बेर चल्यो विवाद, तर क्यै * लागेन टुङ्गो जब
आफ्ना स्वच्छ विचार लोमशजिले * पोख्ता भएथे तब।
शक्तीको गर भक्ति वा तप सदा * पूजा र आराधना
गर्नेछन् जननी स्वयम् प्रकट भै * पूरा सबै कामना।। ६।।

यस्को एक दिई उदाहरण लौ * भन्छू सुनील्यौ कथा
मान्यौ बात भने रहन्न मनको * दुर्भावना, दुर्व्यथा।
साह्रै मूर्ख थिए कुनै द्विज अघी * ती एक सत्यव्रत
तिन्को कोहि थिएन शुद्ध मनले * कल्याण गर्ने हित।। ७।।

यौटा ब्राह्मण देवदत्त सुगुणी * बस्थे अयोध्यामहाँ
ज्ञानी गोभिलजी थिए कुलगुरू * जो विप्र यौटा त्यहाँ।

पुत्रेष्टी मख गर्दछू म विधिले * सन्तानको निम्तिमा
तिन्को बात सुनी भए कुल–गुरू * तैयार त्यो काममा।। ८।।
सामग्री सब राखि वेद–विधिले * पुत्रेष्टि चल्दै थियो
थाहा कत्ति नपाइ चूक सहसा * अज्ञानमा भैगयो।
छोरो मूर्ख हुनेछ जन्मन गई * श्रापे रिसाईकन
मेरो यो अपराध माफ दिनुहोस् * जानीनँ हे ब्राह्मण!।। ९।।
तिन्को बिन्ति सुनेर गोभिलजिले * निर्दोष जाने जब
शान्ति प्राप्त भयो र शुद्ध मनले * बोले बुझाई तब।
छोरो मूर्ख–स्वरूप केहि दिनमा * सानन्द जन्मे पनि
विद्वान् श्रेष्ठ हुनेछ केहि दिनमा * चिन्ता नमाने भनी।। १०।।

वेला पुगेर द्विजको सुत एक जन्म्यो
त्यो मूर्ख गोभिलजिको उहि श्रापले भो।
देखी कुपुत्र द्विजले अति दिक्क मान्थे
सप्रन्छ के गरि यही दिन–रात गन्थे।। ११।।

छोरो मूर्ख भयो र बन्धु–बिचमा * हाँसो भयो बेसरी
त्यस्ले क्रोध–व्यथा बढेर द्विजको * अत्यन्त चिन्ता परी।
के गर्छस् घरमा बसेर यसरी * छोरो ! लठेप्रो भई
निस्कीजा घरबाट जङ्गल–विषे * बस्नू उतै नै गई।। १२।।
बाबूको सुनि त्यो कुरा हिँडिदियो * त्यो मूर्ख सोही घरि
वन्मा त्यो फल–मूल खोजि दिनहूँ * खान्थ्यो डुली बेसरी।
धेरै वर्ष बित्यो यसै गरि–गरी * त्यो मूर्खको दुर्दिन
बोल्ने सत्य सदा उसैसित थियो * यौटा ठुलो सद्गुण।। १३।।
भन्थे कारण त्यै परी जनहरू * उस्लाइ सत्यव्रत
गर्थ्यो आपदमा परे यदि कुनै * त्यस्ले सकेको हित।

आयो व्याध बदेललाइ शरले * हानी लखेट्तै त्यहाँ
थोपा जुन् पथमा थियो रगतको * हेर्दै त्यही छिन्महाँ।। १४।।
देखे त्यो पशुलाइ सत्यव्रतले * भाग्ने भई घायल
मार्ने त्यो पशुलाइ त्यै बखतमा * आयो र व्याधा खल।
केही ज्ञान–विना अशुद्ध द्विजले * ए ए भनेथे जब
ए ए मन्त्र थियो जगज्जननिको * त्यो बीजरूपी तब।। १५।।
त्यस्ले बुद्धि खुल्यो तुरुन्त द्विजको * शक्ती–कृपाले गरी
आयो मार्न बदेललाइ सहसा * व्याधा अगाडी सरी।
सोध्यो–हे द्विज, त्यो बँदेल अहिले * भाग्यो कता लौ भन?
केही बेर गरी विचार मनमा * बोल्दा भए ब्राह्मण।। १६।।
बोल्दा सत्य बँदेल मर्दछ भने, * बोल्ने झुठो के गरी
आपत्ती अहिले पऱ्यो मकन यो * गर्ने कसो हे हरि!
झूठो बोल्छु बरू म पाप सहुँला * बाँचोस् पशू–जीवन
हे व्याधा! पशु त्यो कतातिर गयो * जान्दीनँ वा देखिनँ।। १७।।
बोल्ने सत्य कुरा ति सत्यव्रतले * त्यस्तो दिँदा उत्तर
फर्क्यो व्याध भई निराश बहुतै * सन्ताप मान्दै घर।
बोल्दा मन्त्र अशुद्ध शुद्ध नबुझी * बोली गरी लर्बर
देवीबाट मिल्यो महाकवि हुने * ती मूर्खलाई वर।। १८।।
ज्ञानी योग्य भए तिनै पछि कवी * प्रख्यात संसारमा
जानी वा नबुझेर केवल गरे * विश्वास त्यो मन्त्रमा।
त्यस्ता मूर्ख पनी ठुला कवि भए, * भक्ती गरे शक्तिको
तर्दैनन् कसरी भनौँ थरि–थरी– * का शास्त्र जान्ने छ जो।। १९।।

विष्णुको सात्त्विक–यज्ञ– (३)

श्री जन्मेजय सुन्दथे बसि बसी * श्री व्यास भन्थे कथा
हर्थे नित्य सुनी पुराणहरु ती * नाना थरीका व्यथा।
सोधे भूपतिले सुमङ्गल हुने * कुन् यज्ञ हो हे मुनि!
कस्को पूजनले हुनेछ मनमा * शान्ती सुबिस्ता भनी।। १ ।।
राजाको सुनि प्रश्न व्यास मुनिले * सानन्द भन्नूभयो
भन्छू सुन्नुहवस् प्रसन्न मनले * हे भूपती ! बात त्यो।
मान्छन् यज्ञ–विधान तीन थरिका * शास्त्रादि वा विज्ञले
गर्ने सात्त्विक यज्ञ हो ऋषि मुनी * ज्ञानी र सत्पात्रले।। २।।
राजा 'राजस' गर्दछन्, असुरले * हो यज्ञ गर्ने तम
ज्ञानीले 'गुणहीन' ज्ञानमय हो * संन्यासिको उत्तम।
लाग्छन् उत्तर माघको मकरमा * श्री सूर्य नारायण
काशी क्षेत्र गया प्रयाग सबमा * श्रद्धा बढाईकन।। ३।।
न्यायोपार्जित द्रव्यले मख कहीँ * गर्छन् भने व्यक्तिले
तिन्को सात्त्विक यज्ञ हो भनि सबै * भन्छन् गुणी विज्ञले।
पुत्रेष्टी दशरथ्जिले अघि गरे * जुन् सात्त्विकी वृत्तिले
पाएथे सुत चार; एक मनले * माँगे पनी भूपले।। ४।।
मान्छन् शास्त्र अनेक भेद मखमा * जान्नेहरू मन्त्रको
भन्छन् विघ्न कहीँ पऱ्यो यदि भने * हो भेद यो द्रव्यको।
पाऊँ पुत्र म, द्रोणलाइ रणमा * मार्ने प्रतापी भनी
ठूलो यज्ञ गरे अघी द्रुपदले * गर्थे तपस्या पनि।। ५।।
छोरो एक हुने विचार मनमा * गर्दै थिए भूपति
धृष्टद्युम्न भए सुपुत्र र सती * छोरी भइन् द्रौपदी।

न्यायोपार्जित द्रव्य शुद्ध मखमा * तिन्को हुँदा केवल
पूरा सात्त्विक वृत्तिको मख थियो * बेसी मिलेथ्यो फल।। ६।।
तिम्रा पूर्वज पाण्डु–पुत्रहरुले * चारै दिशा गैकन
ल्याए भूप जिती लुटेर बहुतै * अन्याय गर्दै धन।
उन्ले सात्त्विक वृत्तिको मख गरे * त्यै द्रव्य बाँडी जब
इच्छा पूर्ण भएन, व्यर्थ वमना * जाँदा भए पाण्डव।। ७।।
अर्कालाइ दिएर दुःख धन त्यो * जम्मा हुँदा केवल
व्यर्थै कष्ट दियो अनेक थरिको * भोग्नूपर्‍यो दुष्फल।
पैह्ले जुन् तिमिले गर्‍यौ मख ठुलो * वैरत्वको भावले
धेरै नाग मरे परी अनलमा * निर्दोष त्यै हेतुले।। ८।।
इच्छा पुग्न सकेन अन्न–धन त्यो * धेरै वृथामा गयो
मान्छन् त्यस्कन विज्ञ सज्जनहरू * हो तामसी यज्ञ यो।
अर्काको धन खोसि गर्छ मख जो * हे भूप ! अन्यायले
इच्छा पूर्ण हुँदैन पुण्य–फल क्यै * भेट्तैन त्यो व्यक्तिले।। ९।।
कर्ताको अब भन्छु यज्ञ गरिदा * कर्तव्य सारा सुन
राख्नूपर्दछ चित्त शुद्ध जनले * सन्तोष मानीकन।
कर्ताले उपवास बस्नु खुशिले * हे भूप ! पैह्लो दिन
वेदी पार्नु तयार शास्त्र–विधिले * सानन्द अर्को दिन।। १०।।
वेदीमा कदली र तोरण ध्वजा * बाँधेर चारैतिर
गाड्नू बाँसहरू चतुर्दिक सबै * पारी सफा सुन्दर।
ज्ञानी श्रेष्ठ सुपात्र उत्तम तपी * निम्ता पठाईकन
डाक्नूपर्दछ विप्रलाइ मखको * वार्ता बुझाईकन।। ११।।
राख्नू द्रव्य दिई निकै वरणमा * होता र ब्रह्मा पनि
राखी एक गणेश औ अरु पनी * ती कार्यकर्ता भनी।

हालुन् आहुति विज्ञ ऋत्विजहरू * वेदोक्तको मन्त्रले
आउन् भाग लिने सबै सुरहरू * त्यै मन्त्रको शक्तिले॥ १२॥
आफ्नू स्थानमहाँ प्रसन्न मनले * आएर कर्त्ता बसुन्
जोरी हात दुवै उनै जननिको * ती ध्यानमा मग्न हुन्।
हे देवी ! जगदम्बिके भगवती * माता ! जगत्कारिणी!
गर्छू ध्यान हजूरका चरणको * हे भक्त—उद्धारिणी॥ १३॥
गर्नूपर्दछ भक्तिले स्तुति अरू * पाऊ परी शक्तिको
माँग्नूपर्छ अनी सहर्ष वरदान् * सानन्द इच्छा छ जो।
यस्तो यज्ञ गरे छिटै सफलता * जानीलिनू प्राप्त भो
मान्छन् शास्त्र र वेदले पनि यही * नै सात्त्विकी यज्ञ हो॥ १४॥
पैह्ले श्री हरिले गरे मख ठुलो * जुन् सात्त्विकी भावले
तिन्का पूर्ण भए मनोरथहरू * श्री शक्तिकै भक्तिले।
उन्कै भन्छु कथा प्रसंग वशले * सुन्दै रहू भूपति !
सुन्दैमा पनि पाप ताप मनको * जाला भएको जति॥ १५॥
गर्छू यज्ञ भनी कुनै बखतमा * श्री कृष्ण ती ईश्वर
जानूभो मणिद्वीपमा जननिको * पाइन्छ भन्दै वर।
डाक्नूभो सुगुणी ऋषीश्वर मुनी * निम्ता पठाईकन
शृङ्गी, पैल, अगस्ति, लोमश अनी * आए तपस्वी जन॥ १६॥
पाँचे नारद दक्ष कश्यप अरू * ती देवताका गुरु
निम्ता पाइ गुणी सुविज्ञ—सहितै * श्रद्धालु आए अरू।
ब्रह्मा शम्भु फणीश औ वरुणजी * श्री इन्द्र अग्नी यम
दिक्पालादि अनेक स्वर्गपुरिका * आईपुगे उत्तम॥ १७॥
थाले यज्ञ ठुलो मुहूर्त शुभमा * त्यो वेदको मन्त्रले
लागे आहुति हाल्न विज्ञ द्विजले * शास्त्रोक्तको रीतिले।

होता ऋत्विजले ति वेद–विधिले * हाल्दै थिए आहुति
पाई भाग समस्त देवगणले * आनन्द माने अति।। १८।।
पूरा सात्त्विक यज्ञ त्यो हुन गयो * श्री कृष्णजीको जब
सुन्नूभो त्यहिँ नै जगज्जननिको * आकाशवाणी तब।
हे राधापति ! रुक्मिणीपति ! हरे ! * सत्या सतीका पति
ब्रह्मा शम्भु र शेषका अधिपती * छौ पूज्य हे सद्मति।। १९।।
मान्नेछन् तिमिलाइ विज्ञ जनले * हुन् पूज्य ठूला भनी
गर्नन् यज्ञ अनेक देव, द्विजले * ज्ञानीहरूले पनि।
तिम्रो पूजन गर्नुपर्छ विधिले * जानी सदा ईश्वर
मेरो आशिषले दिनू तिमि पनी * ज्ञानी, गुणीमा वर।। २०।।
हुन्छौ मुक्ति दिने पनी सुजनमा * ब्रह्माण्डका मालिक
गर्नेछौ अवतार धारण पनी * हुन्छौ तिमी रक्षक।
धेरै पाप बढेर धर्म–पथको * क्यै ह्रास होला जब
रक्षा गर्नु, हुनू उपस्थित छिटै * सानन्द हे माधव!।। २१।।
गर्दामा अवतार धारण सधैँ * मेरो कृपाले गरी
शक्ती एक हुनन् सहायक बनी * ती साथमा हे हरि !
शिक्षा येति दिएर थामिन गयो * आकाशवाणी अनि
सारा छक्क परे भए जति त्यहाँ * यस्तो भयो के भनी।। २२।।

श्री शक्तिको अतुल उत्तम यो चरित्र
जो पढ्छ सुन्दछ भई दिनहूँ पवित्र।
बाँचेर वर्ष सय त्यो तन त्यागि जाला
त्यो स्वर्गमा पुगि ठुलो सुख–भोग गर्ला ।। २३।।

सुदर्शनको कथा– (४)

नाना पुराण निगमाऽऽगम त्यो सुनाई
सोधे नरेश–सित व्यासजिले रमाई।

के सुन्दछौ अब अरू भन हे नरेश !
भन्छन् नरेश सुनि बात यती सहर्ष ।। १ ।।
सुन्छू म शक्ति–महिमा अरु श्रेष्ठ कोही
जो दिन्छ मुक्ति सहजै कहनोस सोही ।
इच्छा बुझेर नृपको मुनि व्यासजीले
यौटा कथा जननिको अनि भन्न थाले ।। २ ।।

राजा जो ध्रुवसन्धि नामक थिए * पैह्ले अयोध्यामहाँ
ज्ञानी धार्मिक सत्यसन्ध र गुणी * अर्को थिएनन् त्यहाँ ।
जेठी पत्नि मनोरमा गुणवती * कान्छी ति लीलावती
रानी ती दुइटै थिए सुख दिने * राम्री सुशीला सती ।। ३ ।।
जेठीका सुत ती सुदर्शन निकै * ज्ञानी थिए सुन्दर
कान्छीका सुत शत्रुजित् दुख दिने * द्रोही थिए दुच्छर ।
ती राजा ध्रुवसन्धि काल–गतिले * मर्दा भएथे जब
राजा बन्न गरे कचिङ्गल ठुलो * भाई दुवैले तब ।। ४ ।।
तिन्को युद्ध पऱ्यो र शत्रुजितको * संग्राममा जीत भो
उन्को शासनमा प्रजा सुजनमा * सन्ताप बढ्दै गयो ।
जेठी रानि मनोरमा सुत लिई * भागिन् डराई अति
भारद्वाजकहाँ पुगिन् तर थिइन् * सन्तापमा ती सती ।। ५ ।।
उन्ले बिन्ति गरिन्–मुने ! शरणमा * ठूलो विपत्ति परी
आएँ, राख्नुहवस् म बस्तछु यहीँ * गर्छू सदा चाकरी ।
तिन्को बिन्ति सुनेर भिन्न कुटिमा * राखे भरद्वाजले
लागिन् बस्न लिएर पुत्रकन ती * भोग्दै ठुलो कष्टले ।। ६ ।।
बाजे आइपुगे ति शत्रुजितका * खोज्दै त्यहीँ क्वै दिन
इच्छा ती मुनिलाइ सादर भने * तिन्ले बुझाईकन ।

लैजान्छू घरमा मुने ! दिनुहवस् * छोरी र नाती पनि
तिन्को बात सुने, भने ति मुनिले * गर्छू सुरक्षा भनी।। ७।।
गाधीका सुत झैँ हुने मन भए * लैजाउ हे भूपति !
मन्त्री जो सँगमा थिए नृपतिका * बोले बुझाई अति।
गर्नू व्यर्थ छ यो विरोध वनमा * बस्ने तपस्वीसित
जाऔँ हामि सबै फिरेर घरमा * यिन्को चिताई हित।। ८।।
विश्वामित्र थिए ठुला नरपती * सेना लिई साथमा
डुल्दै आश्रममा वसिष्ठ मुनिको * पुग्दा भए साँझमा।
तिन्को स्वागत ती वसिष्ठ मुनिले * गर्दा ठुलो राजसी
काटे रात्रि नरेशले मनमनै * क्यै छक्क पर्दै बसी।। ९।।
देखी वैभव त्यो बुझे यति गरिन् * ती नन्दिनीले भनी
प्रातःकाल भयो मुनीसँग अनी * माँग्दा भए नन्दिनी।
उन्ले दिन्नँ भने अनी बलजफत् * पुग्दा भए गोठमा
तिन्का सैन्य जती भुतूभुतु मरे * तत्काल त्यै स्थानमा।।१०।।
देखेथे तपको प्रभाव मुनिको * लागेर निक्कै डर
बाँकी सैन्य लिएर त्यै बखतमा * फर्केर आए घर।
ठूलो हो बल ब्रह्मतेज सरिको * क्यै हुन्न अर्को भनी
क्षत्रीको बललाइ त्यै बखतमा * धिक्कार भन्दै तिनी।।११।।
त्यागी राज्य सहर्ष घोर वनमा * लागे तपस्यातिर
राजा क्षत्रियबाट ब्राह्मण बने * त्यै शक्तिले आखिर।
यस्तै कारणले सुदर्शन बसून् * साथै कुटीमा भनी
फर्के भूपति दिक्क मानि मनमा * तिन्ले भनेको सुनी।। १२।।
लागिन् बस्न मनोरमा सुत लिई * सेवा मुनीको गरी
चिन्ता तैपनि गर्दथिन् मनमनै * ती शत्रुको नै तिनी।

खेल्थे बालक मित्रका सँग उहीँ * आनन्द मानीकन
तिन्कै साथ थिए सुदर्शन पनी * खूशी हुँदै दिन्–दिन।।१३।।
'क्लीं' यो शब्द सुने कुनै दिन तिनी * सानै थिए तापनि
थाले जप्न त्यही प्रसन्न मनले * हो बीज मन्त्रै भनी।
निक्कै वर्ष बितेर सिद्ध जब भो * त्यै मन्त्रको शक्तिले
ठूला पण्डित ती सुदर्शन भए * ती देविकै भक्तिले।।१४।।
काशीका नृपकी थिइन् शशिकला * छोरी कुनै सुन्दरी
तिन्को भूपतिले स्वयंवर रचे * अत्यन्त राम्रो गरी।
आए जित्न त्यहाँ निकै थरि–थरी * साना–ठुला भूपति
पौँचे हेर्न त्यहाँ सुदर्शन पनी * आनन्द मानेर ती।।१५।।
आइन् मण्डपमा स्वयम् शशिकला * माला लिई पुष्पको
मान्छे एक सुनाउँथे गुण सबै * एकेक भूपालको।
सुन्दै ती सबको प्रभाव गुणको * कीर्ती तथा शक्तिको
लागिन् रोज्न गरी विचार सुमुखी * प्रत्येक ती व्यक्तिको।।१६।।
शक्तीको करुणा परेर सहसा * तिन्को ठुलो चित्तमा
माला लाइदिइन् सुदर्शनजिको * सामू पुगी घाँटिमा।
जै–जैकार भयो, फिरिन् शशिकला * तत्काल दर्बारमा
थाले गर्न विरोधका सब कुरा * गर्जेर त्यै स्थानमा।।१७।।
हे राजागण हो ! अनर्थ अहिले * निक्कै नराम्रो भयो
हामी शौर्य र कीर्तियुक्त नृपको * शेखी भएको गयो।
राजा श्रेष्ठ यहाँ उपस्थित सबै * छन् शक्तिशाली, तर
त्यो साधारण व्यक्तिलाइ यिनले * रोज्दी भइन् यो वर।।१८।।
यस्मा कारण के रहेछ भनि क्यै * बुझ्नै सकेनन् जब
गर्दै तर्क निकै फिरे घरघरै * आए जती ती सब।

ती राजा—गणमा सुदर्शनजिका * वैरी विरोधी थिए
ती साटो पथमा म फेर्दछु भनी * पर्खेर बस्ता भए।। १९।।
दाजूको गरि द्रोह शत्रुजितले * सेना लिई साथमा
पर्खे मार्न भनी लुकेर पथमै * यौटा कुनै स्थानमा।
छोरी ज्वाइँ बिदा म गर्दछु भनी * राजा सुबाहू पनि
सीमासम्म गए पुऱ्याउन तिनी * कर्तव्य आफ्नू गमी।। २०।।
सारा शत्रुहरू लुके अघि जहाँ * त्याहाँ पुगे ती जब
ठूलो युद्ध भयो ति शत्रुजितको * भाई—सँगैमा तब।
लागे लड्न चलाइ अस्त्रहरु ती * राजा लुकेका जति
एक्लै पर्न गई सुदर्शन त्यहाँ * थाकी गएथे अति।। २१।।
मार्छन् की बलवान भूपहरुले * मानेर यस्तो डर
सम्झे अक्षर 'क्लीं' उसै बखतमा * ती देविको सुन्दर।
त्यै बेला सहसा उपस्थित भइन् * श्री शक्ति त्यै युद्धमा
साक्षात् कालस्वरूप ती सकलले * देख्दा भए सामुमा।। २२।।
धेरै नै करमा हजार रवि झैं * छन् झल्कने आयुध
थालिन् गर्न तिनी विपक्ष—तिरका * शत्रूहरूको वध।
लड्ने भूप अनेक शत्रुजितका * जो पक्ष गर्दै थिए
देखे शक्तिस्वरूपिणी भगवती— * लाई अनी आत्तिए।। २३।।
निक्कै बेर लडे मिलीकन सबै * आश्चर्य लागे पनि
त्यागे जीवन युद्धमै जति थिए * ती भूपतीले अनि।
शक्ती आइ भनिन् सुदर्शन तथा * राजा सुबाहूसित
आएँ दुःख पऱ्यो तिमीकन भनी * मैले चिताई हित।। २४।।
गर्नेछौ सुख—भोग राज्य पनि यो * पाएर निष्कण्टक
गर्दा राज्य तिमी सुदर्शन ! बने * आफ्ना प्रजा—रक्षक।

मेरो पूजन अष्टमी कि नवमी * की चैत्र वा आश्विन
गर्नैपर्छ चतुर्दशी तिथि बुझी * श्रद्धा–सहित् लौ सुन।। २५।।
हे राजन् ! नवरात्र पर्दछ सदा * आश्विन् तथा चैत्रमा
त्यो बेला व्रतमा निमग्न रहनू * जो भन्दछन् शास्त्रमा।
मेरो पूजन गर्नु नौ दिन सधैँ * भक्ती गरी चित्तमा
अन्तर्धान भइन् त्रिलोकजननी * तत्काल आकाशमा।। २६।।
त्याहाँबाट गएर मन्दिर ठुलो * यौटा तयारी गरी
थापेथे प्रतिमा त्यहीँ जननिको * पूजा गरी राम्ररी।
उन्को राज्यभरी प्रजागण मिली * गर्दा भए उत्सव
पौँचे स्वर्गपुरी सुदर्शन मरी * आनन्द भोगे सब।। २७।।

नवरात्र–विधान र कुमारी–पूजा– (५)

सारा कथा यति सुने जब भूपतीले
सोधे प्रसन्न भइ फेरि कथा क्रमैले।
इच्छा भयो म नवरात्र–विधान सुन्छु
श्री शक्तिका चरणमा झुकि बिन्ति गर्छु ।। १।।
पूजा कुमारिहरुको कसरी गरिन्छ ?
शास्त्रादिमा बलि दिने विधि के कती छ ?
कुन् वस्तुको र कहिले बलिको प्रथा छ ?
सुन्छू सुनाउनुहवस् अब बिन्ति यै छ ।। २।।

यस्ता प्रश्न सुनेर ती नृपतिको * ज्ञानी मुनी व्यासले
भन्नूभो नवरात्रको विधि सबै * अत्यन्त आनन्दले।
हे राजन्! व्रतको छ श्रेष्ठ महिमा * त्यो चैत्र वा आश्विन
त्यस्माथी अझ शुक्लपक्ष छ भने * राम्रो बुझे त्यो दिन।। ३।।

औँसीकै दिन गर्नुपर्छ मनले * संकल्प यो बातको
बस्नूपर्दछ ब्रह्मचर्य व्रतमा * आज्ञा बुझी शास्त्रको ।
खोजी राख्नु समस्त वस्तु दिनमै * चाहिन्छ भोली भनी
भूमी गोबरले लिपी जल छिटी * राख्नू कुशादी पनि ।। ४।।
वेदी पार्नु तयार आठ गजको * अग्लो तुल्याईलिनू
चारैतर्फ सिँगारि तोरण ध्वजा * माला झुलाईदिनू ।
गाडी बाँस सजाइ वृक्ष कदली * राम्रो सजाईलिनू
माला पुष्प अबीरले थरि–थरी * रेखा बनाईदिनू।। ५।।
अर्को उत्तम वेदि एक गजको * पार्नू तयार् माझमा
राख्नू वस्तु सबै चतुर्दिक यही * देखिन्छ शास्त्रादिमा ।
त्यै–माथी चँदुवा र झालर–सहित् * झुण्ड्याउनू मास्तिर
बस्नू वेदि–नगीच रात्रि–भर नै * सम्झी उनै ईश्वर।। ६।।
प्रातःकाल उठेर सक्नु पहिले * नित्य-क्रिया हुन् जति
गङ्गा–स्नान गरेर बस्नु जपमा * गायत्रिमा दी मति ।
पैह्री उत्तम वस्त्र आसनविषे * बस्नू बनी सुस्थिर
डाक्नू ब्राह्मण वेद शास्त्रहरुका * ज्ञाता र बस्ने स्थिर।। ७।।
स्वस्तीवाचन गर्दछन् द्विजहरू * पुण्याह पढ्छन् अनि
तिन्लाई दिनु वस्त्र द्रव्य खुशिले * आशीष दिन्छन् उनी ।
पूजा गर्दछु शक्तिको अब भनी * संकल्प गर्नू अनि
देवीको जप–पाठ लाउनु त्यहीँ * हो शास्त्र–आज्ञा भनी।। ८।।
चण्डी–पाठ गराउँदा द्विज लिनू * नौ, तीन वा एक ती
गर्नू भोजन एकछाक दिनहूँ * शक्ती छ आफ्नू जति ।
वेदीमाथि सुवर्णको रजतको * राख्नू र सिंहासन
दुर्गा–अष्टभुजी त्यसै–उपरमा * राख्नू सजाईकन।। ९।।

पार्नू सज्जित पट्टवस्त्र–सहितै * पैह्राउनू भूषण
त्यो सिंहासन नै सिगार्नु फुलको * माला लगाईकन ।
शक्तीको अनि जो छ शुद्ध प्रतिमा * चाँदी तथा स्वर्णको
थाप्नूपर्दछ वेद–मन्त्रहरुले * मन्त्रेर ती शक्तिको ।। १० ।।
थालीमा यदि मूर्ति कोहि छ भने * त्यैमाथि राखीकन
गर्नू ध्यान नुहेर स्वच्छ मनले * तत्काल आवाहन ।
गर्छिन् धारण आठ बाहु सबमा * धेरै थरी आयुध
गर्छिन् युद्ध हुँदा ति अस्त्र सबले * एकेक वैरी–वध ।। ११ ।।
यस्ती रूपवती कि वा दशभुजी * वा सोह्रले शोभित
जस्ता छन् प्रतिमा यथाक्रम पुजून् * मन्मा चिताई हित ।
माला चन्दन पुष्प वा अबिर जो * बत्ती सफा धूपले
नैवेद्यादि चढाइ पूजन गरून् * श्री शक्तिको भक्तिले ।। १२ ।।

कन्या कुमारिहरु नौ दिनसम्म पुज्नू
ती एक वर्ष जतिकी कहिल्यै नपुज्नू ।
त्यस्ता कुमारिकन केहि रहन्न ज्ञान
थाहा हुँदैन तिनिलाइ सुस्वाद जान ।। १३ ।।
त्यै हेतुले प्रथम पूजन गर्नलाई
पूजार्थ राख्नु दुइ वर्ष पुगेकिलाई ।
त्यो–भोलिपल्ट तिन वर्ष पुगेकि पुज्नू
हो यै यथाक्रम सबै दिन सम्झिराख्नू ।। १४ ।।
जान्नू 'कुमारि' दुइ वर्ष पुगेकिलाई
मान्नू 'त्रिमूर्ति' तिन वर्ष पुगेकिलाई ।
जो चार वर्षकि 'कुमारि' भनेर पुज्छन्
'कल्याणि' रूप–जननी उनिलाई मान्छन् ।। १५ ।।

हो नाम 'रोहिणि' पुगेपछि पाँच वर्ष
हुन् शक्तिरूप वरदान दिने सहर्ष ।
गर्दा पुजा अनि छः वर्ष पुगेकिलाई
हुन् 'कोकिला' भनि पुजा गरनू रमाई ॥ १६॥
जो वर्ष सात जतिका सुकुमारि हुन्छन्
ती 'चण्डिका' भनि सुशास्त्र र विज्ञ मान्छन् ।
ती आठ वर्ष जतिका सुकुमारिलाई
हुन् 'शाम्भवी' चरणमा पर लौ रमाई ॥ १७॥
गर्नू नवौँ दिन त पूजन भक्ति–साथ
श्री 'शक्ति' का चरणमा निहुराइ माथ ।
यै क्रम् मिलाइ नवरात्र कुमारि पुज्नू
श्रद्धा र भक्ति मनभिन्न जमाइराख्नू ॥ १८॥

पुज्नूपर्दछ विप्रकै यदि मिले * कन्या सुशीला गुने
कन्या क्षत्रियका पनी पुजिलिनू क्वै * पाइएनन् भने ।
कन्या छन् सब पूज्य नै तर कती * खोटादि क्यै देखिने
आँखा–हीन, रजोवती र बहिरी * हीनाङ्ग रोगी हुने॥ १९॥
यस्ता जान्नु अपूज्य वेद–मतले * पूजा गरेमा फल
केही प्राप्त हुँदैन व्यर्थ श्रम त्यो * जाला बनी निष्फल।
त्यो लामो विधिले नगर्न सकिने * शक्ती नपुग्ने भए
आफ्नू शक्ति पुगेजती गरिलिनू * द्रव्यादि कम्ती भए॥ २०॥
थाप्नू दीप गणेश औ कलश त्यो * सानन्द पैह्ले दिन
तामाको कि त मट्टिको लिइ घडा * थाप्नू विधान्ले सुन।
त्यस्को पूजन गर्नुपर्छ विधिले * डाकी गुणी ब्राह्मण
देवीको महिमा सुनेर रहनू * नित्यै खुशी भैकन॥ २१॥

राख्छन् जो जमरा छ त्यो प्रिय पनी * पूजार्थ श्री देविको
मन्पर्ने नव–पत्र छन् थरि–थरी * चौतर्फमा शक्तिको ।
केरा बेलि अशोक दाडिम तथा * कालो हलेदो पनि
जामुन् बिल्व जयन्ति वा बकुल हुन् * नौ पत्र राख्नू अनि ।। २२ ।।
गर्नू पूजन शक्तिरूप जननी– * को भक्ति श्रद्धा गरी
सोही पत्र चढाउँदा दिन–दिनै * मान्छिन् निको ईश्वरी ।
सातौँ त्यो फुलपातिको दिन सबै * ती पुष्प जम्मा गरी
सोही मण्डपमा सजाइ क्रमले * राखीदिनू राम्ररी ।। २३ ।।
नौमी सप्तमि अष्टमी यि तिथिमा * जस्तो भए तापनि
मान्नूपर्दछ पर्वको विधि सबै * कर्तव्य आफ्नू भनी ।
गर्नू पूजन शक्तिको धन लिनू * निर्दोष जानीकन
नौमी अष्टमिमा दिनू बलि पुजा * गर्छन् सबै सज्जन ।। २४ ।।
आज्ञा छैन र शास्त्रको पशु–बली * गर्नू भनी विप्रले
मान्छन् ब्राह्मणले दिए बलि भने * मूर्खै भनी शास्त्रले ।
राँगो छाग कपोत कुक्कुट अनी * गर्छन् बली शूद्रले
तिन्को निम्ति हुँदैन दोष पनि क्यै * लाग्दैन त्यो कामले ।। २५ ।।

श्री शक्तिका चरणमा निहुराइ माथ
जो गर्दछन् सकल पूजन भक्ति–साथ ।
तिन्को सदैव धन–धान्य बढेर जाला
सन्तानको सुख पनी सब प्राप्त होला ।। २६ ।।
सम्पत्ति–कष्ट तिनलाइ हुँदै–हुँदैन
तिन्लाइ शत्रु छ भने पनि केहि हुन्न ।
आयुष्य बढ्छ नवरात्र पुजा गरेर
ती देविको चरण–पङ्कजमा नुहेर ।। २७ ।।

धेरै गर्न समर्थ छैन त भने * शक्ती छ भक्ती जति
देवीपूजन गर्नुपर्दछ सधैँ * आनन्द मान्दै अति ।
सीताजी हरिदा पनी अघि उहाँ * अत्यन्त दुःखी बनी
देवीको व्रत यै गरीलिनुभयो * श्री रामजीले पनि ।। २८ ।।

श्रीराममहिमा वर्णन– (६)

हर्ने दुःख तथा सबै गरिदिने * दुर्भावनाको क्षय
भन्थे व्यास कथा पुराण दिनहूँ * सुन्थे ति जन्मेजय ।
चर्चामा सहसा प्रसंगवशले * आयो र श्रीरामको
सोधेथे नृपले विनम्र स्वरमा * पाऊ परी व्यासको ।। १ ।।
भन्छू भूपति ! ध्यानपूर्वक सुने * जे–जे गरे रामले
यो हो दिव्य कथा सदा सुख दिने * भन्छू म संक्षेपले ।
इक्ष्वाकू कुलका प्रसिद्ध दशरथ् * राजा अयोध्यापति
निःसन्तान हुँदा तिनी मनमनै * दुःखी रहन्थे अति ।। २ ।।
चिन्ताग्रस्त भई गई गुरुकहाँ * तिन्ले सुध्याए जब
आज्ञाले गुरुको गरे मख ठुलो * पुत्रेष्टि भन्ने तब ।
राजालाइ दिए त्यहीँ प्रकट भै * जो खीर श्री अग्निले
रानी तीन थिए प्रसन्न मनले * खाँदा भए तीनले ।। ३ ।।
छोरा चार जना भए समयमा * श्री राम औ लक्ष्मण
तेस्रा पुत्र थिए स्वयम् भरतजी * शत्रुघ्न झन् सज्जन ।
विश्वामित्र पुगी लगे सँगसँगै * श्रीराम औ लक्ष्मण
फ्याँके मारिचलाइ एक शरले * मारे सुबाहूकन ।। ४ ।।
गङ्गा पार तरी पुगे जनकको * राम्रो पुरीमा जब
भाँची श्री शिवको धनू परशुराम्– * लाई झुकाए तब ।

सीताका सँगमा विवाह हुनगो * भारी बड़ाईँ पनि
ठूलो हर्ष भयो समस्त पुरमा * जै राम सीता भनी।। ५।।
जानूभो वनमा पिता–वचनले * सीता लिई लक्ष्मण
भेटे विज्ञ मुनी ऋषीश्वरहरू * आनन्द मानीकन।
आयो पञ्चवटी सुवर्ण मृग भै * मारीच सोही घरि
सीता रावणले हरीकन लग्यो * सानन्द लङ्कापुरी।। ६।।

श्रीराम लक्ष्मण थिए वन–बीच जाहाँ
आए ति नारद मुनी उहि ठाउँमाहाँ।
पूजा गरे ति दुइ भाइ भएर नम्र
सामू खडा भइ रहे प्रभु रामचन्द्र।। ७।।
देखेर खिन्न मनका दुइ भाइलाई
बोले ति नारद मुनी करुणा जनाई।
त्रैलोक्य–नाथ अरु मानिस झैँ बनेर
यो शोक गर्नु किन कष्ट पऱ्यो भनेर।। ८।।
यो जन्म–हेतु यहि रावण मार्नलाई
सीता हरीनु वनमा यहि नीहुँ पाई।
मारेर रावण, सबै भुमिभार हर्नु
हो यै प्रयोजन अनी किन शोक गर्नु?।। ९।।
सीता अघी मुनि–कुमारि थिइन्, तपस्या
गर्थिन् उ रावण पुगेछ र मेरि भार्या।
होऊ भनेछ र डरी दिइछन् सराप
मै कारिणी भइ पछी मरलास् खराब।। १०।।
केही गरेर हरुँला पछि जन्ममाहाँ
यै ठानि रावण गएछ फिरेर त्याहाँ।

सीता उनै अब यहाँ हरि ली गएछ
त्यो मर्नलाइ अब ठिक्क परी रहेछ ॥ ११ ॥
यो जानि–जानि प्रभुले अरु झैँ भएर
चिन्तित् हुनू किन पऱ्यो वनमा बसेर ।
आफू अनन्त परमेश्वर, शक्ति सीता
बस्छिन् उहाँ चरणकै पढि नित्य गीता ॥ १२ ॥
अर्थात् सती चरण–पङ्कज सम्झि नित्य
बस्छिन् हुँदैन तिनिबाट कुनै अकृत्य ।
पापिष्ठ रावण–वधार्थ उपाय केही
भन्छू गरीलिनुहवोस, उपाय सोही ॥ १३ ॥
यो जो छ आश्विन सुदी प्रतिपद् लिएर
नौरात्रको व्रत लिनू विधिले बसेर ।
देवी प्रसन्न भइ जो वरादान मिल्छ
त्यो पापि रावण अनीपछि मारिइन्छ ॥ १४ ॥
श्रीरामले सकल त्यो महिमा सुनेर
नौरात्रको व्रत गरीलिनुभो बसेर ।
देवी प्रसन्न भइ सिंहविषे चढेर
प्रत्यक्ष दर्शन दिइन् नगिचै गएर ॥ १५ ॥
हे राम ! राम ! वर माँग तिमी भनेर
भन्दी भइन् अधिक कोमलता लिएर ।
श्रीरामले चरणपङ्कजमा नुहेर
बिन्ती गरे अधिक भक्तिसमेत् धरेर ॥ १६ ॥
लङ्केश मार्न म सकूँ वर माँग्छु येही
इच्छा मलाइ अहिले अरु छैन केही ।

होला 'तथास्तु' भनि अन्तरधान लीइन्
श्रीरामलाइ यसरी वरदान दीइन् ।। १७।।
श्रीशक्तिको वर मिली पछि रामजीले
जम्मा गराइकन वानर सैन्य पैह्ले ।
लङ्का पठाइ हनुमान्कन सिन्धुपारि
भेटी सिता उनि फिरे पुर भस्म पारी ।। १८।।
साथै लिईकन विभीषणलाई ताहाँ
लङ्कापुरी पुगि स्वयम् लडि युद्धमाहाँ ।
वंशै समेत सब रावण वीर मारे
देवी–कृपा हुन गई भुमि–भार टारे ।। १९।।

सीता साथ लिई फिरे प्रभु अनी * आफ्नो अयोध्यापुरी
धेरै वर्ष बसेर शासन गरे * आनन्द वर्षा गरी ।
शक्तीको गुणगान सादर गरे * श्रीरामले उत्तम
लावा पुष्प छरे समस्त सुरले * सारा हरायो तम।। २०।।

।। इति श्रीमद्देवीभागवत तृतीय स्कन्ध समाप्त।।

श्रीमद्देवीभागवत चतुर्थ स्कन्ध प्रारम्भः

कश्यप, अदिति, इन्द्र र वायुको वर्णन– (१)

भन्थे व्यास मुनी कथा दिन–दिनै * सुन्थे ति जन्मेजय
सोधेथे नृपले भएर मनमा * यौटा कुनै संशय।
पाए श्राप कहाँ अघी भृगुजिको * कस्तो परी कारण
गर्नूभो सुरका निमित्त हरिले * औतार कुन् धारण॥ १॥
राजाको सुनि प्रश्न यो मनमनै * क्यै बेर सोचीकन
लागे भन्न कथा प्रसन्न मनले * औतारको कारण।
राजन् ! कर्म प्रधान हो प्रबलता * मानिन्छ त्यै कर्मको
सोही कर्म बनी प्रधान हुनगो * उत्पत्ति संसारको॥ २॥
जो छन् जीवहरू अनेक भवमा * ती कर्मकै कारण
चौरासी जुनिमा परी घरि–घरी * जन्मेर मर्छन् जन।
ठूला शङ्कर कर्मको वश परी * गर्छन् ति भिक्षाटन
घुम्छन् सूर्य सदा स्वकर्म–वशले * देखिन्छ त्यो दिन्–दिन॥ ३॥
गर्छन् सृष्टि सधैँ कठोर श्रमले * ब्रह्मा सबै जीवको
गर्नू ती अवतार धारण सदा * हो कर्म श्री विष्णुको।
बाँकी एक भविष्यको पछि छ जो * प्रारब्ध त्यै मान्दछन्
कर्मैले पशु–पक्षि मानिस सबै * जन्मी यहीँ मर्दछन्॥ ४॥

भोग्छन् ती सुख–दुःख कर्मफल हो * यस्तो गरी निश्चय
भोग्नैपर्दछ कर्मका फल सबै * हुन्नन् कहील्यै क्षय।
देखिन्छन् सुख–दुःख क्रोध मद औ * मोहादि मात्सर्य जो
आत्मा भिन्न रहन्छ बुझ्नु गुण यी * भोग्ने यही देह हो।। ५।।
ज्ञानी कश्यप नामका मुनि थिए * पैह्ले कुनै कालमा
उन्ले गाइ हरे सबै वरुणको * उत्साहका साथमा।
माँगे गोधन ती गई वरुणले * तिन्ले दिएनन् जब
ब्रह्माले पनि भन्नुभो तरपनी * गाई दिएनन् तब।। ६।।
तिन्लाई विधिले सराप रिसले * यस्तो दिएथे अनि
जन्मे गोप भई सपत्निक तिमी * जाओ धरामा भनी।
दैवाधीन र कर्मको वश परी * जन्मे तिनै भूमिमा
सोही हुन् वसुदेव देवकि भनी * प्रख्यात् भए लोकमा।। ७।।
पत्नी हुन् वसुदेवकै भनि सबै * भन्छन् तिनी रोहिणी
यस्को छैन प्रमाण शास्त्रहरुमा * पाइन्न खोजे पनि।
अर्को एक कथा छ यै विषयको * भन्छू म हे भूपति !
गर्दै थिन् तप धेर ती अदितिले * आनन्द मान्दै अति।। ८।।
तिन्को पुत्र भयो प्रभाव तपको * ठूलै हुनाले गरी
उस्ले कर्म गरेर उत्तम भयो * श्री इन्द्र सोही घरि।
तिन्को श्रेष्ठ प्रतापले दिन–दिनै * ऐश्वर्य बढ्दै गयो
त्यो देख्दा दितिको दुखी हृदयमा * झन् ताप बढ्दो भयो।। ९।।
पाऊँ पुत्र म इन्द्रदेखि बलियो * भन्दै तपस्या गरिन्
आएथ्यो शिशु गर्भमा जब दिती * झन् हर्षमा गाडिइन्।
तेजस्वी सुत हो भनी सुरपती * साह्रै डराए जब
सेवा गर्छु भनी पुगे दितिकहाँ * ईर्ष्या बढाई तब।। १०।।

तिन्को गर्भ विनाश पार्न छलले * गर्दै थिए चाकरी
तिन्को चाकरिले दिती पनि खुशी * मान्दी भइन् बेसरी।
पाई छिद्र पसे तिनी उदरमा * साध्वी दितीको जब
हाने वज्र र गर्भको हुन गयो * त्यो सात टुक्रा तब॥११॥
टुक्रा सात हुँदा पनी सुत सबै * जीवित् रहेथे अनि
'मा: रोदी' भनि ती शिशूकन भने * तिन्ले दयालू बनी।
सातोटा टुकुरा पनी खुरु–खुरू * काटे जसै वज्रले
पारेथे जब सात–सात टुकुरा * एकेकको इन्द्रले॥१२॥
ती उञ्चास भए तथापि नमरी * जीवित् रहेथे जब
दाजू हुँ नगरे कदापि कुभलो * वाचा बँधाए तब।
आफ्ना भाइ सबै लिएर सँगमा * बाहीर निस्के अनि
यस्तो कारणले सबै हुन गए * उञ्चास वायू तिनी॥१३॥
द्यौताको अनि इन्द्रको अदितिले * सारा बुझिन् त्यो छल
लागिन् भन्न रिसाइ ती तिमिहरू * पापी रहेछौ खल।
चाँडै भ्रष्ट हुनेछ इन्द्र–पद यो * होवैन नित्य स्थिर
लेओ जन्म गएर भूमिबिचमा * बर्ता हुँदा दुच्छर॥१४॥
कारागारविषे हुँदा सुतहरू * ती जन्मिनेछन् जति
मर्नेछन् तर, ती तुरुन्त उहिँ नै * होवैन राम्रो गति।
जन्मिन् देवकि ती उनै अदितिको * त्यो श्रापकै कारण
भोग्नैपर्दछ कर्मको फल जती * भन्छन् सबै सज्जन॥१५॥

नर—नारायणको जन्म र तपस्या— (२)

भन्थे व्यास कथा पुराणहरुका * सुन्थे ति जन्मेजय
बोले—गर्नुहवस् निवारण मुने ! * मेरो छ जुन् संशय।

भीष्म, द्रोण र कर्णको वध भयो * जुन् त्यो कुरू क्षेत्रमा
मेरा पूर्वजले गरे छल ठुलो * संग्राम त्यो जित्नमा।। १।।
आफैँ आदि र मध्य अन्त्य नहुने * सम्पूर्णका ईश्वर
जो छन् निर्गुण वा हुने सगुण ती * श्रीकृष्ण, दामोदर।
तिन्को नै छलमा परी सब मरे * बन्धू, सखा, यादव
पारे ध्वस्त समस्त वंश छलले * छप्पन्न केटी सब।। २।।
थाप्नूभो बलिबाट दान सहजै * आफैँ बनी वामन
देख्दामा सब मान्नुपर्छ छल नै * गर्छन् सदा सज्जन।
यो संसारभरी छ द्रोह र कपट् * पाखण्ड पापादि जो
त्यस्ले दान र तीर्थ, यज्ञ, व्रत क्यै * गर्नू पनी व्यर्थ हो।। ३।।
भन्नूभो पहिले बुझाइ जति जे * चर्चा र राम्रा कथा
त्यस्ले शान्ति मिलेन झन् मन भयो * उद्विग्न बढ्दै व्यथा।
हे सर्वज्ञ मुने ! बुझाउनुहवस् * विस्तारले यो सब
इच्छा भूपतिको बुझेर मुनिले * भन्दा भएथे तब।। ४।।
यो संसार भयो तयार सहजै * यौटा अहम् भावले
सोही कारण दम्भ, द्वेष, मद झन् * बढ्दो छ रागादिले।
आशा राखि गरिन्छ तीर्थ व्रत जो * हुन्छन् सबै निष्फल
इच्छा त्यागि गरिन्छ कर्म जति जे * भेटिन्छ त्यस्को फल।। ५।।
सम्झेँ एक प्रसङ्ग यै विषयको * भन्छू म त्यो लौ सुन
बुझ्छौ कर्म र वासना रहितको * एकेक ती कारण।
यस्मा दुःख दिने छ हेतु बुझिल्यौ * सोही अहङ्कार हो
इच्छा त्यागि सुकर्म शुद्ध मनमा * आउन्न यो दोष हो।। ६।।
जन्मे मानस पुत्र धर्म नृपते ! * जो एक ब्रह्माजिका
ज्ञानी विप्र थिए ति पूर्व–जुनिमा * क्वै सत्यवान् नामका।

उन्लाई दुहिता दिए दश जना * श्री दक्षले सादर
नर्–नारायण कृष्ण, श्री हरि भए * ती चार छोरा, तर।। ७।।
यो संसार त्यजी ति कृष्ण र हरी * लागीगए योगमा
नर्–नारायण ती कठोर तपमा * बस्ता भए बद्रिमा।
धेरै वर्ष गरे मिलेर तप त्यो * ज्ञानी दुवैले जब
थाल्यो हल्लन स्वर्ग, इन्द्र मनमा * निक्कै डराए तब।। ८।।

बद्री पुगीकन भने दुइका अगाडि
लेओ म दिन्छु खुशिले, वरदान माँगी।
गर्नू वृथा छ तप यो भनि जो बुझाए
बोल्दै नबोलि दुइ ती तपमै रमाए ।। ९।।

धेरै प्रयत्न त गरे तप रोक्नलाई
लागे विचार्न अनि फिर्न निकै रिसाई।
जानेछ स्वर्गपुरिको सुख–भोग पैहले
यिन्को गरीनँ तप भङ्ग भने अहीले ।। १०।।

तत्काल फर्किकन स्वर्ग पुगे रमाई
डाके तुरुन्त ऋतुराज वसन्तलाई।
सेना लिएर सँगमा तिमि शीघ्र जाऊ
सौन्दर्य त्यो बदरिकाश्रममा सजाऊ ।। ११।।

नर्–नारायण गर्दछन् तप त्यहाँ * एकाग्र पारी मन
त्यो ठूलो तप भङ्ग पार तिमिले * आफू स्वयम् गैकन।
जाला नत्र त स्वर्गको सुख छिटै * छन् खोस्न ती तत्पर
सारा देव र स्वर्गको सुख–सितै * मेरो सुरक्षा गर।। १२।।

देवेन्द्रका हुकुमले ऋतुराज ताहाँ
आए समाज–सहितै रति–साथमाहाँ।

पारीलिए र पहिले वनको तयारी
फक्रे वसन्त ऋतुका फुल ठाँट पारी ।। १३ ।।
झिलिमिलि भइ त्यो वसन्त–राज
निज छविले सबमा बढाइ साज ।
जब त्यसरि भए विराजमान
सब जनका मनमा बढाइ काम ।। १४ ।।
अतिशय सजिएर अप्सराले
गइ नगिचै सब नै ति नाच्न थाले ।
मन हरने वनमा सुनेर गान
दुइ तपसि उठे त्यजेर ध्यान ।। १५ ।।
वरिपरि वनले छ घेरिएको
रुख–रुखमा छ लतादि बेह्रिएको ।
कुहु, कुहु गरि कोइली कराई
मन खिचने जनको बिहै तुल्याई ।। १६ ।।
सबतिर चकवा–चकेवि हंस
घरि–घरिको रटना मिठो सुनिन्छ ।
फुलहरु फुलि मन्द–मन्द वास
रुख–रुखमा छ चराचुरुङ्गि–वास ।। १७ ।।
कहिँ कहिँ छहरा सफा खसेका
रुख–रुखमा पुतली मिली बसेका ।
रस लिन चतुरा अती भएका
वरि–परि छन् भ्रमरा डुलीरहेका ।। १८ ।।
थरि–थरि कपड़ाहरू लगाए
झलिमिलि भै परिहेरु सामु आए ।

वरिपरि ऋतुराजको सजाई
मन हरने अति, देखिँदा सुहाई ।। १९।।
रति सँग लिइ काम सामु आए
जनहरुले मृदु तान गान गाए ।
मन–मनमा दुइले अचम्म माने
सुरपतिको छल हो भनेर जाने ।। २०।।
नारायण्–नरले उसै बखतमा * आफ्नू ठुलो योगले
राम्रा रूपवती बढ़ी सकलमा * निर्मित् गरे शक्तिले ।
हज्जारौँ युवती उ उर्वशि–सहित् * देखा परेथे त्यहाँ
बस्ने ती तपसी प्रसन्न मनले * सम्पूर्णका बीच्महाँ।। २१ ।।
देखे तयारि जब दिव्य अनेक नारी
आश्चर्य भो रतिपतीकन खूब भारी ।
देखेर, त्यो दुइ तपी अति हर्ष मानी
बोल्दा भए अति मिठो गरि जानि–जानी ।। २२।।
के गर्न आयौ तिमिहेरु याहाँ ?
फर्केर जाओ सब स्वर्गमाहाँ ।
यस्तो सुनी ती सब अप्सराले
हाँसी नगीचै पुगि भन्न थाले ।। २३।।
माया–निर्मित सुन्दरीगण सबै * जाऊनू छिटै स्वर्गमा
सेवा नित्य गरी हजूर दुइको * बस्छौँ यही स्थानमा ।
आशा भङ्ग नगर्नु हामि सबको * त्यो स्वर्ग छाडे पनि
आयौँ स्वामि हजूरलाइ गरुँला * आनन्द मान्दै भनी।। २४।।
हे नाथ् ! गरौँ सयल यो वनको भनेर
आयौँ सुसज्जित्त भई छरिता बनेर ।

देखी तपस्विकन मोह परीरहेछौँ
कन्दर्पको सुरसमा परिपूर्ण नै छौँ ॥ २५॥
हामी सबै युवति छौँ विषयाभिलाषी
हुन्छौँ सदैव रति कामविषे पियासी ।
छन् मेनका बहिनि उत्तम यी घृताची
यिन्को सुवर्ण सरि वर्ण, विशाल अक्षी ॥ २६॥
उच्चा दुवै स्तन नढल्कि तिखा रहेका
यी ओष्ठ–पल्लव सदा रसिला भिजेका ।
यी मोह भैकन नगीच बसीरहीछन्
कन्दर्पको विषयमा चतुरी निकै छन् ॥ २७॥
अग्ला कठोर कुच मर्दन गर्नुहोला
स्वादिष्ट लाल अधराऽमृत चाख्नुहोला ।
यस्का सरी सुख अरू कहिँ केहि छैन
आनन्ददायक अरू चिज पाइँदैन ॥ २८॥
यो पारिजात फुलको छ विशिष्ट माला
ती देवता सकलका प्रिय–पात्र बाला ।
गर्छू समर्पण भनी यहिँ ल्याइरैछु
स्वीकार होस् सुख गरौँ, म तयार नै छु ॥ २९॥
राम्रो विमान–बिचमा सँगमै बसेर
सानन्द मेरु गिरिमा खुशिले घुमेर ।
गर्नूहवस् सयल यी सब देवताले
पाई नसक्नु छ त्यसै पनि भव्यताले ॥ ३०॥
बैह्नी तिलोत्तमि कमी नभएकि केही
हाँक्छिन् यि चामर उभेर सहर्ष येहीँ ।

यै चित्त पर्दछ भने छ स्वयम् तयारी
भोग्नूहवस् विषय–सौख्य सदैव भारी ।। ३१ ।।
तिन्का सिपालु रस–युक्त कुरा सुनेर
आश्चर्य भै मनमनै सहसा गुनेर ।
बोले–भन्यौ असल, सुन्दरि हो ! मलाई
हो सत्य नै, विषय–भोग ठुलो गराई ।। ३२ ।।
लाग्दैन स्वाद विषयादि फिका गराएँ
तृप्ती छ यो विषयबाट पुरा अघाएँ ।
हामी दुवै तप गरेर यहाँ बसेका
सारा शरीर भइ दुर्बल छौं सुकेका ।। ३३ ।।
हामीहरू पति गरीकन सौख्य के छ ?
हाम्रो त चित्त तपभित्र रमी–रहेछ ।
छौ पूर्ण यौवनवती तिमि सुन्दरी ता
शृङ्गारिएर रतिमा अति लोभिएका ।। ३४ ।।
फुस्रा खरानि घसि अङ्ग सबै फुटेका
संसारका सुख र भोग सबै जितेका ।
यस्ता कुरूपसित भोग–विलास गर्दा
के मिल्छ सौख्य भन शीघ्र नखोलि पर्दा ।। ३५ ।।
साक्षात् शरद्शशि सरी सब छौ उज्याला
झुल्ने गलाबिच सफा मणि–रत्न माला ।
शोभा गराइ स्तन–मण्डलमा झुलेका
एकेक अङ्ग बनि सुन्दर छन् मिलेका ।। ३६ ।।
स्वादिष्ट ओष्ठ–रस चाख्न नभै सिपालु
छैनौँ चतुर् रतिविषे बरु छौँ दयालु ।

यो जानि हामि दुइमा मनले नताके
आशा बडी छ बलवान् मन–भित्र साँचे ।। ३७।।
त्रेतान्त द्वापर–विषे अवतार धारी
श्रीकृष्ण नाम निज, लोकभरी फिजारी ।
भोगी बनेर रहुँला तिमिहेरु जाई
जन्मी उहीँ भजिलिए सबले मलाई ।। ३८।।

प्रह्लाद र नर–नारायण संग्राम– (३)

यो आख्यान सुनी निकै चकित भै * ती भूप जन्मेजय
केही बेर गरे विचार सहसा * यौटा भयो संशय ।
सोधेथे मुनि व्यासलाइ नृपले * शङ्का बुझाईकन
मन्मा एक भयो मलाइ अहिले * भन्नोस् सबै कारण।। १ ।।
ती प्रह्लाद समस्त भक्त जनमा * हुन् श्रेष्ठ श्री विष्णुको
तिन्का साथ पऱ्यो लडाइँ कसरी * आश्चर्य मान्छू म यो ।
जो हो कारण त्यो म सुन्दछु मुने! * विस्तारले त्यो अब
ती प्रह्लाद पुगे कसोगरि त्यहाँ * लड्दा भएथे कब।। २ ।।
यस्ता प्रश्न सुनेर विज्ञ नृपको * श्री व्यासजीले जब
थाले भन्न बुझाइ त्यो सब कुरा * संक्षेपमा नै तब ।
मारेथे जब त्यो हिरण्यकशिपू * योद्धा स्वयम् विष्णुले
पाए राज्य समस्त त्यै समयमा * ज्ञानी ति प्रह्लादले।। ३ ।।
लागे बस्न चलाइ राज्य सुखले * पातालमा गैकन
गर्थे ध्यान सधैँ प्रसन्न मनले * श्री विष्णुको दिन्–दिन।
केही काल बित्यो मुनी च्यवनजी * रेवा नदीमा गए
गर्छू स्नान भनेर स्वच्छ जलमा * सानन्द पस्ता भए।। ४ ।।

आई नाग कुनै दुवै चरणमा * पक्रेर तान्यो जब
केही ज्ञान भएन ती च्यवनजी * पाताल पौँचे तब ।
लागे डुल्न यता–उता मुनि उहीँ * हेर्दै र कोही दिन
भेटी साथ लगी गरे महलमा * प्रह्लादले पूजन ।। ५ ।।
पाल्नूभो कसरी यहाँ किन भनी ? * सोधीलिएथे जब
आएँ तीर्थ डुली अनेक म भनी * उन्ले बताए सब ।
ती प्रह्लाद भई प्रसन्न मनमा * बिन्ती गरे हे मुनि !
कुन् हो उत्तम तीर्थ यो पृथिविमा * भन्नोस् दयालू बनी ।। ६ ।।
तिन्को प्रश्न सुनेर ती च्यवनले * हाँसेर भन्नूभयो
आफ्नू चित्त सदैव स्वच्छ छ भने * कूआ पनी तीर्थ हो ।
व्यर्थै ठान्दछु तीर्थ जानु, मनमा * कालो छ जुन् व्यक्तिको
जैह्लेसम्म हुँदैन स्वच्छ मन त्यो * सन्तापमा गाडियो ।। ७ ।।
जस्ले सक्छ सपार्न तीर्थ–व्रतले * दुर्भावना चित्तको
त्यस्लाई सुख मिल्छ आफ्नु घरमै * के काम तीर्थादिको ।
सोही कारण स्वच्छ चित्त धमिलो * पार्दै नपार्नू भनी
भन्छन् शास्त्र–पुराण धर्म–मतले * ज्ञानी तपी औ मुनि ।। ८ ।।
भन्छू तैपनि तीर्थको म महिमा * आनन्द मानी सुन
सुन्दैमा पनि चित्त निर्मल हुने * यस्को छ ठूलो गुण ।
पैह्लो तीर्थ प्रधान उत्तम पनि * त्यो नैमिषारण्य हो
काशी पुष्कर औ प्रयाग छ गया * ठूलो कुरुक्षेत्र त्यो ।। ९ ।।
पुण्य–क्षेत्र प्रधान श्रेष्ठ गिरिमा * बद्री र केदार छन्
जाऊ डुल्न अनेक पृथ्विभरिमा * धेरै थरी तीर्थ छन् ।
सुन्दामा अति श्रेष्ठ तीर्थ–महिमा * भक्ती बढी चित्तमा
जान्छू लौ म पनी भनी हिडिगए * सेना लिई साथमा ।। १० ।।

काशी नैमिष औ प्रयाग मथुरा * डुल्दै गए पुष्कर
सारा तीर्थ सँगै घुमे अरु पनी * ती देश–देशान्तर ।
डुल्दै यै क्रमले ससैनिक पुगे * केदार बद्री जब
अग्लो एक पहाडका उपरमा * दोटा तपस्वी तब ।। ११ ।।
देखे शार्ङ्गधनू छ एक कुटिमा * विख्यात श्री विष्णुको
ठोक्रो अक्षय–वाण छन् थरि–थरी * थुप्रो छ शस्त्रास्त्रको ।
भाला औ तरबार खड्ग छ ठुलो * शक्ती तथा तोमर
मौकामा रणमा प्रयोग गरिने * छन् शस्त्र ती दुस्तर ।। १२ ।।
त्यस्ता ती तपसीकहाँ जब पुगे * ढोगीदिए सादर
पाए आशिषका सँगै नगिचमा * बस्ने ठुलो आदर ।
देखेथे जब शस्त्र–अस्त्र कुटिमा * आश्चर्य लाग्यो अनि
लागे सोध्न तिनी मलाइ मनमा * शङ्का पर्‍यो लौ भनी ।। १३ ।।
यो बद्री वनमा कठोर तपमा * तल्लीन देख्छू, तर
हेर्छू छक्क परेर यो विषयमा * प्रत्यक्ष आडम्बर ।
देख्दै छू अहिले र देखिन अघी * प्रत्यक्ष उल्टो स्थिति
राखी अस्त्रहरू समस्त रहँदा * को भन्छ हुन् यी तपी ।। १४ ।।
बस्ने शान्त–स्वरूप लीन तपमा * ठूला महात्माकन
ईर्ष्या, द्वेष र गर्व हुन्न, तर यो * उल्टो भएको किन?
यो राम्रो मृगचर्म वल्कल जटा * यस्तो तपस्या कहाँ !
देख्छू अस्त्रहरू अनेक कुटिमा * यी युद्ध गर्ने यहाँ ।। १५ ।।
उल्टो देख्छु यहाँ म आचरण यो * हो धर्म मास्ने मति
आयो यो कलिकाल सत्ययुगमा * लाग्यो ननीको अति ।
तिन्का बात सुनेर शीघ्र नरले * प्रह्लादलाई भने
पूरा ज्ञान छ हामिलाइ तपले * राम्रो नराम्रो हुने ।। १६ ।।

गर्छन् जे पनि भेट्तछन् जुन धरी * शक्ती हुने व्यक्तिले
सक्तैनौ बुझ विघ्न पार्न तपमा * वा युद्धमा युक्तिले।
जान्दैनौ तिमि ब्रह्मतेज छ ठुलो * बोल्छौ वृथामा किन?
जाऊ लौ घरमा गरे उहिँ बसी * पातालमा शासन।। १७।।
श्रीनारायणका तिखा वचनले * प्रह्लाद क्रोधित् भए
छाडी व्यर्थ विवादका सब कुरा * ती युद्धमा तम्सिए।
थाले गर्न प्रहार शस्त्र जब ती * योद्धा दुवैले त्यहाँ
ठूलै युद्ध भयो बसी सुरहरू * हेर्थे ति आकाशमा।। १८।।
गर्थे शस्त्र प्रहार जो समरमा, * प्रह्लाद त्यो काट्दथे
उन्का ती शरजाल वीर दुइले * टुक्रा गरी फाल्दथे।
लड्दा एक हजार वर्ष बितिगो * हारेन कोही पनि
त्यै वेला सहसा पुगे समरमा * श्री विष्णु रोक्छू भनी।। १९।।
रोकी युद्ध छिटै परे चरणमा * प्रह्लाद श्री विष्णुको
जोरी हात दुवै गरे स्तुति अनि * श्री विष्णु बोल्नूभयो।
सक्तैनौ तिमि जित्न यो समरमा * मेरै यि हुन् अंश र
त्यागी युद्ध छिटै प्रसन्न मनले * फर्केर जाऊ घर।। २०।।
यो आज्ञा प्रभुको सुनेर खुशिले * प्रह्लाद फिर्दा भए
फेरी ती दुइ वीर घोर तपमा * आनन्दले गाडिए।
जस्ले सुन्दछ वा सुनाउँछ सबै * आख्यान यो भक्तिले
भोगी भोग यहाँ, गएपछि उहाँ * बस्नेछ आनन्दले।। २१।।

भृगुको श्राप– (४)

यो आख्यान सुनेर छक्क परि ती * भूपाल जन्मेजय
केही बेर गरेर सोच मनमा * बोले भई संशय।

ठूलो युद्ध ति देव–दैत्य दुइको * क्यै काल चल्दो भयो
धेरै दैत्य मरे त्यही समरमा * चौतर्फ हाहा पऱ्यो।। ७।।
आफैँ रक्षक–रूपमा उभिदिए * श्री विष्णु संग्राममा
हारी दानव ती पुगे सब रुँदै * श्री शुक्रको सामुमा।
लागे भन्न–गुरो ! सहायक नभै * मर्ने भयौँ व्यर्थमा
केही गर्नुपऱ्यो उपाय नभए * मर्छौं सबै युद्धमा।। ८।।
बोले शुक्र–स्वयम् उपस्थित भई * आए प्रभू नै जब
सक्तैनौ बुझिलेउ जित्न रणमा * जुक्ती छ यौटा अब।
ऐह्ले मेल–मिलाप राख सबले * लुम्रे र झुम्रे बनी
भित्री भाव लुकाउँदै कपटको * मौका विचार्नू अनि।। ९।।
ऐह्ले जान्छु म, गर्दछू शिवजिको * गाह्रो तपस्या पनि
विद्या प्राप्त गरेर आउँछु यहीँ * त्यो ज्ञान सञ्जीवनी।
जैह्लेसम्म मिली ठुलो सफलता * फर्कन्नँ हे दैत्य हो !
तैह्लेसम्म मिलेर बस्नु सबले * सल्लाह मेरो छ यो।।१०।।
यो सल्लाह दिएर शुक्र खुशिले * कैलासमा पौँचिए
धेरै कष्ट खपी कठोर तपमा * तत्काल ती हौसिए।
द्यौताले जब त्यो सुने तप ठुलो * थाले भनी शुक्रले
थाले मार्न अनेक दानव भनी * धोका दिए दुष्टले।।११।।
शक्ति–क्षीण भई सबै असुरको * राजा बलीको पनि
पौँचे ती भृगुपत्निको शरणमा * पाऊँ सुरक्षा भनी।
सारा देव मिली त्यहाँ पनि पुगे * मार्दै लखेट्‌तै जब
निद्रा सृष्टि गरिन् र लट्ठिन गए * जो–जो गएथे सब।।१२।।
देखी त्यो स्थिति इन्द्रलाइ प्रभुले * रक्षा म गर्छू भनी
एकान्त स्थलमा पुऱ्याउनुभयो * चाँडो दयालू बनी।

त्यो देखी भृगुपत्निले पनि रचिन् * माया बलीयो जब
क्रोधित् विष्णु हुनूभयो छल बुझी * तिन्ले गरेको सब।। १३।।
काट्नूभो भृगु–पत्निको शिर उहीँ * हानी ठुलो चक्रले
माया जुन् छलको थियो सब गयो * श्री विष्णुको शक्तिले।
नाचे देवहरू प्रसन्न मनले * वर्षा भयो पुष्पको
पत्नीको अपमृत्युले भृगुजीको * क्रोधाग्नि झन् दन्कियो।।१४।।
गर्जे शुक्र तुरुन्त श्राप बलियो * दिन्छू म जो त्यो सुन
धेरै नै अवतार भूमितलमा * गर्नूपरोस् धारण।
यस्तो श्राप दिएर उग्र तपको * आफ्नू ठुलो शक्तिले
पत्नीलाइ दिए र जीवन, बसे * श्री शुक्र आनन्दले।।१५।।

जयन्तीको आख्यान – (५)

हे राजन्! सुरराज चिन्तित भई * डाके जयन्तीकन
लागे भन्न बुझाइ बात हितको * निक्कै दुखाई मन।
हे पुत्री ! तिमि हामि हेरु सबको * कल्याणका खातिर
जाऊ छल्न महर्षि शुक्रकन लौ * गर्नू ठुलो आदर।। १।।
आज्ञा पाइ पिताजिको खुशि हुँदै * बाठी जयन्ती गइन्
गर्थे शुक्र बसी ठुलो तप जहाँ * ताहीँ उपस्थित् भइन्।
भित्री भाव लुकाइ उग्र छलले * थालिन् जसै चाकरी
तिन्को मद्दतले गरे तप बसी * श्री शुक्रले बेसरी।। २।।
उन्को त्यो तपले खुशी हुनुभई * आए स्वयम् शङ्कर
भन्नूभो तिमि माँग शुक्र ! मनमा * इच्छा भएको वर।
मेरो नै वशमा सबै चिज रहून् * माँग्दा भए शुक्रले
भन्नूभो खुशिले 'तथास्तु' शिवले, * फर्के ति आनन्दले।। ३।।

पाई त्यो वर शुक्रजी खुशि भई * भन्छन् जयन्तीसित
जे इच्छा मनमा छ माँग खुशिले * दिन्छू चिताई हित।
तिम्रो चाकरिले खुशी हुन गएँ * साध्वी ! भनेथे जब
पाऊँ भोग्न अनेक वर्ष प्रभुको * साथै बसी वैभव।। ४।।
तिन्को बिन्ति सुनी कठोर तपको * शक्ती हुनाले गरी
एकान्त स्थलमा बसी थरि–थरी * शोभा फिँजी राम्ररी।
भोगे भोग त्यहीँ अलौकिक सबै * जुन् भोग हुन् ती सब
भुल्दा शुक्र जयन्तिमा परिगए * आपत्तिमा दानव।। ५।।
त्यै वेला छलले बृहस्पति पुगे * ती शुक्रकै रूपमा
धेरै हानि गरे ति दैत्यहरुको * राखेर विश्वासमा।
फर्के शुक्र जयन्तिको जब पुग्यो * इच्छा गरेको जति
रक्षा गर्न फिरे सबै असुरको * आनन्द मान्दै अति।। ६।।
जानेथे जब ती बृहस्पतिजिले * श्री शुक्र फर्के भनी
सम्झाए बलिलाइ बात छलको * जान्दै नजान्ने बनी।
मेरै रूप धरी बृहस्पति यतै * आईरहेछन् अब
यिन्लाई सबले धपाउ छलले * मार्छन् सबै दानव।। ७।।
सुन्दामा गुरुको कुरा बलि परे * भ्रम्मा नराम्रो गरी
फर्काए सबले छली भनि छिटै * शेखी लिई बेसरी।
सम्झाए यिनि हुन् बृहस्पति छली * छल्छन् अवश्यै भनी
मानेनन् बलिले, मरून् सब भनी * फर्की गएथे उनी।। ८।।
द्यौताका गुरुले भएँ सफल लौ * यस्तो सुनाए जब
थाले मार्न रिसाइ देवगणले * मर्दै गए दानव।
हामीलाइ छले ति देवगुरुले * यस्तो बुझेथे अनि
माफी माँग्न पुगे बली गुरुकहाँ * जानीनँ मैले भनी।। ९।।

मेरो नै भरमा सबै असुर छन् * भन्ने गरी चिन्तन
बोले शुक्र खुशी भई अब बली ! * मैले भनेको सुन।
मौका छैन लुकून् विरोध नगरी * एकेक ती दानव
रक्षा गर्न समर्थ हुन्छु म स्वयम् * जाला विपत्ती जब॥१०॥
त्यो आज्ञा बलिले सुनेर गुरुको * मञ्जूर गर्दा भए
त्यै बेला गदहास्वरूप् हुन गई * पर्खीरहेका थिए।
खोजेथे बलिलाइ स्वर्गपतिले * चारै दिशा गैकन
ब्रह्मालाइ पनी सुध्याउन पुगे * सोही कुरा क्वै दिन॥११॥
ती राजा बलि छन् कहाँ कहनुहोस् * भेट्छू भनेथे जब
ब्रह्माले अनि भन्नुभो मुसु–मुसू * हाँसेर हे वासव !
जाऊ क्वै वनमा कुनै पशु ठुलो * देख्यौ चरेको भने
तिन्लाई बलि हुन् भनी चिनिलिनू * सत्कीर्ति ठूलो हुने॥१२॥
फर्के इन्द्र सुनेर बात विधिको * आनन्द मानीकन
जाँदा जङ्गलमा मिल्यो सफलता * उन्लाइ भेट्टाउन।
ठूलो गर्दभ–रूप देखि बलिको * त्यो कष्ट औ दुर्गति
सोधेथे कसरी गयो यश ठुलो * त्यो राज्य वा सम्पति॥१३॥
चर्दै छौ तिमि यो बनेर गदहा * राजा बली के गरी ?
मान्दै छौ सुख–दुःख यो स्थितिमहाँ * सन्ताप खप्नू परी।
पर्दो हो तिमिलाइ चोट दिनहूँ * यो रूपमा हे बली !
सम्झन्छौ अघिको प्रताप धनको * झन् भोग त्यो झल्झली॥१४॥
तिम्रो राजस छत्र चामर ध्वजा * केही कतै देख्दिनँ
आफ्नू दुःस्थितिमा कुनै सुख तथा * या दुःख मान्छौ भन?
ती राजा बलिले सुने जब कुरा * बाङ्गा सबै इन्द्रको
गर्छौ व्यर्थ कुरा बढी किन तिमी * घोचेर आक्षेपको॥१५॥

मैले पुण्य ठुलो भई थरि–थरी * भेगेँ मिलेको सुख
भोग्दै छू गदहा भई म अहिले * दुष्कर्मले नै दुख।
त्यो वेला जति जे थिए सुखहरू * आनन्द मान्याँ जति
त्यस्तै यो गदहा भए पनी सुखै * मान्छू म हे सद्मति!॥१६॥
राम्रो रूप हुने, कुरूप छ भने * ठूलो धनी, निर्धन
निर्धो वा बलवान, मूर्ख कि गुणी * सत्पात्र वा दुर्जन।
बाँच्तैनन् सब मर्दछन् जनहरू * सिद्धिन्छ आयू सुन
दुःखी हुन्छु अनित्यता पृथिविको * जानेर व्यर्थै किन?॥१७॥
नित्यै जन्म र मृत्यु रात्रि दिन झैँ * घुम्दो छ यो लोकमा
जस्ले त्यो सुख–दुःख मान्दछ उही * हो मूर्ख संसारमा।
गर्दै छौ अभिमान आज स्थिर छिन् * ती राज्यलक्ष्मी भनी
बस्तीनन् कहिल्यै कहीँ स्थिर भई * घुम्दै रहन्छिन् उनी॥१८॥
तिम्रो पास गइन् मलाइ जसरी * त्यागेर ऐह्ले तिनी
त्याग्नेछिन् तिमिलाइ सोहि रितले * बेला पुग्यो लौ भनी।
अर्कालाइ हुँदैन भन्नु यसरी * घोच्ने कुरा व्यर्थमा
गर्थे वाद–विवाद इन्द्र र बली * बिझ्ने गरी चित्तमा॥१९॥
आइन् सामु रमा त्यही समयमा * साम्ने दुवैका जब
लागे सोध्न सुरेन्द्र हे बलि! यिनी * को हुन् बताऊ अब।
बोले झट्ट बली सुध्याउ तिमि नै * जान्दीनँ को हुन् यिनी?
सोधेथे सुरराजले शशिमुखी ! * को हौ ? बताऊ भनी॥२०॥
लक्ष्मीले सुरराजको सुनि कुरा * सोचेर बोल्दी भइन्
हे देवेन्द्र ! मलाइ लोक सबले * लक्ष्मी रमा भन्दछन्।
सोधे फेरि सुरेन्द्रले विनयले * न्यूरेर हे सुन्दरी !
त्याग्नूभो बलिलाइ कारण ठुलो * आएर कस्तो परी॥२१॥

बोलिन् बात बुझाइ खूशि मनले * वार्ता सुनी इन्द्रको
मेरो स्थान कहिन्छ सत्य, व्रत वा * सन्नीति सद्धर्म हो।
त्यस्को पालन गर्दथें अघि बली * सम्मानले दिन्–दिन
दिन्थे दान अनेक श्रेष्ठ मखमा * विप्रादिलाई धन।। २२।।
जैह्लेसम्म गरे गुणी सुजनको * सत्पात्रको रक्षण
तैह्लेसम्म बसेँ ठुलो भवनमा * कीर्ति बढाईकन।
थाले मान्न यिनी तिनै भुवनमा * ठूलो छु, त्यै कारण
मेरो नै सबले गरून् बुझि ठुलो * सम्मानले पूजन।। २३।।
निन्दा ब्राह्मणको जसै शुरु गरे * आफै मपाई बनी
मैले त्यागिदिँदा बनेर गदहा * सन्ताप भोग्छन् यिनी।
अर्काको उपकारमा मन दिने * जो छन् गुणी सज्जन
गर्ने उद्यम नै कठोर श्रमले * अल्छी नमान्ने जन।। २४।।
जस्ले उद्यममा प्रशस्त धन नै * यत्नादिले लाउँछन्
तिन्लाई दुख हुन्न सम्पत्ति स्वयम् * त्यस्बाट नै भेट्दछन्।
गर्दैनन् धन खर्च लोभवश भै * सन्तानका खातिर
तिन्लाई सुख हुन्न, पर्दछ छिटै * सङ्कष्टमा आखिर।। २५।।
जो गर्नन् पुरुषार्थ धैर्य–धनले * बुद्धी पुऱ्याईकन
जस्ले गर्छ ठुला पराक्रम स्वयम् * राम्रो बुझी कारण।
मेरो श्रेष्ठ प्रभावले र वरले * बन्ला ठुलो लोकमा
मेरो त्यै प्रिय हुन्छ, बस्छु म सधैँ * त्यस्कै गई गेहमा।। २६।।
लक्ष्मीको सुनि बात इन्द्र सहसा * अत्यन्त खूशी भए
लक्ष्मीलाइ झुकी विनम्र स्वरमा * बिन्ती चढाईलिए।
हे लक्ष्मी ! स्थिर भै सधैँ बसिदिने * बाटो छ कुन् उत्तम ?
शिक्षा प्राप्त गरे, म सोहि पथमा * चल्थेँ गरी संयम।। २७।।

छाड्नूभो बलिलाइ जुन् किसिमले * त्यस्तै मलाई पनि
त्याग्नूहुन्छ कि लौ भनी मनमनै * भीती छ हे मानिनी !
मेरा उत्तम चार पाउहरु छन् * तिन्लाइ राख्नाकन
राम्रो स्थान कुनै दिने मन भए * सोचेर चाँडो भन।। २८।।
बस्नेछू स्थिर भै सधैँ म उहिँ नै * पूरा सुरक्षा गरी
बोलेथे सुरराज नम्र स्वरमा * न्यूरेर पाऊ परी।
जस्ले भार स्वयम् तिनै भुवनको * बोकी रहेछन् यहाँ
पैह्लो पाउ सहर्ष राखिलिनुहोस् * देवी धरित्री यहाँ।। २९।।
जस्ले पार्दछ भस्म वस्तुहरु वा * ती यज्ञको आहुति
अर्को पाउ तिनै हुताशनविषे * राखीलिनोस् हे सती !
द्यौता पितृ मुनी ऋषी र द्विजको * जो गर्दछन् पूजन
तिन्कै काँधमहाँ अड्याउनुहवस् * तेस्रो छ पाऊ जुन।। ३०।।
जो गर्छन् निज धर्म—कर्म व्रतको * सन्तोषले पालन
तिन्कै काँधमहाँ चतुर्थ पद यो * राख्नोस् खुशी भैकन।
बोलिन् लक्ष्मि—हुनेछ पूर्ण मनको * इच्छा, दिएँ यो वर
अल्पिन् त्यै स्थलमा प्रसन्न मनले * लक्ष्मी भइन् सुस्थिर।। ३१।।
लक्ष्मी छन् वशमा भनी सुरपती * अत्यन्त खूशी भए
भित्री भाव सुरेन्द्रको ति बलिले * एकेक जानीलिए।
बोले झट्ट—घमण्ड व्यर्थ अहिले*यस्तो गरेका किन?
त्याग्नेछन् तिमिलाइ जुन् बखतमा * त्यो भन्छु ऐह्ले सुन।। ३२।।
मेरो दुर्गति नष्ट हुन्छ जब यो * फर्कन्छ मन्वन्तर
भोग्नेछू अघि झैँ म स्वर्ग—सुख त्यो * साम्राज्य मानी स्थिर।
मेरो कीर्ति बढी, रमा वश परी * होला समृद्धि स्थिर
यस्मा केहि हुँदैन व्यत्यय तिमी * जे सक्तछौ त्यै गर।। ३३।।

लक्ष्मी प्राप्त हुने सुनिश्चय त्यती * राजा बलीको सुनी
लागेथे सुरराज भन्न रिसले * आगो सरीका बनी।
जैह्ले पश्चिममा हुनन् उदय ती * श्री सूर्य नारायण
लक्ष्मी प्राप्त गरेर स्वर्ग–सुख त्यो * भेट्टाउला त्यै दिन।। ३४।।
बोल्दै छौ किन व्यर्थ गर्दभ बनी * शेखी गरेका किन ?
मेरो के हुन सक्छ हानि यसरी * बोल्दा, तिमी नै भन।
यस्ता बात भनी गए सुरपती * फर्की छिटै स्वर्गमा
धेरै वर्ष रहे बली बनि गधा * भोग्दै त्यही ठाउँमा।। ३५।।

भगवान्का चौबीस अवतारको वर्णन– (६)

लागे भन्न कथा ति व्यास मुनिले * मान्दै खुशी–भूपति !
गर्दै छू अवतार–वर्णन सबै * जाने–बुझेका जति।
पाएथे भृगुबाट श्राप अब त्यै * गर्छू भनी मार्जन
धारे रूप सनत्कुमार ऋषिको * पैह्लो यसै कारण।। १।।
अर्को रूप वराह धारण गरी * पाताल पौँचीकन
दाह्रामा पृथिवी उठाउनुभयो * गर्छू भनी स्थापन।
हो तेस्रो अवतार नारद मुनी * डुल्ने तिनै लोकमा
दिन्छन् ती उपदेश सर्व जनको * कल्याणको निम्तिमा।। २।।
चौथो हो अवतार चाक्षुष मनू * धेरै अघीका थिए
नारायण्–नर धर्मका सुत बनी * संसारमा जन्मिए।
बद्रीमा तप गर्दछन् बसि दुवै * बाँधेर पद्मासन
हो तिन्को अवतार लोक सबको * कल्याण गर्नाकन।। ३।।
पाँचौँ हो अवतार ती कपिलको * ज्ञाता थिए सांख्यको
शिक्षा देवहुती सतीकन दिए * उन्ले तिनै लोकको।

त्यो वेला मनु जुन् थिए पृथिविमा * हो नाम वैवस्वत
छैटौँ हो अवतार अश्विनिकुमार् * गर्ने सबैको हित।। ४।।
ब्रह्मा, विष्णु, महेश पुत्र रुपमा * पाएर ती अत्रिकी
पत्नी खूशि भएर चाकरि गरिन् * ज्ञाता हुँदा भक्तिकी।
ब्रह्मा अंश भएर चन्द्र हरिका * हुन् पुत्र दत्तात्रय
दुर्वासा शिव अंश क्रोध गरि जो * पार्थे तपस्या क्षय।। ५।।
हुन् सातौँ अवतार विज्ञ मनुको * हो नाम स्वायम्भुव
उन्ले उत्तम कार्यले पृथिविमा * कीर्ती बढाए सब।
हो आठौँ अवतार ती ऋषभको * श्री विष्णुकै अंश ती
उन्को पारमहंस आश्रम चल्यो * धेरै कती हो कति।। ६।।
ती राजा पृथु हुन् नवौँ प्रभुजिकै * ती अंशधारी अनि
गो–रूपी पृथिवी दुहीकन मिल्यो * कीर्ती ठुलो हुन् भनी।
डुब्दा भूमि समुद्रमा प्रलयमा * माछा बनेथे हरि
ती सत्यव्रतलाइ तत्त्वहरुको * शिक्षा दिए राम्ररी।। ७।।
द्यौता दैत्य मिलेर त्यो उदधिको * गर्दा भए मन्थन
राख्दा मन्दर पीठमाथि कछुवा– * को रूप धारीकन।
पाए मद्दत शुक्रको अनि बढ्यो * शक्ती निकै दैत्यको
खोसे स्वर्ग समस्त बाहु–बलले * सातो गयो देवको।। ८।।
सारा राज्य गएर स्वर्गपुरिको * द्यौता थिए दु:खित
आफ्नू कष्ट गरे निवेदन गई * न्यूरेर विष्णूसित।
भन्नूभो प्रभुले–मिली सुरहरू * ती दैत्यका साथमा
गर्छू मद्दत सिन्धु मन्थन गरे * बस्नू पछी स्वर्गमा।। ९।।
बाँड्छू दिव्य सुधा स्वयम् पुगि उहीँ * राम्रो कुनै युक्तिले
जित्नू मृत्यु, पिई सुधा तिमिहरू * के गर्दछन् दैत्यले।

भेट्छौ स्वर्ग, लडेर फेरि अघि झैँ * हुन्छौ सुखी निश्चय
यो शिक्षा प्रभुको सुनी सब फिरे * हे नाथ ! भन्दै जय।। १०।।
त्यो वार्ता बलिलाइ दैत्यगणले * सारा सुनाए जब
बस्नू योग्य छ देवतासँग मिली * वैरत्व बिर्सी सब।
यस्तो बात गरी सुरासुर मिली * सानन्द जम्मा भए
गर्नू मन्थन पर्छ यो जलधिको * पक्का इरादा लिए।। ११।।
बोले सूत—बुझाइ शौनक ऋषे ! * फेरी त्यही कालमा
द्यौता दानव मन्दराचल पुगे * सारा मिली साथमा।
इच्छाले सबको अनन्त प्रभुले * पर्वत् उचालीलिए
*गर्नैपर्छ समुद्र मन्थन भनी * तत्काल राख्दा भए।। १२।।*
विष्णू कच्छप—रूपले तल बसे, * डोरी गरे वासुकि
पक्रे पुच्छर देवले, असुरले * मुन्टो समाते कसी।
द्यौता दानवको समान बलले * गर्दै गए मन्थन
ज्वाला अग्नि—समान शेष प्रभुको * लाग्यो निकै निस्कन।। १३।।
तातो धेर बढेर दानव जती * तान्नै नसक्ने भए
आफ्नू शक्ति स्वयम् सुरासुर दुवै—* लाई प्रभूले दिए।
पाएथे जब तेज केहि प्रभुको * बढ्दै गयो झन् बल
सिन्धूका जल—जन्तु पर्वत पनी * गर्दा भए खल्बल।। १४।।
निस्के चन्द्र कठोर मन्थन भई * त्यो सिन्धुदेखिन् जब
लक्ष्मी अमृत दिव्य कौस्तुभ मणी * निस्के क्रमैले सब।
निस्केथे शुभ पारिजात, सुरभी * गाई र धन्वन्तरि
आफ्ना हात—भरी सुधा—घट लिई * देखा परे त्यै घरि।। १५।।
निक्कै बेर गरे कचिङ्गल ठुलो * देखेर त्यो अमृत
पाएथे सुरराजले अति बली * निस्क्यो र ऐरावत।

निस्केथ्यो जब कालकूट विष त्यो * श्री शम्भुलाई दिए
राख्दा त्यो लगि घाँटिमा पशुपती * नै नीलकण्ठै भए।। १६ ।।
लक्ष्मी, अमृत क्यै नपाइ सब ती * क्रोधित् भए दानव
बोकी अमृत, मोहिनी–स्वरुपका * बन्दा भए माधव।
पंक्तीबद्ध भई सुरासुर बसे * लौ खाउँ अमृत् भनी
पाएथे सब देवले, असुरको * भागै हरायो अनि।। १७ ।।
खाएथ्यो छलले बसी सुरसँगै * मीठो सुधा राहुले
त्यो संकेत दिए तुरुन्त प्रभुमा * श्री चन्द्रमा सूर्यले।
घाँटी काटिदिए सुधा उदरमा * पुग्दै नपुग्दा जब
खेद्दै छन् अझसम्म वैर त्यहि हो * भन्छन् अझै यै सब।। १८ ।।
लाग्छन् सूर्य र चन्द्रको ग्रहण जुन् * छाया उनैको परी
यै भन्छन् सबले जनश्रुति पनी * मानिन्छ राम्रो गरी।
लक्ष्मी, अमृत क्यै मिलेन र अझै * ठूलो कचिङ्गल् गरे
दोटै पक्ष लिएर अस्त्र रिसले * लड्नै अगाडी सरे।। १९ ।।
त्यो देवासुर नामको जब चल्यो * संग्राम झन् अद्भुत
धेरै दानव मारिए समरमा * साह्रै नराम्रोसित।
त्यागे रूप तुरुन्त त्यो प्रभुजिले * तीनै भुवन्–मोहिनी
थाले चक्र चलाइ मार्न रणमा * लौ पार होओ भनी।। २० ।।

छाड्थे दुवै थरि रिसाइ ति तीक्ष्ण अस्त्र
हाने गदा परशु पट्टिश शक्ति शस्त्र।
पाएर मद्दत ठुलो सब देवताले
साना ठुला सकल दानव मार्न थाले ।। २१ ।।
पक्रेर यी असुरलाइ छिटै पछार
पापिष्ठको शिर छिटै नभमा उफार।

यै शब्दको ध्वनि सबैतिर चर्किएथ्यो
भूमीभरी शिर तथा गिँड देखिइन्थ्यो ।। २२।।
गर्थे सुरासुर रिसाइ ति मल्लयुद्ध
खान्थे रमाइकन मासु ति काग गिद्ध ।
त्यो युद्धको कहिँ पनी उपमा सुनिन्न
श्री शेषले पनि भनेर कबै सकिन्न ।। २३।।
धेरै मरे असुर, भो जित देवताको
चर्चा चल्यो सुरविषे र प्रसन्नताको ।
फिर्दा भए रण जिती सुर स्वर्ग फेरि
राखे सुधा–घट लगी नगरेर देरी ।। २४।।

नृसिंहावतार वर्णन– (७)

चौथौँ रूप नृसिंह विष्णु प्रभुले * गर्नूभयो धारण
मारी गर्नुभयो हिरण्यकशिपू * प्रह्लादको रक्षण ।
जन्मेथ्यो पहिले हिरण्यकशिपू * धेरै ठुलो दानव
ठूलो कष्ट सही गऱ्यो तप मिल्यो * शक्ती तथा वैभव।। १।।
ब्रह्माको वरले त्रिलोक–विजयी * बन्दै गयो दानव
ज्ञानी विप्र मुनी सबैकन दियो * संकष्ट धेरै तब ।
आफै इन्द्र बनेर स्वर्गपतिको * खोसीलियो आसन
भागे देवहरू डरी पृथिविमा * देखेर त्यो शासन।। २।।
धेरै वर्ष बित्यो र देवगणले * सम्झेर नारायण
रक्षा गर्नुहवस् भनी स्तुति गरे * पाऊ समाईकन ।
द्यौताको सुनि प्रार्थना खुशि भए * आकाशवाणी भयो
चिन्ता क्यै मनमा नमान, म छिटै * मार्छू, छिटै मर्छ त्यो।। ३।।

काट्थे कष्ट खपी लुकी सुरहरू * एकेक ती दुर्दिन
जन्मेथ्यो सुत एक त्यै कशिपुको * प्रह्लाद जो सज्जन।
उन्लाई उपदेश नारदजिले * कल्याण गर्ने दिए
बाटो उत्तम त्यै समाइ हरिका * प्रह्लाद ज्ञानी भए॥ ४॥
आफ्नू पुत्र भएर वैरिसितको * झन् प्रेम बढ्दै गयो
डाकी त्यो सुतलाइ प्रेमसित नै * यो बात सोधीलियो।
कुन् शिक्षा गुरुबाट नित्य तिमिले * के प्राप्त गर्छौं भन?
बाबूको सुनि प्रश्न कत्ति नडरी * भन्छन् बुझाईकन॥ ५॥
यौटै जान्दछु भक्ति श्रेष्ठ हरिको * केही अरू पढ्दिनँ
यौटै ईश्वर छन् ठुला, म उनकै * गर्छू भजन् दिन्–दिन।
छोराको बुझि भाव, दुष्ट कशिपु * क्रोधित् भयो बेसरी
मेरो शत्रु प्रधान जो छ उसकै * गर्छस् कुरा के गरी ?॥ ६॥
त्यस्को उत्तरमा भने विनयले * न्यूरेर प्रह्लादले
अर्को छैन कुनै ति विष्णु सरिको * मान्न्ये तिनै लोकले।
उन्लाई नभजी पढूँ म अरु के * कस्को गरूँ चिन्तन
लागेको छ ति विष्णुकै चरणमा * राजी छ मेरो मन॥ ७॥
छोरोको सुनि बात शीघ्र कशिपू * गर्ज्यो निकै क्रोधले
थाल्यो भन्न लगेर दुष्टकन यो * कुल्चाउनू हात्तिले।
फाल्नू पर्वत उच्चबाट अथवा * बाँधेर सारा तन
फ्याँक्नू झट्ट लगी ठुलो जलधिमा * मर्नेछ यो दुर्जन॥ ८॥
यो आज्ञा चरले सुनी कशिपुको * गर्दा भए पालन
त्यस्ले केहि नभै सुरक्षित रह्यो * ती भक्तको जीवन।
पाई जीवित पुत्रलाइ रिसले * गर्ज्यो निकै दानव
मै नै मार्छु स्वयम् तँलाइ अहिले * मर्छस् त चाँडै अब॥ ९॥

बाबूका रिसका कुरा सब सुने * सद्भक्तले ती जब
जोरी हात दुवै विनम्र स्वरमा * वार्ता बुझाए तब ।
ब्रह्माण्ड—स्थिति, नाश जो निमिषमा * गर्छन् सदा पालन
ब्रह्मा, शम्भु, फणीन्द्र आदि पदमा * पुग्छन् स्वयं न्यूरन ।। १० ।।
आत्मारूप सबै चराचरविषे * जो व्याप्त छन् ईश्वर
उन्कै गर्छु म ध्यान यो पृथिविमा * अर्को कहाँ को छ र ।
मारून् कोहि मलाइ वा हजुरले * मार्नूभए तापनि
मैले गर्दिनँ क्यै विचार मनमा * देख्ने उनै छन् भनी ।। ११ ।।
त्यस्ता ईश्वरलाइ छाडि म अरू * कस्को गरूँ चिन्तन
छोराको सुनि बात उग्र स्वरले * गर्दो भयो गर्जन ।
गर्दै छस् किन शत्रुको गुण वृथा * उत्साहले वर्णन
अर्को को छ बता मदेखि भवमा * ठूलो बड़ो सज्जन ।। १२ ।।
मेरो नै वशमा छ यो त्रिभुवनै * यी देवता, दानव
गर्दै छन्, तँ भने अनादर वृथा * सुन्दै छु मैले सब ।
यौटै ईश्वर छन् तिनै भुवनमा * भन्छस् स्वयम् नै, तर
ऐह्ले त्यो छ कहाँ ? कतातिर बता, * हेर्छू म त्यो ईश्वर ।। १३ ।।
यस्ता बात भनेर खड्ग करमा * पक्रेर गर्ज्यो जब
सम्झेथे अनि भक्तले मनमनै * हे कृष्ण ! हे माधव !
खम्भा, खड्ग तथा स्वयम् हजुरमा * आकाश पातालमा
यौटै ईश्वर व्याप्त छन् बुझिलिनोस् * निर्जीवमा जीवमा ।। १४ ।।
छोराको सुनि बात खम्भतिर नै * हेरीरह्यो दैत्यले
देख्यो रूप नृसिंहको र रिसले * हानीदियो खड्गले ।
आधा बाघ र अर्ध मानिस हुने * त्यो रूप देख्यो जब
हान्यो बेसरि खड्गले बल गरी * गर्ज्यो अनी दानव ।। १५ ।।

निस्के ईश्वर श्रीनृसिंह भगवान् * त्यै खम्भ फोरीकन
राखी काखमहाँ चिरेर नङ्ले * मार्दा मऱ्यो दुर्जन।
ब्रह्माको वरदानले थरि–थरी * अन्याय गर्दा अति
त्यस्को अन्त भयो सबै खुशि भए * त्यो मारिँदा दुर्मति।। १६।।

ब्रह्मा महेश रवि चन्द्र र शेष आई
गर्दा भए स्तुति निकै सबले रमाई।
प्रह्लादलाइ दिइ राज्य र भक्ति दान
अल्पे नृसिंह भगवान् बिजुली–समान ।। १७।।

वामनावतारको वर्णन– (८)

पन्ध्रौं हो अवतार हे नरपते ! * श्री ईशको वामन
त्यस्को सुन्नुहवस् प्रसन्न मनले * विस्तारको वर्णन।
जुन् संग्राम परेर राज्य बलिको * खोस्ता भए इन्द्रले
शुक्राचार्यकहाँ पुगेर बलिले * सेवा गरे भक्तिले।। १।।
ठूलो यज्ञ ति शुक्रले जब गरे– * थे विश्वजित् नामको
अग्नीले वरदानका सँग दिए * जुन् श्रेष्ठ दिव्यास्त्र हो।
त्यस्ले युद्ध गरेर फेरि बलिले * त्यो स्वर्ग फिर्ता लिए
सारा देवहरू लुकी पृथिविमा * सन्ताप भोग्दै थिए।। २।।
लौ गर्छू अब अश्वमेध सय त्यो * श्री इन्द्र बन्छू भनी
तिन्ले यज्ञ गरे उनान्सय अनी * निर्विघ्न पूरा पनि।
आँटे यज्ञ सयौं म गर्दछु भनी * राजा बलीले जब
स्वामीलाइ भनिन् गई अदितिले * रोएर इच्छा सब।। ३।।
खोसी राज्य लिए समस्त बलिले * धौता परे दुःखमा
उन्को कष्ट हटाउनोस् अब छिटै * शक्ती छ यो नाथमा।

तिन्को बिन्ति सुनेर कश्यपजिले * आज्ञा दिए हे सती !
भक्तीले प्रभुको गरे व्रत अनी * पुग्ला भनेको जति।। ४।।
आज्ञाले पतिको तुरुन्त अदिती * आनन्द मान्दै गइन्
फाल्गुन् शुक्ल भयो र श्रेष्ठ व्रत त्यो * सारा विधान्ले गरिन् ।
पूजा औ व्रतले खुशी हुन गई * आएर नारायण
आज्ञा भो वरदान माँग अदिती ! * तत्काल दिन्छू सुन।। ५।।
यो आज्ञा प्रभुको सुनी सफलता * पाएर खूशी भइन्
पाऊन् राज्य ति इन्द्रले अब छिटै * आफ्नू इरादा भनिन् ।
उन्को त्यो सुनि प्रार्थना प्रभुजिले * भन्नूभयो हे सती !
छल्नेछू बलिलाइ; भक्त बलियो * मेरो छ प्यारो अति।। ६।।
फेरी बिन्ति गरिन् छिटै अदितिले * पाऊ परी त्यै घरि
मेरै पुत्र बनेर एक लिनुहोस् * औतार चाँडो हरि !
तिन्लाई प्रभुले स्वयम् वर दिए * इच्छा पुऱ्याईकन
मौकामा अवतार धारण गरी * पन्ध्राँ बने वामन।। ७।।
आठौँ वर्ष शुरू भयो र प्रभुको * आएर ब्रह्माजिले
गर्नूभो व्रतबन्ध आदि क्रमले * संस्कार वेदादिले ।
पक्री दण्ड, कमण्डलू र मृगको * छाला भिरी उत्तम
पाल्नूभो बलिको विशाल गृहमा * केही नमानी गम।। ८।।
देखे वामन–रूप विप्रकन ती * राजा बलीले जब
पाद्यार्घ्यादि समेत पूजन गरी * बिन्ती चढाए तब ।
ब्रह्मन् ! केहि भए विचार मनमा * इच्छा छ क्यै पाउने
मैले गर्छु उपाय शीघ्र प्रभुको * त्यो माँग पूरा हुने।। ९।।
त्यस्तो बिन्ति सुनेर विज्ञ बलिको * बोल्नूभयो वामन
देऊ भूमि मलाइ तीन पद दान् * आनन्द मानीकन ।

इच्छा वामनको बुझेर बलिले * बिन्ती गरे सादर
माँग्नूहोस् धन–धान्य रत्नहरुले * टञ्चै छ सारा घर।।१०।।
आज्ञा वामनले गरे त्यति सुनी * जो–जो भन्यौ दानव
इच्छा छैन मलाइ रत्न धन वा * चाहिन्न क्यै वैभव।
त्यागीलाइ प्रशस्त तीन, पद नै * भूमी हुँदा यो घरि
मैले माग्दिनँ क्यै पनी धनहरू * आशीष ल्यौ बेसरी।।११।।
इच्छा वामनको सुनेर बलिले * फेरी भने सादर
जे इच्छा छ हजूरको म उहि नै * गर्नेछु हे ईश्वर!
देखे वामनको चरित्र र कुरा * सारा सुनी शुक्रले
बोले बात बुझाइ भित्रि मनको * शङ्का गरी युक्तिले।।१२।।
हैनन् वामन यी बुझे बलि! तिमी * हुन् ईश नारायण
तिम्रो राज्य लिएर इन्द्रकन नै * खोज्छन् यि सुम्पीदिन।
पैह्ले भूमि दिने निधो गर, कती * नापेर हेरीकन
देऊ दान अनी म छेक्दिनँ पनी * अर्को कुरा यो सुन।।१३।।
दिन्छू भूमि भनी तुरुन्त पहिले * संकल्प गर्छौ भने
खोस्छन् राज्य बढ़ाइ तीन पद यी * हो युक्ति खोसीलिने।
यो वार्ता गुरुको सुने, सब बुझे * राजा बलीले तर
मानेनन् गुरुका कुरा हित हुने * राजी भए आखिर।।१४।।
मेरो काटिदियो हुकूम् भनि गुरु * क्रोधित् हुनेछन् भनी
पाऊ स्पर्श गरी विनम्र बलिले * बिन्ती चढ़ाए अनि।
मैले दिन्छु भनी सभा–बिच बसी * पैह्ले प्रतिज्ञा गरेँ
ऐह्ले दिन्नँ भनूँ गुरो! म कसरी * ठूलो विपत्‌मा परेँ।।१५।।
सृष्टी पालन नाश जो निमिषमै * गर्छन् र सक्छन् पनि
माँग्दै छन् जब, दान दिन्नँ कसरी * भन्नू झुठो हो भनी।

यस्ता बात सुनीसकेर बलिको * ती शुक्र आचार्यले
लागे भन्न बुझाइ बात हितको * क्यै क्रोधको भावले।।१६।।
गर्ने काम सधैँ विचार नगरी * त्रैलोक्यमा छन् जति
पर्छन् आपदमा तिनै, दुखहरू * भोग्छन् कती हो कति ।
यस्तो अर्ति सुने तथापि गुरुको * मान्दै नमानीकन
पक्रे झारि तुरुन्त गर्दछु भनी * संकल्प भूमी दिन।।१७।।
झारीको टुटिमा पसे छल गरी * श्री शुक्र ज्ञानी जब
घोचे वामनले लिएर कुशको * टुक्रा टुटीमा तब ।
यौटा नेत्र फुट्यो उसै बखतमा * ती शुक्र काना भए
त्यागी ती बलिलाइ सोहि स्थितिमा * भागेर काहीँ गए।।१८।।
त्यै बेला बलिले लिए कुश अनी * संकल्प पूरा गरी
भूमी दान लिनोस् तिनै पद भनी * भन्दा भए त्यै घरि ।
'स्वस्ति' हे बलि ! लौ भनेर प्रभुले * त्यो दान थाप्नूभयो
सानो वामन–रूप त्यै बखतमा * बिस्तार बढ्दै गयो।।१९।।
पैह्लो पाउ बढेर पृथ्वि भरियो, * दोस्रो पुग्यो स्वर्गमा
ठाऊँ शेष रहेन क्यै पनि कहीँ * भूमी र आकाशमा।
भूमी–दान मलाइ हे बलि ! दियौ * आनन्द मान्दै अति
आफ्नू त्यो प्रण पूर्ण पार अहिल्यै * शङ्का नलेऊ रती।। २०।।
छाड्छन् जो प्रण पूर्ण आफ्नु नगरी * पैह्ले प्रतिज्ञा गरी
पर्छन् ती गइ नर्कमा दुख निकै * भोग्छन् विपत्‌मा परी ।
आज्ञा वामनको सुनेर बलिले * भन्दा भए सादर
जस्को नाम जपेर जीव भवका * तर्छन् प्रभो ! ईश्वर।। २१।।
पाएँ दर्शन यो अनी नरकमा * पर्छू म कुन् पापले
धारी वामन–रूप छल्नु पनि भो * आफ्नू ठुलो शक्तिले ।

भूमी दान दिएँ प्रसन्न मनले * त्यै रूपलाई जब
सारा ढाक्नुभयो दुई चरणले * त्रैलोक्य नै केशव!।। २२।।
गर्दै छू म विराट–रूप प्रभुको * पाऊविषे वन्दन
तेस्रो यो शिरमा अड्याउनुहवस् * थाप्छू खुशी भैकन।
मैले आफ्नु कबोल त्याग्दिनँ प्रभो! * कस्तै परोस् तापनि
जे इच्छा छ हजूरको अब उही * गर्नोस् दयालू बनी।। २३।।
यस्ता बात सुनेर भक्त बलिको * उद्धारका खातिर
तेस्रो पाउ उचालि राखि शिरमा * बोल्नूभयो ईश्वर।
हुन्छौ इन्द्र तिमी र अष्टम, पछी * फिर्नेछ मन्वन्तर
ऐहले बस्नु तिमी प्रसन्न मनले * पातालमा भै स्थिर।।२४।।
इच्छाले बलिकै चतुर्भुज बनी * उन्कै ठुलो द्वारमा
पाले भैकन बस्नुहुन्छ दिनहुँ * श्री विष्णु पातालमा।
धारे दिव्य स्वरूप धर्म–पथको * रक्षार्थ दत्तात्रय
मारेथे पछि पर्शुराम–रुपले * त्रैलोक्यका क्षत्रिय।। २५।।
जन्मे राम बनेर भूप दशरथ्– * का पुत्रको रूपमा
मारे रावण आदि राक्षस सबै * एकेक संग्राममा।
जो भो कौरवको र पाण्डु–सुतको * संग्राम् कुरुक्षेत्रमा
पृथ्वीका सब वीरको मरण भो * त्यो घोर संग्राममा ।। २६।।
उन्नीसौँ र बिसौँ लिए प्रभुजिले * औतार यै पृथ्विमा
मारे कंस, अनेक राक्षसहरू * सारा गए स्वर्गमा।
हो औतार अनन्तको ध्रुव तथा * राजा हयग्रीवको
धेरै छन् अवतार वर्णन गरी * को सक्छ ती ईशको।। २७।।
बोके देह सती मरिन् शिवजिले * व्यामोह भै पीठमा
धारे कीट–पतङ्ग–रूप प्रभुले * त्यो गाल्नको निम्तिमा।

भूमीलाइ असाध्य भार भइ ती * रोएर जान्थिन् जब
मार्थे रूप अनेक धारण गरी * पापीहरू माधव।। २८।।
यौटा कार्य छ दीन–हीन जनमा * बाँड्नू सकेको धन
लीनू नै छ भने नबिर्स लिन त्यो * श्रीनाम–रूपी धन।
जस्ले यो अवतार वर्णन सधैँ * सुन्नेछ वा भन्दछ
भोगी भोग यहाँ, पुगेपछि उहाँ * आनन्द त्यै भोग्दछ।। २९।।

श्रीकृष्णावतारको वर्णन– (९)

थाले भन्न बुझाइ सूत मुनिले * श्री कृष्णजीको कथा
ज्ञानी शौनक हो ! सुनीरहु तिमी * हर्नेछ मन्को व्यथा।
पापी भूपहरू बढेर बहुतै * लाग्दा अनीती तिर
भाराक्रान्त धरा भइन् थरि–थरी * फैलेर चारैतिर।। १।।
पापी भूपहरू बढे, सुरहरू * साह्रै नराम्रो गरी
मैले थाम्न सकीनँ भार म यहाँ * आएँ विपत्ती परी।
पृथ्वीको विनती सुनी सुरहरू * सन्तपमा गाड़िए
गोरूपी पृथिवी लिएर सँगमा * ब्रह्माकहाँ ती गए।। २।।
ब्रह्माले पनि भूमिको दुःख सबै * जाने–बुझेथे जब
भूमीका सँग देवता सब लिई * खोज्दै पुगे माधव।
जोरी हात समुद्रको तटविषे * एकाग्र परी मन
साराले स्तुति प्रार्थना गरि भने * गोविन्द नारायण।। ३।।
हज्जारौँ शिर बाहु वा कर हुने * त्रैलोक्य-स्वामी विभो!
जान्दैनन् महिमा यती छ यसरी * यस्तो भनी हे प्रभो !
यस्तो अद्भुत विश्वरूप प्रभुको * नै, गर्दछौँ चिन्तन
रक्षा गर्नुहवस्, पर्‍यौँ विपदमा * हामी मधूसुदन!।। ४।।

भन्नूपर्दछ के, स्वयम् हजुर छौ * ज्ञाता सबै हे हरि!
भूको भार उतार्न तत्पर हुनोस् * जे गर्नुपर्ने गरी।
आई दर्शन बक्सियो प्रभुजिले * तिन्को सुनी प्रार्थना
आज्ञा भो परतन्त्र छू म भवमा * क्यै छैन लौ भावना।। ५।।
ब्रह्मा, शङ्कर, अग्नि, इन्द्र, यम वा * प्राणीहरू छन् जति
कोही छैन स्वतन्त्र विश्वभरिमा * मैले बताऊँ कति।
आद्याशक्ति भवानिकै खटनमा * हामीहरू चल्दछौँ
जे भन्छिन् जननी, जहाँ जति कुरा * स्वीकार त्यो गर्दछौँ।। ६।।
आफ्नू शक्ति भए स्वतन्त्र म वृथा * सन्ताप भोग्थें किन?
माछा कच्छप—रूप आफ्नु खुशिले * गर्थें म के धारण?
हुन्थें वामन वा नृसिंह किन त्यो * वाराह बन्थें, भन?
जन्मी राम बनी वनैवन डुली * त्यो राज्य त्याग्थेंकिन।। ७।।
सीता रावणले हरेर वनमा * हुन्थें वियोगी किन
भालू वानर साथमा लिइ ठुलो * संग्राम गर्थें किन?
बाँधिन्थें किन त्यो विशाल विधिको * त्यो नागको पाशमा
छैनौँ हामि स्वतन्त्र, छौँ खटनमा * श्री शक्तिकै हातमा।। ८।।
हामीले अब शक्तिकै गरुँ मिली * सानन्द आराधना
आई दर्शन बक्सियो यदि भने * पुग्ला छिटै कामना।
आज्ञाले प्रभुको सबै सुर तथा * ब्रह्मादि न्यूरीकन
आद्याशक्ति भवानिलाइ मनले * थाले सबै सम्झन।। ९।।
ठूलो हर्ष भयो, मिल्यो जब त्यहीँ * ती शक्तिको दर्शन
लागेथे स्तुति गर्न शुद्ध मनले * देवादि न्यूरीकन।
लोकालोक तथा चराचर सबै * जञ्जाल फैलाइ यो
गर्ने नित्य विहार योग गतिले * तिम्रो स्वरूप् भव्य हो।। १०।।

तिम्रै उत्तम शक्तिले प्रकट भै * चल्दो छ ब्रह्माण्ड यो
यस्को पालनमा समर्थ पनि छौ * जानिन्छ प्रत्यक्ष यो।
सोही कारणले विपत्ति बलियो * आईपरेको छ जो
त्यस्को गर्नुपर्‍यो निवारण छिटै * सक्तैन क्वै गर्न यो।। ११ ।।

तिमी सच्चित्–रूपा अगम–निगमा विश्व–जननी
सबै आई तिम्रा शरण–बिच छौँ दुःखित बनी।
शिवे ! न्यूरेका छौँ चरण–तलमा आइ अहिले
दया पाऊँ दुर्गे ! विपति सब टारेर पहिले ।। १२ ।।

पापी भूप बढी भएर भवमा * अन्याय बढ्दै गयो
भारी थाम्न कठिन् परेर पृथिवी * रुन्छिन् विपत्ती छ यो।
तिन्को दर्प गराइ चूर्ण, बलको * शेखी गराई क्षय
रक्षा गर्नुपर्‍यो दुखी पृथिविको, * भन्छौँ हजुर्को जय।। १३ ।।
ब्रह्मा शम्भु सुरेन्द्रको पनि गती * पुग्दैन यो काममा
तिम्रो शक्ति–विना ठुलो हुन स्वयम् * सक्तैन क्वै लोकमा।
तिम्रै प्राप्त गरी हुकूम् खटनमा * बन्छन् ठुला ईश्वर
हे देवी ! अब भूमिका दुखहरू * आई छिटै नै हर।। १४ ।।
यस्तो ती सब देवको स्तुति सुनी * सन्तोष मानीकन
लागिन् भन्न स्वयम् त्रिलोक–जननी * तिन्को बुझाई मन।
हे द्यौताहरु हो ! बताउ क्रमले * सन्ताप, के कष्ट छ?
त्यस्को गर्छु स्वयम् निवारण छिटै * जो चित्तमा ताप छ ।। १५ ।।

श्री शक्तिको हुकुम त्यो सुनि देवताले
न्यूराइ माथ दुख बिन्ति गरे सबैले।
आएकि छिन् भुमि इ कष्ट परेर भारी
रक्षा गरेर दिनुहोस् सब कष्ट टारी ।। १६ ।।

उल्टो छ आचरण जो नृपको अहीले
संहार ती सकलको हुनुपर्छ पैह्ले ।
मार्नूभयो जसरि दानव दैत्य पैह्ले
ती शुम्भ माहिष सखाप भए क्रमैले ।।१७।।
त्यस्तै अनार्य नृपतीकन छानि छानी
गर्नूहवस् भगवती ! सब दुष्ट जानी ।
एकेक दुष्ट नृपवर्ग समाप्त पारी
शान्ती दिनोस् पृथिविको सब भार टारी ।।१८।।

देवीले सुनि प्रार्थना सकलको * अत्यन्त हर्षित् भई
शक्तीले सुरको सुआदर गरी * बोलिन् सुरक्षा दिई ।
जन्मून् कश्यप औ अदीति, वसुदेव् * ती देवकी–रूपमा
उन्कै पुत्र बनेर विष्णु रहनन् * श्रीकृष्णको रूपमा।।१९।।
मैले जन्म लिनेछु गोकुल पुगी * माता यशोदाकहाँ
मेरो नाम हुनेछ त्यो बखतमा * श्री योगमाया उहाँ ।
गर्छू दानव दैत्य दुष्ट नृपको * संहार सोही घरि
हर्नेछू सब भार यी पृथिविको * रक्षा गरी राम्ररी।।२०।।
द्यौताले यदुको विशिष्ट कुलमा * औतार लेऊन् अब
जाऊन् भूमि पनी फिरेर घरमा * सन्ताप टर्ला सब ।
अन्तर्धान भइन् त्रिलोक जननी * शिक्षा दिई यो जब
साह्रै खूशि भए सुनी यति कुरा * योगी र ज्ञानी सब।।२१।।
लागे सूत बुझाइ भन्न नृपते ! * कस्को मिली अंश को
जन्मेथे अघि भूमिमा सुरहरू * संक्षेपमै भन्छु त्यो ।
सुन्दामा पनि पाप ताप मनको * जानेछ, जानीलिए
कश्यप् औ अदिती भएर वसुदेव् * ती देवकी जन्मिए।।२२।।

योद्धा उत्तम विप्रचित्त कहिने * कोही प्रतापी थियो
केही कालपछी जरासुत भई * त्यै पृथ्विमा जन्मियो ।
योद्धा जो पहिले हिरण्यकशिपू * निक्कै प्रतापी थियो
राजा ती शिशुपाल भैकन उही * संसारमा जन्मियो।। २३।।

प्रह्लादको अनुज वीर मरेर आई
संह्लाद शल्य नृप भो नर—जन्म पाई ।
जुन् वीर हो अहर वाह्लिक भै प्रसिद्ध
त्यो काशिराज हुनगो मरि दीर्घ जीव ।। २४।।

त्यो कालनेमि मरि केशि भएर जन्म्यो
त्यो कान्तिमान मरि देवक रूप पायो ।
जन्मे निकै असुर भूप बनेर धेर
त्यस्को सकिन्न गरि वर्णन बेर—बेर ।। २५।।

जन्मे अंश मिली बृहस्पतिजिको * छोरा भरद्वाजका
द्रोणाचार्य भए प्रसिद्ध गुरुजी * ज्ञाता थिए शास्त्रका ।
काम, क्रोध र रुद्र औ यम यिनै * हुन् चार देवांशका
छोरा द्रोण—कुमार हुन् विर ति अश्वत्— * थामा भनी नामका।। २६।।

पाई श्राप वसिष्ठको वसुहरू * ती आठ पैदा भए
गङ्गा—शन्तनु—पुत्र भीष्म भवमा * प्रख्यात धेरै थिए ।
कान्छा भीष्म भए ति अष्टवसुमा * तिन्कै कृपाले सब
ठान्थे निर्भय पाण्डुपुत्रसँग नै * एकेक ती कौरव।। २७।।

जन्मे अंश लिएर रुद्रहरुको * आचार्य ज्ञानी कृप
तिन्को तेज प्रताप देखि सबले * सम्मान गर्थे खुप ।
राजा हंस अरिष्टको सुत थिए * गन्धर्व—वंशी जुन
आए ती धृतराष्ट्र भूपति भई * आँखा—बिना जन्मन।। २८।।

उन्कै पाण्डव–वंशका अधिपती * जो पाण्डु राजा थिए
पाई सूर्य र धर्म–अंश उनि नै * ज्ञानी विदुर् जन्मिए।
ती दुर्योधन अंश हुन् असुरकै * भाई थिए जो सब
गर्ने नित्य अनीति घोर मतिका * सारा थिए कौरव॥ २९॥
हुन् धर्मांश ठुला युधिष्ठिर गुणी, * इन्द्रांश हुन् अर्जुन
माद्रीका दुइ पुत्र अश्विनिकुमार्– * को अंश हुन् सज्जन।
वायूका बुझ अंश भीम बलवान् * यी पाँच भाई थिए
छोरा ती अभिमन्यु अर्जुनजिका * त्यै युद्धमा मारिए॥ ३०॥
जन्मेथे अघि सूत–पुत्र कहिने * श्री कर्ण सूर्यांश जुन्
जन्मेका मिलि अंश सिद्धि धृतिको * कुन्ती तथा माद्रि हुन्।
दाजू भाइ बनेर कृष्ण बलराम् * संसारमा जन्मिए
लक्ष्मीकै बुझि अंश रुक्मिणि हरि * श्री कृष्णजीले लिए॥ ३१॥
रानी सोह्र हजार एक सय जो * श्री कृष्णजीका थिए
पारी शून्य समस्त स्वर्गपुरि नै * ती अप्सरा जन्मिए।
श्री प्रद्युम्न सनत्कुमार मुनि वा * राजा द्रुपद् जो थिए
ती तीनै जन अंश हुन् वरुणका * यै पृथ्विमा जन्मिए॥ ३२॥
विश्वेदेवजिका ति अंश बुझिल्यौ * ती द्रौपदीका सुत
धृष्टद्युम्न र द्रौपदी वसुजिका * हुन् अंश, गर्ने हित।
द्यौताबाट समस्त हुन् सुरहरू, * हुन् राक्षसी दानव
जन्मे कृष्ण जहाँ र जुन् किसिमले * भन्छू म सारा अब॥ ३३॥
पैह्ले जुन् मधु दैत्यको लवण नाम् * छोरो भएको थियो
गाई, विप्र समाति कष्ट दिन त्यो * प्रख्यात बन्दै गयो।
त्यस्को मृत्यु भयो र दिग्विजयमा * शत्रुघ्नद्वारा अनि
छोरालाइ दिएर त्यो मधुपुरी * फर्के अयोध्या उनी॥ ३४॥

जन्मेथे पछि शूरसेन कहिने * त्यै वंशमा भूपति
तिन्कै हुन् वसुदेव पुत्र भवमा * ज्ञानी प्रतापी अति ।
पर्दामा पछि दैत्य–वीर्य छलले * रानी भइन् गर्भिणी
छोरो कंस भएर जन्मन गयो * साह्रै थियो बेगुनी।। ३५।।
भाई देवककी थिइन् गुणवती * कन्या सती देवकी
तिन्को भो वसुदेवका सँग बिहे * अन्भाउँदामा पछि ।
बैनी ज्वाइँ पुर्‍याउँछु भनि स्वयम् * त्यो कंस आफै गयो
केही दूर पुग्यो र स्पष्ट सुनिने * आकाशवाणी भयो।। ३६।।
यिन्कै अष्टम गर्भबाट सहजै * हे कंस ! मर्छौ सुन
बैनी काट्न भयो तयार, यि मरे * जन्मन्छ छोरो कुन ?
धेरै वृद्ध सुपात्र व्यक्तिहरुले * रोके बुझाए, तर
के मान्थ्यो शठले विचार नगरी * मार्नै भयो तत्पर।। ३७।।
देखी उग्र स्वरूप कंस खलको * निक्कै डराए जब
सम्झाए वसुदेवले अघि सरी * युक्ती विचारी तब ।
जो उत्साह थियो गयो सगरमा * सारा मनोरथ् उड्यो
स्त्री–घाती नबनेर मार तिमिले * मैलाइ बिन्ती छ यो।। ३८।।
जन्मन्छन् जति पुत्र यी–तिर सबै * गर्छू म लौ हाजिर
मेरो यो प्रण हो, कुनै हजुरले * पर्दैन मान्नू डर ।
सम्झाए वसुदेवले अरु पनी * नीती बुझाई जब
फर्क्यो कंस भई सशङ्क मनमा * त्यागेर ताहीँ सब।। ३९।।
बाँच्यो प्राण भनी बसे दुइ त्यहीँ * गर्दै ठुलो चिन्तन
ल्याएथे वसुदेवले घर पछी * पत्नी दुखी भैकन ।
जन्म्यो बालक एक क्यै समयमा * ती देवकीको जब
पत्नीलाइ भने बुझाइ उनिले * आफ्नू इरादा तब।। ४०।।

हाम्रो त्यो प्रण वा कबोल अधिको * सम्झेर हे भामिनी !
छोरो दिन्छु लगेर कंसकन यो * कर्तव्य आफ्नू भनी ।
भोग्नैपर्दछ कर्मका फल जती * जीवादिले हे सती !
चिन्ता व्यर्थ नमान आफ्नु मनमा * यो दैवको हो स्थिति ।। ४१ ।।
लागिन् भन्न उनी बुझाइ सबमा * हो कर्म ठूलो, तर
मान्नै हुन्न कदापि विज्ञ जनले * त्यो कर्मको नै भर ।
टर्छन् उद्यमले उपाधि अथवा * आपत्ति नाना थरी
प्रायश्चित्त पनी अनेक थरि छन् * गर्दा ति जान्छन् टरी ।। ४२ ।।
रक्षा हुन्छ असत्य भाषण गरी * त्यस्तो हुँदा निश्चय
बोले पाप हुँदैन, हुन्छ न त क्यै * धर्मादिको नै क्षय ।
हे राजन् ! वसुदेवले जब सुने * सद्धर्मको तर्क यो
पत्नीलाइ भने—भन्यौ जति कुरा * सम्पूर्ण त्यो सत्य हो ।। ४३ ।।
ठूलो आइपरे विपत्ति अनि क्यै * उद्योग लाग्छन् सब
ऐहले त्यो स्थिति छैन, गर्दछु पछी * त्यो आइपर्ला जब ।
अर्को पाप असत्यको सरि कुनै * मानिन्न त्यै कारण
भोग्छन् कष्ट, अशान्ति हुन्छ मनमा, * हुन्नन् सुखी ती जन ।। ४४ ।।
उन्को चित्त बुझ्यो सुनी सब कुरा * ती देवकीको जब
इच्छा—माफिक गर्नुहोस् यति भनी * छोरो बुझाइन् तब ।
छोरोलाइ लगेर कंस - नजिकै * राखीदिएथे जब
देखी बालक कंस हर्षित भई * हाँसेर बोल्यो तब ।। ४५ ।।
लैजाऊ शिशु यो र छैन भय क्यै * आठौँ दिनू लौ भनी
फर्केथे वसुदेव बालक लिई * सन्तोष मान्दै अनि ।
वीणा हातमहाँ लिएर मुखले * भन्दै ति नारायण
आए नारद, कंसले उठि गयो * सत्कार औ पूजन ।। ४६ ।।

सम्झाए मुनिले दुवै किसिमले * जो आठ धर्का गरी
आठौँ यै हुन सक्छ लौ गन स्वयम् * उल्टो गरी राम्ररी ।
उल्टो बुद्धि गरेर त्यो शिशु वृथा * फिर्ता दिएका किन?
गर्छन् जाल अनेक देवगणले * पर्ला विपत्ती, सुन ।। ४७ ।।
आफ्नू स्वार्थ विचार कंस ! मनमा * कर्तव्य सम्झीकन
ऐल्हे जान्छु भनेर नारद हिडे * त्यस्को बिगारी मन ।
उस्ले तर्क सुनेर विज्ञ मुनिको * विश्वास भो तैपनि
निक्कै बेर गऱ्यो विचार मनमा * पापिष्ठले लौ भनी ।। ४८ ।।
ल्याओ शीघ्र गएर बालक भनी * उस्ले झिकाईलियो
ढुङ्गामाथि पछारि शीघ्र खलले * त्यो बाल मारीदियो ।
मारेथ्यो क्रमले छः पुत्र खलले * श्री देवकीका जब
ब्रह्माको अघिको सराप सहजै * पूरा भएथ्यो तब ।। ४९ ।।
उस्काए शिशु मार्नलाइ, तर ती * निर्दोष, निष्पाप छन्
सोची मङ्गल लोकको र सुरको * त्रैलोक्यमा डुल्दछन् ।
जुन् हो कारण मुख्य मर्नु शिशुती * एकेक भन्छू सुन
ऊर्जाबाट थिए मरीचि ऋषिका * छोरा छःओटा जुन ।। ५० ।।
देखी रूपवती र यौवनवती * अफ्नी सुपुत्रीकन
ब्रह्मा कामुक झैँ भएर दगुरे * उन्लाइ नै पक्रन ।
हाँसे पुत्रहरू मरीचि ऋषिका * देखेर चाला जब
माने लाज र श्राप उग्र विधिले * यस्तो दिएथे तब ।। ५१ ।।
मेरो जुन् उपहास यो गरिलियौ * आफैँ मपाईँ बनी
होला जन्म छिटै ति दैत्य—कुलमा * पापी अधर्मी भनी ।
छोरो भैकन कालनेमि विरको * त्यै श्रापले जन्मिए
धेरै वर्षपछी उनै कशिपुका * छोरा भएका थिए ।। ५२ ।।

तिन्लाई अधिको शराप मनमा * पूरा थियो सम्झना
सोही कारणले थियो हृदयमा * उद्धारको कामना ।
तिन्ले त्यो जुनिमा गरे तप ठुलो * ब्रह्माजिको सादर
हुन्छौ मुक्त छिटै भनीकन दिए * माँग्दै नमाँगी वर ।। ५३ ।।
जानेथ्यो वरको कुरा कशिपुले * ती पुत्रको त्यो जब
उल्टो कार्य गर्‍यो, मलाइ नभनी * श्रापै दिएथ्यो तब ।
लिन्छौ जन्म जहाँ तिमी सब उहीँ * त्यो कालनेमी गई
मार्ला बालकमै यथाक्रम सबै— * लाई बनी निर्दयी ।। ५४ ।।
ऐह्ले कंस भएर जन्मन गयो * त्यै कालनेमी मरी
त्यस्तो श्राप थियो र मारिन गए * ती जन्मदाकै घरि ।
ब्रह्माको वरले तिनै सब शिशू * नक्षत्रको रूपमा
त्यागी देह गए नवीन तनले * बस्छन् ति आकाशमा ।। ५५ ।।
मारेथ्यो खलले छः पुत्र त्यसरी * ती देवकीका जब
सातौँमा सहसा बसे उदरमा * श्री शेष आफैँ तब ।
मान्छन्, नाश हुँदैन ती सकलको * कल्पान्त हूँदा पनि
यस्को छैन कहीँ प्रमाण बलियो * साँचो यही हो भनी ।। ५६ ।।

आई बसे जब स्वयम् भगवान शेष
खैँचेर योग—बलले लगि त्यो विशेष ।
राखीदिइन् उदरमा जब देवकीको
बढ्दै गयो दिन—दिनै अति तेज उन्को ।। ५७ ।।

प्रख्यात् श्री बलरामको हुन गयो * त्यो नाम सङ्कर्षण
सातौँ गर्भ तुह्यो भनी खुशि भयो * त्यो कंस भै दुर्जन ।
आठौँ देवकिको बसे उदरमा * श्री विष्णु नारायण
गर्नूभो भुमि—भार हर्दछु भनी * यो रूप नै धारण ।। ५८ ।।

त्यै वेलातिर गर्भिणी हुन पुगिन् * माता यशोदा पनि
शक्ती रूपवती बसिन् उदरमा * भू—भार हर्छू भनी ।
जन्मेथे बलराम रोहिणिजिका * छोरा भई सुन्दर
बस्थिन् ती ब्रजमै लुकेर, मनमा * भै कंसको नै डर।। ५९।।
आठौँ गर्भ रह्यो भनी जब सुन्यो * पापिष्ठ क्यै आत्तियो
मेरो मृत्यु अवश्य हुन्छ कि भनी * सन्तापमा गाडियो ।
देख्थ्यो देवकिलाइ नित्य खलले * अत्यन्त तेजस्विनी
गर्थ्यो नित्य विचार चिन्तित भई * राजा थियो तापनि।। ६०।।
कारागार—विषे अनेक पहरा * थप्दै गएथ्यो अनि
जान्थ्यो हेर्न भनेर देवकिकहाँ * नित्यै सशङ्कित् बनी ।
मेरै मृत्यु छ यो भनी घरि—घरी * शङ्का हुँदा बेसरी
गर्थ्यो चिन्तन मृत्युकै हृदयमा * चिन्ता नराम्रो परी।। ६१।।
आधारात्रि छ अष्टमी बुध तथा * नक्षत्र त्यो रोहिणी
सारा स्वच्छ भए दिशा र विदिशा * मौका छ राम्रो भनी ।
पाइन् कृष्ण सुपुत्र देवकिजिले * त्यै झ्यालखानामहाँ
त्यो बेला वसुदेवलाइ भय भो * पापिष्ठको नै त्यहाँ।। ६२।।
मार्ला की खलले भनी हृदयमा * शङ्का र चिन्ता बढ्यो
पाए सुन्न त्यहीँ सफा स्वर मिठो * आकाशवाणी भयो ।
जाऊ झट्ट लिएर गोकुल शिशू * शंका नमानी अब
छन् पाले पहरा ति लट्ठ अहिले * ढोका खुला छन् सब।। ६३।।
राख्नू नन्दकहाँ पुगेर शिशु यो * छन् एक कन्या उहाँ
ल्याऊ बोकि तिमी विलम्ब नगरी * राख्नू खुशीले यहाँ ।
बोके बालकलाइ शीघ्र तिनिले * आकाशवाणी सुनी
निस्के द्वार खुला थिए र पहरा * देखिन्नथे क्वै पनि।। ६४।।